# मानव बेचबिखन तथा ओसारपसारका आयाम

## (सञ्चार अध्ययन विश्लेषण)

(सञ्चारमाध्यमको पाँच वर्षे तुलनात्मक अध्ययन र विश्लेषण)

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

# नेपालमा मानव बेचबिखन तथा ओसारपसार

## (सञ्चारमाध्यमको पाँच वर्षे तुलनात्मक अध्ययन र विश्लेषण)

(वि.सं. २०७४ देखि २०७८ सम्म)

महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)

बबरमहल, काठमाडौं, नेपाल

# नेपालमा मानव बेचबिखन तथा ओसारपसार

## (सञ्चारमाध्यमको पाँच वर्षे तुलनात्मक अध्ययन र विश्लेषण)


**प्रतिवेदन लेखन**

विजय पौडेल, वरिष्ठ पत्रकार

**प्रकाशन समिति**

हिरा दाहाल
विमला ज्ञावली
सोम राई
अनिल अधिकारी
बेनु माया गुरूङ

**संयोजन सहयोगी**

करूणा महर्जन
अजिता पौडेल



**प्रकाशक**

महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह (एटविन)
बबरमहल, काठमाडौं, नेपाल
पो.ब.नं. : २४९६०, फोन नं. ०१-५३२९७८७, ५३२०४७८
इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np
Facebook Page : www.facebook.com/nepal.aatwin

**प्रकाशन १,००० प्रति**

**प्रकाशन सहयोगी**

Women's Fund Asia

**प्रकाशन मिति :** २०८१ मंसिर

ISBN : 9789937-1829-8-0



**सर्वाधिकार** © प्रकाशकमा

# प्रकाशकीय

मानव बेचबिखन नेपालको एउटा गम्भीर समस्याको रुपमा रहेको छ । मानव बेचबिखनको प्रवृत्ति र तरिकामा व्यापक परिवर्तन हुँदै आएको छ । मानव बेचबिखन अब यौनशोषणसंग मात्र सिमित नभई श्रम शोषण लगायत अन्य प्रकारको शोषणको लागि पनि हुने गरेको छ । यसको अन्त्यकालागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय लागि रहेता पनि यसको न्यूनीकरणमा संचार क्षेत्रको महत्वपूर्ण भुमिका हुन्छ । यसै कारण एटविनले सन् २००४ देखि निरन्तर रुपमा संचार विशेष गरि छापामा आउने मानव बेचबिखन तथा ओसारपसारका विषयवस्तुको अनुगमन गर्दै र यसको दस्तावेजीकरण गर्दै आएको छ । साथै यसको विश्लेषण वार्षिक तथा पंचवर्षिय विश्लेषण गरि विभिन्न सरोकारवालामाझ प्रस्तुत पनि गर्दै आएको छ । यस पुस्तकमा विगत पाँचवर्षको अवधिका छापा तथा अनलाइनमा (वि.सं २०७४-२०७८) मानव बेचबिखनका के-कस्ता घटनाहरु सञ्चार माध्यममा आए, तीनले के-कति प्राथमिकता पाए भन्ने विषयको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यस विश्लेषणबाट आएका तथ्य तथा सुझावहरूले संचारक्षेत्र लगायत विभिन्न सरोकारवालालाई मानव बेचबिखन न्यूनीकरणकालागि सहयोगी हुन् सक्ने उद्देश्यका साथ एटविनले 'नेपालमा मानव बेचबिखन तथा ओसारपसार' (सञ्चार अध्ययनमाध्यमको पाँच वर्षे तुलनात्मक अध्ययन र विश्लेषण)' विषयक पुस्तक प्रकाशनमा ल्याएको छौं ।

साथै संचार क्षेत्रमा मानव बेचबिखनबिखन सम्बन्धी थप प्रभावकारी तथा अनुसन्धानात्मक विषयवस्तुको कभरेजमा वृद्धि हुने अपेक्षा लिएका छौं । यो पुस्तक तयार गर्न एटविनका प्रकाशन समितिका सदस्यहरूले आफ्ना अमूल्य सुझावहरू दिई योगदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । विश्लेषण प्रतिवेदन तयार गर्नु हुने संचारकर्मी विजय पौडेल प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी पुस्तकलाई सम्पादन गर्नु भएकोमा सोम राईलाई धन्यवाद दिन चाहन्छु । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङको मार्ग निर्देशन, कार्यक्रम अधिकृत करुणा महर्जन र स्रोत तथा सुचना केन्द्र अधिकृत अर्जिता पौडेललाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

तारा भण्डारी
अध्यक्ष, एटविन

# विषयसूची


**परिचय (Introduction)** ७

१.१ पृष्ठभूमि (Background) ७

१.२ अध्ययनको उद्देश्य (Objective of Research) ८

१.३ अध्ययन विधि (Methodology of Research) ८

१.४ अध्ययनको सीमितता (Limitation of the Study) १०

**पाँच वर्षको तथ्याङ्क विश्लेषण (Five Years Data Analysis)** ११

२.१ समाचारको सङ्ख्या (Number of News) ११

२.२ रोकथाम, संरक्षण, अभियोजन र साझेदारी (4Ps) का आधारमा समाचारको विश्लेषण १३

२.३ समाचार लेखिएको/घटना भएको स्थान (Dateline/Place of the Incident) १४

२.४ प्रभावितको जातियता (Survivors' Ethnicity) १८

२.५ प्रभावितको लिङ्ग (Survivors' Gender) २०

२.६ प्रभावितको उमेर (Survivors' Age) २१

२.७ प्रभावितको स्थायी बसोबास (Survivors' Place of Origin) २३

२.८ ओसारपसार/बेचबिखनकर्ता अर्थात् पीडकको प्रकार (Types of Trafficker) २८

२.९ मानव बेचबिखन तथा ओसारपसारको प्रकार (Types of Trafficking) ३१

२.१० मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य (Objectives of Trafficking) ३३

२.११ मानव बेचबिखन तथा ओसारपसारका कारणहरू (Reasons of Trafficking) ३४

२.१२ पत्रकार आचारसंहिताको पालना (Journalist Code of Conduct) ३७

२.१३ समाचारको प्रकार (Types of News) ३९

२.१४ समाचारको प्राथमिकता (Priority of News) ४१

२.१५ समाचार रिर्पोटिङ (Coverage of News) ४२

२.१५ रिर्पोटिङ भएको समय (Reporting Time) ४३

२.१६ वैदेशिक रोजगार र असुरक्षित स्थानागमन (Foreign Employment and Unsafe Migration) ४५

**पाँच वर्षको अध्ययनको निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation of Five Year Analysis)** ४९

३.१ वैदेशिक रोजगार र उच्च शिक्षाको आडमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी ५१

| | | |
|---|---|---|
| ३.२ | मानव तस्करी | ५४ |
| ३.३ | मानव बेचबिखन तथा ओसारपसार (आन्तरिक एवं वाह्य) परिवारकै संलग्नता, राजनीतिको आडमा अपराध वा राजनीतिक नेतृत्वको अभियुक्तसँग मिलेमतो | ५७ |
| ३.४ | मानव अङ्ग ओसारपसार तथा बेचबिखन र तस्करी | ६० |
| ३.५ | राज्य संयन्त्र, सरकारी पदाधिकारी, दूतावास तथा अध्यागमन पदाधिकारीको अभियुक्तहरूसँग मिलेमतो | ६० |
| ३.६ | बाल मन्दिर, बालसुधार गृहका नाममा बेचबिखन र तस्करी, बालबालिका किनबेच, नक्कली आमा, धर्म सन्तानका नाममा तस्करी, अवैध बालगृह | ६२ |
| ३.७ | मानव बेचबिखन र मानव तस्करी विरुद्ध राज्यको पहल, सक्रिय प्रहरी प्रशासन र न्यायलय तथा दण्ड सजाय | ६४ |
| ३.८ | मानव बेचबिखन र मानव तस्करी विरुद्धका चुनौतीहरू | ६६ |
| ३.९ | नेपाल स्रोत, ट्रान्जिट र गन्तव्य मुलुक | ६८ |
| ३.१० | छायाँ महामारी, कोभिड-१९, विपद् र मानव बेचबिखन तथा तस्करीको जोखिम | ६९ |
| ३.११ | राज्यका सकारात्मक कदमहरू (पार्लेमो प्रोटोकल तथा विभिन्न सम्झौता लगायत) | ७० |
| ३.१२ | मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका विविध स्वरुप | ७१ |
| ३.१२ | मानव बेचबिखन र मानव तस्करीविरुद्ध नागरिक समाज संस्था र निजी क्षेत्रको पहल आवश्यक | ७१ |
| ३.१३ | मानव बेचबिखन र मानव तस्करीविरुद्ध सञ्चार माध्यमको गम्भिरता | ७३ |

**सुझावहरू (Recommendations)** ७४

| | | |
|---|---|---|
| ४.१ | संघीय सरकार तथा व्यवस्थापिका, प्रदेश सरकार तथा व्यवस्थापिका र स्थानीय सरकार तथा न्यायपालिका | ७४ |
| ४.२ | राजनीतिक नेतृत्व तथा पदाधिकारी | ८२ |
| ४.३ | प्राकृतिक प्रकोप, विपद् वा महामारीमा विशेष संवेदनशीलता | ८३ |
| ४.४ | पीडित/प्रभावित एवं समाज तथा समुदाय | ८५ |
| ४.५ | नागरिक समाज संस्था/गैरसरकारी संस्था र निजी क्षेत्र | ८६ |
| ४.६ | सञ्चार माध्यम, प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघ | ८७ |
| ४.७ | अध्ययनको दायरा बढाउनुपर्ने | ८८ |

**प्रतिवेदन प्रस्तुति, छलफल र सञ्चारकर्मीसँग संवाद (Feedback Received from Media Persons)** ९०

**संचारमा एटविन** ९१

**समाचारमा मानव बेचबिखन** ९२

# परिचय
# (Introduction)

## १.१ पृष्ठभूमि (Background)

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) मानव बेचबिखन, असुरक्षित स्थानागमन तथा मानव तस्करीविरुद्ध र मानवअधिकारको संरक्षणमा काम गर्ने संस्थाहरूको सञ्जालका रूपमा ई.सं. १९९७ जुन ६ मा स्थापना भएको हो । विगत २७ वर्षदेखि यस क्षेत्रमा लगातार काम गर्दै आइरहेको एटविन संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात् संघीय संरचनाअनुसार स्थानीय, प्रदेश र संघीय सरकारसँग सहकार्य गर्दै आफ्नो उद्देश्य प्राप्तिका लागि वडा एवं टोल स्तरसम्म पुगेर नागरिकसँग सँगसँगै काम गर्न सक्रिय छ । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध तथा सुरक्षित आप्रवासनका लागि कानुन एवं नीति तथा रणनीति निर्माणमा राज्यका तीनै तहका सरकार तथा विभिन्न निकायहरूसँग सहकार्य गर्दै अगाडि बढिरहेको एटविनले राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संघसंस्था, सञ्चार माध्यम, नागरिक समाज लगायतसँगको सहकार्यमा विभिन्न परियोजना मार्फत काम गरिरहेको छ । एटविनको लगातारको पहल र परिश्रमको फलस्वरुप सामाजिक चेतनादेखि नीति निर्माण र कानुन कार्यान्वयनको तहसम्म सफल परिणामहरू पनि देखिएका छन् । तर पनि मानवबेचबिखन तथा ओसारपसार, मानव अङ्ग बेचबिखन तथा असुरक्षित आप्रवासनले मानव तस्करीको रूप लिदै गएको छ र यो विश्वमा तेस्रो दर्जाको अपराधको रूपमा परिचित छ । यसबाट नेपाली समाज पनि अछुतो रहन नसक्ने हुनाले अहिले पनि नेपाली समाजमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका अपराधहरू भइनै रहेका छन् । यही कुरालाई मनन् गर्दै एटविन यस मुद्दामा दत्तचित्त भएर लागेको छ । महिला तथा बालबालिकाको अधिकार रक्षाका लागि विभिन्न मुद्दामा काम गरिहेको एटविनले आफूले गरेका काम, यससम्बन्धी विषयमा भएका अध्ययन अनुसन्धानसहित मानव तस्करी, असुरक्षित स्थानागमन, वैदेशिक रोजगारका क्रममा बेचबिखन तथा शोषण लगायतका विषयमा भइरहेका कामहरूको अभिलेखीकरण र तथ्याङ्क निर्माणलाई मुख्य कामका रूपमा अगाडि बढाइरहेको छ ।

यसै क्रममा विभिन्न सञ्चार माध्यममा प्रकाशन, प्रशारण हुने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलगायत विषयका समाचार तथा समाचारमूलक सामग्रीहरू सङ्कलन गरी यसको तथ्याङ्क विश्लेषण गर्ने कार्य पनि एटविनले गर्दै आएको छ । यसमा देशका राष्ट्रिय स्तरका पत्रपत्रिका तथा अनलाइन समाचार पोर्टलहरू समेटिएका छन् । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका अपराध न्यूनीकरण गर्न र अपराधीलाई दण्ड तथा प्रभावितलाई न्याय दिलाउनका लागि सञ्चार माध्यमले निकै ठुलो भूमिका खेलिरहेको हुन्छ । यसकारण एटविनले सञ्चार माध्यममा प्रकाशित समाचारहरूलाई विभिन्न सूचकहरूका आधारमा अध्ययन तथा विश्लेषण गर्दै आएको छ । औपचारिक रूपमा २०६९ सालबाट सुरु भएको यो अध्ययनको पहिलो चरण २०७३ सालमा पूरा गरी पाँच वर्ष (२०६९-२०७३) को तुलनात्मक अध्ययन प्रतिवेदन एटविनले प्रकाशित गरिसकेको छ । दोस्रो चरण अन्तरगत वि.सं. २०७४ सालदेखि २०७८ सालसम्मको वार्षिक सञ्चार अध्ययन विश्लेषण सम्पन्न भइसकेको छ । यस क्रममा २०७४/०७५/०७६ र ०७८ को अध्ययन नियमित सूचक अन्तरगत गरिएको थियो भने २०७७ साललाई दुई भागमा विभाजन गरेर २०७६ चैत्र १५ गतेदेखि मङ्सिर १५ गतेसम्मको समयावधिमा कोभिड-१९ को महामारीलाई ध्यानमा राख्दै, अध्ययन "कोभिड-१९ र सञ्चार माध्यम (छापा र अनलाइन)मा प्रकाशित लैङ्गिक हिंसासम्बन्धी सञ्चार सामग्रीको" विश्लेषणमा केन्द्रित थियो भने २०७७ साल मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्मको समयावधिलाई फेरि नियमित सूचक अन्तरगत अध्ययन गरी दुईवटा प्रतिवेदन तयार पारिएको थियो । हरेक वर्षको वार्षिक प्रतिवेदन तयार भइसकेपछि दोस्रो चरण (वि.सं. २०७४ देखि २०७८ सम्म)को पाँच

वर्षे तुलनात्मक अध्ययनका लागि तय गरिएका सूचकहरूका आधारमा प्राप्त तथ्याङ्कको तुलनात्मक अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको छ। यो समाचार तथा समाचारमूलक सामग्रीको पाँच वर्षे तुलनात्मक अध्ययन विश्लेषण एटविनको 'सम्मानजनक जीवन र मर्यादित कामका लागि आवाजहरूको विस्तार' (Amplifying Voices for Dignified Life and Decent Work) परियोजना अन्तरगत गरिएको हो।

प्रतिवेदनको तयारीपश्चात् सरोकारवालाहरूसँग छलफल गरी प्राप्त सुझावहरूलाई पनि यस प्रतिवेदनमा समेटिएको छ। प्रतिवेदनको अन्त्यमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी एवं असुरक्षित स्थानगमनका विषयमा सम्बन्धित व्यक्ति, संस्था वा निकायहरूको ध्यानाकृष्ट गराउँदै निष्कर्ष र सुझावहरू समेत प्रस्तुत गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य (Objective of Research)

सञ्चार माध्यममा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी समाचार एवं समाचार मूलक सामग्रीको पाँच वर्षे तुलनात्मक अध्ययनको उद्देश्य विगत पाँच वर्ष (२०७४ देखि २०७८) सम्म भएका मानव बेचबिखन तथा ओसारपसारका घटना, यसबाट प्रभावितहरूको अवस्था, सरकारका नीति, रणनीति तथा व्यवस्थापिकाबाट निर्माण भएका कानुनहरू कार्यान्वयनको अवस्था, न्यायपालिका र सुरक्षा निकायबाट अभियुक्तहरूलाई दण्डित गर्न भएका प्रयासहरू, यस क्षेत्रका चुनौतीहरू तथा सकारात्मक पक्षहरू, यस क्षेत्रका परिवर्तित आयामहरू, सञ्चार माध्यमले समाचार प्रकाशनमा गरेका प्रयास र यसका परिणामहरू लगायतका विषयमा पाँच वर्षको तथ्याङ्कलाई तुलनात्मक रूपमा प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य हो।

### अध्ययनका विशिष्ट उद्देश्यहरू

- पाँच वर्षमा मानव बेचबिखनका आयामहरू तथा बदलिँदो स्वरुपका बारेमा जानकारी हासिल गर्नु।
- सञ्चार माध्यमहरूमा प्रकाशित समाचार तथा समाचारमूलक सामग्रीहरूमा मानवबेचबिखन तथा ओसारपसार र मानव तस्करीका मुद्दाहरूको कभरेज, प्राथमिकता, पत्रकार आचारसंहितको पालनाका बारेमा पाँच वर्षको तुलनात्मक तथ्य हासिल गर्नु।
- नीति निर्माण तथा कार्यक्रम सञ्चालनको सहजताका लागि मानवबेचबिखन र तस्करीमा परेका प्रभावितहरूको जातीयता, लिङ्ग, उमेर, र स्थायी बसोबास, बेचबिखन तथा ओसारपसार र तस्करीका प्रकार, उद्देश्य एवं कारणहरूका बारेमा तुलनात्मक तथ्य/तथ्याङ्क प्राप्त गर्नु।
- प्रकाशित समाचार तथा लेखहरूका आधारमा असुरक्षित आप्रवासन र वैदेशिक रोजगार तथा मानवबेचबिखन तथा ओसारपसारको बदलिँदो स्वरुप तथा प्रकृति आदिका बारेमा पाँच वर्षको तुलनात्मक अध्ययन गरी जानकारी प्राप्त गर्नु।
- पाँच वर्षे तथ्याङ्कको तुलनात्मक विश्लेषणपश्चात् निष्कर्षहरू निकाल्नु र मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध कार्यरत सरोकारवाला सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका लागि आगामी दिनमा नीति एवं कार्यक्रम निर्माण गर्दा आवश्यक पर्ने तथ्य र अपनाउनु पर्ने सजगताका बारेमा सुझावहरू प्रस्तुत गर्नु।

## १.३ अध्ययन विधि (Methodology of Research)

सञ्चार माध्यममा प्रकाशित मानव बेचबबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी समाचार एवं समाचारमूलक सामग्रीहरूको पाँचवर्षे तुलनात्मक अध्ययनमा वार्षिक रूपमा गरिएको सञ्चार अध्ययन तथा

विश्लेषण प्रतिवेदनहरूलाई आधार लिइएको छ । वार्षिक अध्ययनका क्रममा नमूनाका रूपमा नेपाली तथा अङ्ग्रेजी राष्ट्रिय दैनिक पत्रिका एवं अनलाइनहरूलाई लिइएको थियो । यसमा सबै दैनिक पत्रिका तथा सम्पूर्ण अनलाइनहरूलाई समेट्न समय एवं स्रोत साधनको अभाव हुने नै भयो । त्यसकारण नमूनाका रूपमा प्रेस काउन्सिलको वर्गीकरणअनुसार वा धेरैभन्दा धेरै पाठकले रुचाएका पत्रिका तथा अनलाइनहरूलाई लिइएको थियो । २०७४ देखि २०७८ सालमा नमूनाका रूपमा लिइएका पत्रपत्रिकाहरूमा कोभिड-१९ का कारण केही परिवर्तन गर्न हामी बाध्य भयौँ । २०७४ सालमा ९ वटा दैनिक पत्रिका गोरखापत्र, कान्तिपुर, नागरिक, नयाँ पत्रिका, नेपाल समाचारपत्र, राजधानी, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स र काठमाण्डु पोष्टमा भएका मानवबेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगार तथा असुरक्षित आप्रवासनका कारण मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी लगायतका विषय समेटिएका समाचार तथा समाचारमूलक सामग्री हामीले अध्ययनका लागि नमूनाका रूपमा लिएका थियौं । २०७५ र २०७६ सालमा अघिल्लो वर्ष प्राप्त सुझावका आधारमा साप्ताहिक नेपाल र नारी मासिकलाई पनि समेटेर ११ वटा सञ्चार माध्यममा प्रकाशित सामग्रीमा आधारित भएर अध्ययन गरिएको थियो । २०७८ सालमा भने कोभिड-१९ महामारीका कारण नेपाल साप्ताहिक र नारी मासिक बन्द हुन पुगेकाले ८ वटा दैनिक पत्रिका तथा ३ वटा अनलाइन पोर्टलमा छापिएका समाचार तथा समाचारमूलक सामग्री नमूनाका रूपमा लिइएको थियो । २०७७ सालमा कोभिड-१९ महामारीका कारण मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी, असुरक्षित स्थानागमन एवं वैदेशिक रोजगारीका आडमा बेचबिखन तथा ओसारपसार र तस्करीका घटना बढेको तथा यही समयमा महिलामाथि हुने हिंसा पनि बढेको समाचारहरू धेरै आएकाले नेपाल सरकारले लकडाउन घोषणा गरेको मिति पारेर २०७६ साल चैत्र १५ देखि २०७७ मङ्सिर १५ गतेसम्म महिलामाथि लैङ्गिक विभेदका घटनालाई केन्द्रमा राखी पत्रपत्रिका तथा अनलाइन गरी २२ वटा सञ्चार माध्यममा प्रकाशित सामग्रीमा अध्ययन गरिएको थियो । २०७७ सालको बाँकी अवधि मङ्सिर १६ देखि चैत मसान्तसम्ममा भने नियमित सरह मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी, वैदेशिक रोजगार तथा असुरक्षित आप्रवासनका कारण बेचबिखन तथा ओसारपसार र तस्करी लगायतका विषय समेटिएका समाचार तथा समाचारमूलक सामग्रीमा अध्ययन गरिएको थियो ।

नमूनाका सञ्चार माध्यममा प्रकाशित मानवबेचबिखन तथा ओसारपसार र मानव तस्करी, असुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी (जसमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका घटना थिए) का समाचारलाई दैनिक रूपमा सङ्कलन गरिएको थियो । तिनै सङ्कलित समाचारहरूलाई एक्सेल सीटमा अपलोड गरी तथ्याङ्क विश्लेषण गरिएको थियो । तथ्याङ्क विश्लेषणका लागि समाचारहरूलाई विभिन्न सूचक अन्तरगत वर्गीकरण गरिएको थियो । जसमा समाचारको सङ्ख्या, 4Ps (Prevention, Protection, Prosecution & Partnership) प्रभावितको जातीयता, प्रभावितको लिङ्ग, प्रभावितको उमेर, घटना भएको स्थान, प्रभावितको स्थायी बसोबास वा ठेगाना, मानव बेचबिखन तथा ओसारपसारको प्रकार, पीडकको प्रकार, मानव बेचबिखन तथा ओसारपसारको कारण, मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य, पत्रकार आचारसंहिताको पालना, समाचारको प्रकार, समाचारको प्राथमिकता, समाचारको कभरेज, समाचार बढी छापिएको महिना, समाचार रिर्पोटिङको समय (घटना अगाडि वा पछाडि), असुरक्षित आप्रवासन र वैदेशिक रोजगारीलाई सूचकका रूपमा प्रयोग गरिएको थियो ।

यसैगरी, २०७७ सालको कोभिड-१९ अवधिको अध्ययनका लागि महिलामाथि भएका लैङ्गिक विभेदका घटनालाई केन्द्रमा राखेर सूचकहरूमा केही परिवर्तन गरिएको थियो । जसमा सञ्चार माध्यम/समाचारको सङ्ख्या, हिंसाका प्रकार, हिंसाका कारण, समाचार लेखिएको/घटना भएको स्थान, प्रभावितको जातीयता, प्रभावितको लिङ्ग, प्रभावितको उमेर, प्रभावितको स्थायी ठेगाना/बसोबास, पीडक वा अपराधीका प्रकार, आचारसंहिताको पालना,

समाचारको प्रकार, समाचार रिर्पोटिङ बढी भएको महिना र वैदेशिक रोजगार सूचकहरू तय गरिएको थियो । तथ्याङ्क विश्लेषण गर्दा यी सूचक अन्तरगत पनि विभिन्न उप-सूचक पनि बनाइएको थियो ।

## १.४ अध्ययनको सीमितता (Limitation of the Study)

सञ्चार माध्यममा प्रकाशित सामग्रीको अध्ययन तथा विश्लेषण भएकाले पत्रपत्रिकामा प्रकाशित समाचार एवं समाचारमूलक सामग्रीमा आधारित हुनु वा अध्ययनका लागि नमूनाका रूपमा पत्रिकालाई लिनु एकातर्फ आवश्यकता हो भने अर्कोतर्फ वाध्यता नै हो । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी एक गम्भिर सामाजिक अपराध हो । यसकारण यसको अध्ययन अनुसन्धानका लागि प्राथमिक तथ्याङ्क (primary data) प्राप्त गर्न समाजमा प्रत्यक्ष रूपमा पुगेर यसका सरोकारवालाहरूसँग कुराकानी गर्नु जरुरी हुन्छ । यो अध्ययन सञ्चार माध्यममा आधारित भएकाले अध्ययन गरिएको तथ्याङ्क द्वितीय तथ्याङ्क (secondary data) हो । एटविनको मात्र स्रोतसाधनले स्थलगत रूपमा गाउँ-गाउँसम्म पुगेर वा भनौँ स्रोत देशबाट, माध्यम तथा गन्तव्य देशसम्म पुगेर सम्पूर्ण घटनालाई अध्ययन गरी तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्न सम्भव नभएकाले यो अध्ययन सञ्चार माध्यममा आधारित भएर गरिएको हो । यसकारण प्राथमिक तथ्याङ्क नहुनु यो अध्ययनको सीमितता हो भने द्वितीय तथ्याङ्कका लागि सञ्चार माध्यमलाई आधार लिए पनि सम्पूर्ण सञ्चार माध्यमलाई समेट्न नसक्नु यो अध्ययनको अर्को सीमितता हो । यसैगरी, यो अध्ययन सञ्चारमाध्यममा आएका समाचारमा आधारित भएकाले सञ्चारमाध्यममा नसमेटिएका मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका घटना पनि यो अध्ययनबाट बाहिरै पर्न गएको छ । यो अध्ययनको अर्को सीमितता हो । अर्कोतर्फ यदि हामीले नमूनाका रूपमा लिएका समाचार तथा समाचारमूलक सामग्रीमा कुनै पनि प्रकारका त्रुटी छन् भने त्यो यो अध्ययनले थाहा पाउने अवस्था नै छैन र त्यसमा भएको त्रुटीको असर यो अध्ययन प्रतिवेदनमा पनि पर्न सक्छ । यो पनि यस अध्ययनको एउटा मुख्य चुनौती हो । तर सञ्चार माध्यम समाज र राज्यप्रति जिम्मेवार हुने र प्रकाशन गर्नुअघि प्रकाशित सामग्रीलाई विभिन्न कोणबाट पटक-पटक चेकजाँच एवं मूल्याङ्कन गर्ने भएकाले लगातारको अध्ययनमा यस किसिमको चुनौती अहिलेसम्म देखिएको छैन ।

# पाँच वर्षको तथ्याङ्क विश्लेषण
## (Five Years Data Analysis)

अध्ययनका पाँच वर्षमध्ये २०७४ सालको र २०७७ सालको तथ्याङ्कलाई विशेष ध्यान दिनु जरुरी छ । २०७४ सालमा घटना बढी हुनुको कारण २०७२ सालको भूकम्प हो भने २०७७ सालमा बढी हुनुको कारण कोभिड-१९ महामारी हो । कोभिड-१९ महामारीका कारण महिला तथा बालबालिकामाथि हुने हिंसा बढेको र यो उनीहरूका लागि छाँया महामारी बनेको ठहर सर्वोच्च अदालतले समेत गरेकाले यो तथ्य थप पुष्टि भएको छ । अझ यसमा अर्को महत्वपूर्ण कुरा के छ भने, यो तथ्याङ्क हामीले नमूनाका रूपमा लिएका सञ्चार माध्यममा छापिएका समाचारका मात्रै हुन् । अन्य धेरै सञ्चार माध्यममा आएका तथ्याङ्क वा सञ्चार माध्यममा नसमेटिएका तथ्याङ्कलाई समेत मध्यनजर राख्ने हो भने सङ्ख्यात्मक रूपमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका घटना धेरै हुन सक्छन् । अब पाँचै वर्षका प्राप्त तथ्याङ्कलाई यहाँ हरेक सूचक अन्तरगत तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### २.१ समाचारको सङ्ख्या (Number of News)




अध्ययन गरिएका वर्षहरूमा २०७४ सालमा सबैभन्दा धेरै समाचार तथा समाचारमूलक सामग्री प्रकाशित भएका थिए । यो वर्ष ५ सय ७२ वटा समाचार छापिएका थिए । २०७५ सालमा २२६ वटा थियो भने २०७६ सालमा बढेर ३ सय ५४ पुगेको थियो । यसैगरी २०७८ सालमा ३ सय २१ वटा समाचार प्रकाशित भएका थिए । कोभिड-१९ को अवधिमा भने अध्ययनको दायरा फराकिलो पारिएकाले महिलामाथि भएका लैङ्गिक विभेदमा आधारित हिंसाका समाचार ४ सय ९३ वटा छापिएका थिए भने लकडाउन पछिको अवस्था मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा १ सय ८१ वटा समाचार प्रकाशित भएका थिए ।

कोभिड-१९ को समयमा अध्ययनको दायरा फराकिलो पार्दा पनि ४ सय ९३ वटा समाचार थिए भने २०७४ सालमा नियमित सूचक अन्तरगत अध्ययन गर्दा पनि ५ सय ७२ वटा समाचार तथा समाचारमूलक सामग्री प्रकाशित थिए । अघिल्लो पाँच वर्षको तुलनात्मक अध्ययनका क्रममा जसरी २०७२ सालको भूकम्प पछिको अवस्थामा घटनाहरू बढेका थिए, त्यसैको असर २०७४ सालसम्म परेको हुन सक्छ । किनकि अध्ययनहरूले के देखाएका छन् भने कुनै पनि किसिमको प्राकृतिक बिपद् वा महामारीपछि मानिसको आप्रवासन बढ्छ र दलालहरूले यसको फाइदा उठाउँदै त्यो समयमा मानव बेचबिखन तथा ओसारपसारका घटना धेरै हुन्छन् । यो पाँच वर्षको अध्ययनको क्रममा पनि २०७७ सालको कोभिड-१९ महामारीको समयमा समग्रमा महिलामाथि हुने लैङ्गिक विभेदमा आधारित घटना ह्वात्तै बढेको छ भने यही समयमा पनि मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित जोखिममा पर्ने सम्भावना भएका वैदेशिक रोजगारीका क्रममा हिंसामा पर्नेको सङ्ख्या ४० हजार २ सय ८७ जना थियो भने असुरक्षित स्थानागमनका कारण हिंसामा परेकाको सङ्ख्या ४७ थियो ।




यसरी समग्रमा हेर्दा पाँच वर्षको अवधिमा सङ्ख्यात्मक रूपमा गम्भिर तथ्याङ्कहरू नै बाहिर आएका छन् । अझ पछिल्लो समयमा वैदेशिक रोजगारी र विदेश जानैपर्ने नेपालीका बाध्यताको फाइदा उठाउँदै यसकै आडमा श्रमशोषण, यौनशोषण र मानव बेचबिखन तथा ओसारपसार बढिरहेको छ । नेपालमा रहेका सञ्चार माध्यमको सङ्ख्याको तुलनामा हामीले अध्ययनका लागि लिएका सञ्चार माध्यमको सङ्ख्या धेरै कम लाग्न सक्छ, तर यसले समग्रतामा मानव बेचबिखन तथा ओसारपसार एवं वैदेशिक रोजगारी तथा असुरक्षित स्थानागमनका कारण हुन सक्ने मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करीको अवस्थालाई उजागर गरेको छ । तर पनि भन्नुपर्ने चाहिँ के हुन्छ भने, हामीले समेट्न नसकेका सञ्चार माध्यममा समेत प्रकाशित यससम्बन्धी समाचारलाई पनि ध्यान दिने हो भने अवस्था गम्भिर नै हुन पनि सक्छ ।

## २.२ रोकथाम, संरक्षण, अभियोजन र साझेदारी (4Ps) का आधारमा समाचारको विश्लेषण

मानव बेचबिखन तथा ओसारपसार, असुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी र मानव तस्करीको अपराध एक देशमा मात्र सीमित छैन । अर्कोतर्फ नेपालीहरूको विश्वका जुनसुकै देशमा पनि कामको खोजीमा पुग्ने तथा गैरकानुनी रूपमा अमेरिका, युरोप तथा अष्ट्रेलिया लगायतका देश जाने गरेकाले अब मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करी रोक्न एउटा देशभित्र मात्र काम गरेर पुग्दैन । यसका लागि स्रोत देश, ट्रान्जिट देश तथा गन्तव्य देश तीनवटै मिलेर काम गर्न जरुरी छ । यसैगरी प्रत्येक देशमा एउटा निकायले मात्र काम गरेर पनि यो रोकिनेवाला छैन । यसकारण देश-देश मिलेर तथा देशभित्रै पनि सम्पूर्ण सरोकारवालाहरू मिलेर एकीकृत रूपमा काम गर्नु जरुरी छ । यही एकीकृत रूपलाई संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि (UNOTC), पालेर्मो प्रोटोकल लगायतका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले 4Ps का रूपमा व्याख्या गरेको छ । जस अन्तरगत रोकथाम, संरक्षण अभियोजन र साझेदारी (Prevention, Protection, Prosecution & Partnership) पर्दछन् ।




यस एकीकृत प्रयासमा कूटनीतिक, आर्थिक, राजनीतिक, कानुनी तथा सांस्कृतिक संयन्त्रहरू मार्फत एक लाई विश्वव्यापी रूपमा प्रयोग गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गरिएको छ । पाँच वर्षको अध्ययनका क्रममा २०७४ सालमा १ सय ३४, २०७५ सालमा ६७, २०७६ सालमा ७३ वटा, २०७७ सालको कोभिड पछिको अवधि (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा ३१ वटा र २०७८ सालमा ७४ वटा तथा समाचार यससँग सम्बन्धित थिए । हामीले नमूनाका रूपमा लिएका समाचारमा धेरैजसो समाचार 4Ps मध्ये संरक्षणसँग सम्बन्धित थिए । यसले के देखाउँछ भने 4Ps को अवधारणा अन्तरगत मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करीविरुद्ध जुन एकीकृत रूपमा काम हुनुपर्ने हो त्यो पर्याप्त हुन सकिरहेको छैन । २०७७ सालको कोभिडको समयमा केही सूचकहरू परिवर्तन गरिएकाले यो सूचक राखिएको थिएन ।

4Ps मध्ये सबैभन्दा धेरै काम रोकथाम र अभियोजनमा हुनु पर्ने हो तर त्यो निकै कम छ । संरक्षणमा धेरै काम भएको देखाउनुले मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई हामी संरक्षण त दिइरहेका छौं, तर अभियुक्तहरूलाई कानुनको दायरामा ल्याएर अभियोजनमा धेरै काम गर्न नसकेको यो तथ्याङ्कले देखाउँछ । यसैगरी, यस विरुद्ध एकीकृत रूपमा काम गर्न साझेदारीमा पनि धेरै काम हुन सकेको छैन । मानव बेचबिखन तथा ओसारपसारविरुद्ध रोकथामका साथसाथै, प्रभावितको संरक्षण तथा उनीहरूलाई न्याय दिलाउने विषयमा समेत काम गर्न जरुरी छ र यी सबैका लागि सम्पूर्ण देश र सम्पूर्ण सरोकारवालाहरू बिच साझेदारीको आवश्यकता छ । यस्तो हुन सकेमा मात्र मानव बेचबिखन तथा ओसारपसार र यसको छरिएका आयामहरू वैदेशिक रोजगार, असुरक्षित आप्रवासन, मानव तस्करी लगायतको संगठित अपराधविरुद्ध एकीकृत रूपमा लड्न सहज हुनेछ ।

## २.३ समाचार लेखिएको/घटना भएको स्थान (Dateline/Place of the Incident)

मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका आडमा मानव बेचबिखन तथा ओसारपसार, असुरक्षित आप्रवासन तथा मानव तस्करीसम्बन्धी घटनाहरू देशको कुन भागमा बढी भइरहेको छ, अथवा समाचार कुन क्षेत्रबाट बढी आइरहेको छ, सोही बमोजिम नीति निर्मातालाई सुझाव दिन तथा कार्यक्रम केन्द्रित गर्न सजिलो होस् भनेर अध्ययनका लागि समाचार लेखिएको/घटना भएको स्थान (Dateline/Place of the Incident) सूचक राखिएको हो ।

मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू नेपालबाट सुरु भई बेचबिखनको उद्देश्यले नेपाल भित्रै वा विदेशसम्म पुऱ्याएपछि भएका धेरै हुन्छन् । तर कतिपय घटनामा भने विदेशमै रोजगारी वा अन्य कामले गएका मानिस परेका पनि छन् । यस्ता घटनाका समाचार धेरैजसो सीमा नाका क्षेत्रबाट आउँछन् भने त्यत्तिकै सङ्ख्यामा सहरी क्षेत्रबाट आएका हुन्छन् । किनकि लैजादालैजादै सीमा नाकामा वा उद्धार गरेर ल्याएपछि सहरी क्षेत्रमा सार्वजनिक गर्दा समाचारहरू बनिरहेका हुन्छन् । अर्कोतर्फ, मानव बेचबिखन तथा ओसारपसारमा पर्ने व्यक्तिको स्थायी ठेगाना एक ठाउँमा भए पनि उ यात्राको क्रममा वा सुरक्षा निकायको सम्पर्कमा आएपछि समाचार सोही स्थानबाट बन्ने भएकाले पनि यो सूचक राखिएको हो । यसले दलालहरूले कुन बाटोबाट धेरै ओसारपसार गरिरहेका छन् भन्ने जान्न मद्दत पुगेको छ । वैदेशिक रोजगारीका क्रममा मानव बेचबिखन तथा ओसारपसार बढेकाले पनि विदेशबाट सम्प्रेषण हुने समाचारको प्रतिशत पछिल्लो पाँच वर्षमा बढी देखिएको हो । नमूनाका रूपमा लिइएका समाचारमा सम्पादकीय तथा लेख समेत पर्ने, तर समाचारमा मात्र डेटलाइन हुने भएकाले कतिपय अवस्थामा नम्बर कम पनि देखिएको छ ।

यस सूचक अन्तरगत २०७४ सालमा ४ सय २९ वटा समाचार छापिएका थिए । जसमा सबैभन्दा बढी काठमाडौँबाट समाचार सम्प्रेषित भएको पाइएको छ । समाचारमा उल्लेख भएअनुसार २ सय ७७ वटा समाचारमा डेटलाइन काठमाडौँ उल्लेख छ । देशका ७७ जिल्ला मध्ये २०७४ सालमा ३८ वटा जिल्लामा मानव बेचबिखन तथा ओसारपसारका घटना भएको यी समाचारबाट थाहा हुन्छ । समाचारका आधारमा भारत, मलेसियामा, साउदी अरब, ओमान, यू.ए.ई. र कतारमा समेत घटना भएका थिए ।

वि.सं. २०७५ सालमा देशका ७७ जिल्ला मध्ये १८ जिल्लाबाट समाचार सम्प्रेषण भए । जसमध्ये सबैभन्दा धेरै ५ वटा समाचार भक्तपुरबाट सम्प्रेषण भएका थिए भने भारत, केन्या र साउदी अरवबाट समेत समाचार सम्प्रेषण भएका थिए । यो सूचक अन्तरगत नमूनामा ६९ वटा समाचार परेका थिए ।

२०७६ सालदेखि भने समाचार लेखिएको वा घटना भएको स्थानलाई प्रदेश बमोजिम छुट्याइएको थियो । २०७६ सालमा यो सूचक अन्तरगत १ सय २२ वटा समाचार परेका थिए । यी मध्ये सबैभन्दा धेरै समाचार विदेशको

डेटलाइनबाट आएका थिए । विदेशको डेटलाइनमा पनि सबैभन्दा धेरै समाचार भारतबाट सम्प्रेषित भएका थिए । भारतपछि चीन, केन्या, लिबिया थिए । स्वेदशभित्र रिर्पोटिङ भएका मध्ये सबैभन्दा धेरै समाचार बागमती प्रदेशबाट १२ प्रतिशत समाचार थिए, तर सुदुरपश्चिम प्रदेशबाट भने एउटा पनि समाचार थिएनन् ।

२०७८ सालमा प्राप्त ७६ वटा समाचारका नमूना तथ्याङ्क विश्लेषण गर्दा, सबैभन्दा बढी समाचार अर्थात ३० प्रतिशत भारतबाट सम्प्रेषित भएका थिए । यसैगरी भारत बाहेक अन्य देशबाट २८ प्रतिशत समाचार सम्प्रेषण भएको छ । देशभित्र भने सबैभन्दा बढी बागमती प्रदेशबाट १२ प्रतिशत र मधेश प्रदेशबाट ५.२ प्रतिशत समाचार सम्प्रेषण भएका थिए भने कर्णाली प्रदेशबाट एउटा पनि समाचार आएको थिएन । सबैभन्दा बढी समाचार अर्थात ७१ प्रतिशत बिदेशबाट सम्प्रेषण भएको थियो ।

| प्रदेश | जिल्ला | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | इलाम | २ | २ | | ३ | |
| | झापा | ६ | १ | ३ | | १ |
| | खोटाङ | १२ | | | | |
| | मोरङ | ३ | १ | ४ | १ | |
| | संखुवासभा | | २ | | | |
| | सुनसरी | ३ | | १ | | २ |
| मधेश प्रदेश | पर्सा | २ | | १ | | २ |
| | बारा | | | २ | | |
| | रौटहट | | | १ | | |
| | सर्लाही | | | १ | | |
| | धनुषा | | | १ | | |
| | सिरहा | १ | | | | |
| | महोत्तरी | २ | | | | |
| | सप्तरी | १ | | | | २ |
| बाग्मती प्रदेश | सिन्धुली | | | | | १ |
| | दोलखा | ३ | | | | |
| | भक्तपुर | | ५ | | १ | |
| | धादिङ | ३ | | | | |
| | काठमाडौं | २७७ | ३ | ९ | | ६ |
| | काभ्रेपलाञ्चोक | २ | | | | |
| | ललितपुर | २ | | १ | | |
| | नुवाकोट | १० | | २ | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाग्मती प्रदेश | सिन्धुपाल्चोक | ३ | | | | |
| | चितवन | ५ | १ | १ | | |
| | मकवानपुर | ३ | | १ | | १ |
| गण्डकी प्रदेश | बाग्लुङ | १ | | | | |
| | गोरखा | १ | | १ | | |
| | कास्की | ४ | | २ | | |
| | लमजुङ | | १ | | | १ |
| | म्याग्दी | २ | | | | |
| | नवलपुर | १ | | | | |
| | तनहूँ | १ | | | | |
| लुम्बिनी प्रदेश | कपिलवस्तु | ६ | ४ | | | १ |
| | परासी | १ | १ | | | |
| | रुपन्देही | ३ | २ | १ | | १ |
| | दाङ | १ | १ | | | |
| | प्यूठान | १ | | | | |
| | रोल्पा | १ | | | | |
| | बाकँ | २२ | | ३ | २ | १ |
| | बर्दिया | | | २ | | |
| कर्णाली प्रदेश | पश्चिम रुकुम | | १ | | | |
| | सल्यान | १ | | | | |
| | जुम्ला | १ | | | | |
| | कालीकोट | २ | | | | |
| | सुर्खेत | २ | १ | २ | | |
| | दैलेख | | | १ | | |
| | जाजरकोट | | १ | १ | | |
| सुदुरपश्चिम | कैलाली | ३ | | | | २ |
| | डोटि | | १ | | | |
| | बाजुरा | १ | | | | |
| | कंचनपुर | ८ | २ | | | |
| | बैतडी | | १ | | | |
| विदेश / नेपाल बाहिर | | २६ | ३८ | ८१ | १४ | ५४ |
| जम्मा | | ४२९ | ६९ | १२२ | २१ | ७६ |

यो तथ्याङ्कले के बताउँछ भने मानव बेचबिखन तथा ओसारपसारका घटना धेरै विदेश पुऱ्याएर नै भइरहेका छन् । पछिल्लो समयमा वैदेशिक रोजगारका लागि विदेश जानुपर्ने बाध्यता भएकाले त्यसको फाइदा उठाउँदै दलालहरूले बेचबिखन तथा ओसारपसार गर्ने गरेको तथ्य पनि यसले बताउँछ ।

२०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा २१ वटा समाचार यो तथ्याङ्क अन्तरगत परेका थिए । जसमा सबैभन्दा धेरै ६७ प्रतिशत समाचार विदेशको डेटलाइनमा प्रकाशित भएका थिए । यसपछि कोशी प्रदेशबाट १९ प्रतिशत, बागमती प्रदेशबाट ३ प्रतिशत र गण्डकी प्रदेशबाट १ प्रतिशत समाचार प्रकाशित भएका थिए । अन्य प्रदेशको डेटलाइनबाट भने समाचार प्रकाशित भएको तथ्याङ्कमा देखिएको थिएन ।




२०७७ सालको कोभिड अवधिमा भने महिला माथि भएका हिंसासम्बन्धी सम्प्रेषण भएका समाचार ९ सय ६५ वटा थिए । यी मध्ये सबैभन्दा बढी विदेशबाट सम्प्रेषण भएका समाचार थिए । वैदेशिक रोजगारीका क्रममा गएका बेलामा होस् वा अन्य कुनै कारणले विदेशमा रहेका बेलामा होस् कोरोना महामारीका बेला लैङ्गिक हिंसा भएका ३ सय ६७ वटा समाचार विदेशको डेटलाइनमा सम्प्रेषण भएका छन् ।

यो तथ्याङ्कले के देखाउँछ भने देशका सबै भागमा लैङ्गिक हिंसाको अवस्था उस्तै छ । आर्थिक, शैक्षिक वा चेतनास्तरको सूचकांकमा तल माथि भएपनि हिंसाका घटना सम्बन्धमा देशका सबै प्रदेशहरू उस्तै देखिएका छन् । तर यो सूचकांकमा विदेशको डेटलाइनबाट सम्प्रेषित समाचार धेरै हुनुको अर्थ वैदेशिक रोजगारी वा अन्य कुनैपनि कारणले विदेश पुगेको मानिस लैङ्गिक हिंसाको शिकार भएका छन् । पाँचवर्षको तुलनात्मक अध्ययन गर्दा स्वेदशभन्दा विदेशबाट सम्प्रेशित हुने समाचारको सङ्ख्या बढ्दै गएको छ ।

## २.४ प्रभावितको जातियता (Survivors' Ethnicity)

विभिन्न जातजाति र समुदायको बसोबास रहेको नेपालमा जातीय समुदायगत रूपमा हेर्ने हो भने प्रायः सबै जातजातिका मानिस मानव बेचबिखन तथा ओसारपसारमा परेका छन् । मानव बेचबिखन तथा ओसारपसारका प्रभावितहरू कुन जातीय समुदायबाट बढी छन् भन्ने जान्नलाई नै यो सूचक राखिएको हो । पाँच वर्षको तथ्याङ्कलाई तुलनात्मक अध्ययन गर्दा परम्परागत रूपमा बेचबिखनमा पर्ने मङ्गोल समुदायका साथसाथै मधेशी, क्षत्री तथा ब्राह्मण तथा दलित समुदायका व्यक्तिहरू उल्लेख्य मात्रामा बेचबिखन तथा ओसारपसारमा परेको पाइएको छ ।

अध्ययनका पाँच वर्ष मध्ये २०७४ र २०७५ मा दलित र तामाङ समुदायका बढी छन् भने २०७६ सालमा आइपुग्दा मधेशी समुदायका व्यक्तिहरू बढी देखिन थालेका छन् । २०७४ सालमा प्राप्त ५० वटा समाचारमा दलित समुदायका सबैभन्दा बढी २६ प्रतिशत थिए भने तामाङ समुदायका १८ प्रतिशत र राई समुदायबाट १६ प्रतिशत थिए । २०७५ सालमा भने प्राप्त ३४ वटा समाचारमा तामाङ समुदाय सबैभन्दा बढी ३२ प्रतिशत थिए भने दलित समुदायबाट १८ प्रतिशत थिए । २०७६ सालमा प्राप्त ६५ वटा समाचारमा सबैभन्दा धेरै ४८ प्रतिशत मधेशी समुदायका व्यक्ति थिए भने दलित समुदायबाट २२ प्रतिशत र ब्राह्मण क्षेत्री समुदायबाट १७ प्रतिशत व्यक्ति परेका थिए । २०७७ सालको कोभिड-१९ को समय (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यो सूचक अन्तरगत १६ वटा समाचार थिए । जसमा सबैभन्दा धेरै पछिल्लो समय हाम्रो अध्ययनको निष्कर्ष जस्तै मधेशी समुदायबाट ४४ प्रतिशत व्यक्तिहरू परेका थिए भने तामाङ समुदायबाट ३७ प्रतिशत व्यक्तिहरू परेका थिए । २०७८ सालमा पनि प्राप्त २४ वटा समाचारमा सबैभन्दा धेरै क्षेत्री तथा ब्राह्मण समुदायका २० प्रतिशत थिए भने तामाङ एवं दलित समुदायबाट समान ६-६ प्रतिशत परेका थिए ।




निरन्तर अध्ययनका क्रममा कस्तो रोचक तथ्य फेला परेको छ भने, सुरुसुरुमा नेपालबाट मानव बेचबिखन तथा ओसारपसार हुँदा हिमाल तथा पहाडमा बसोबास भएका जनजाति किशोरीहरूको माग धेरै हुने भएकाले दलालहरूले उनीहरूलाई ओसारपसार तथा बेचबिखन बढी गर्थे । तर उनीहरूको अनुहार एवं शरीरको बनोटबाट सीमा नाका वा एयरपोर्टहरूमा पहिचान हुन थालेपछि दलालहरू केही हच्किए । तर उनीहरूले सीमा सजिलै कटाउने र भारतीय एयरपोर्ट प्रयोग गरेर लैजाने गर्न थाले, यस क्रममा नेपाल र भारत सरकारको संयुक्त प्रयासमा भारतीय एयरपोर्टमा पनि कडिकडाउ हुन थालेपछि दलालहरूले भारतीय एयरपोर्ट मार्फत रूप, रङ्ग र बनोटका

कारण भारतीय जस्तै देखिने मधेशी, तथा ब्राह्मण क्षेत्री समुदायका व्यक्तिहरूको ओसारपसार गर्न थाले । मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सरकारी र गैरसरकारी निकायहरूले कडा निगरानी राख्न थालेपछि दलालहरूले भारतको बाटो प्रयोग गरेर मंगोलियन अनुहारभन्दा धेरै आर्यन अनुहारका व्यक्तिलाई लैजान थालेका थिए । तर जब यो पनि थाहा भएर सतर्कता बढ्यो, उनीहरूले भारतीय एयरपोर्ट होइन, सीमा नाका कटाएर बसमार्फत र पैदल ओसारपसार गर्न थाले । यही क्रममा हो, पूर्वको सीमा नाका काकडभिट्टा कटाएर गाडीमा आसाम, मेघालय हुँदै, म्यानमार, थाइल्याण्डसम्म पुऱ्याएर त्यहाँबाट प्लेन चढाई लैजान थालेको । यसमा पनि लगातर निगरानी बढ्यो र प्रहरीले पक्राउ गर्दै फर्काउन थालेपछि दलालहरूले नयाँ उपाय अपनाउन थाले, नेपालको एयरपोर्टबाटै लैजाने तर भिजिट भिसा बनाएर । यही कारण २०७८ सालसम्म आइपुग्दा भिजिट भिसाका धेरै घटनाहरू सार्वजनिक भए । यो सम्पूर्ण चक्रमा दलालहरू त सक्रिय छन् नै, उनीहरूसँगै मिलेका प्रशासनिक एवं सुरक्षा निकायका पदाधिकारीका कारण पनि यो सम्भव भएको हो । २०७८ सालसम्ममा फेरी नेपालको एयरपोर्ट प्रयोग बढेको र भिजिट भिसाबाट जाने भएकाले फेरि मधेशी, क्षेत्री र ब्राह्मण एवं तामाङ तथा दलित समुदायका व्यक्तिहरू बढेका छन् । मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित स्थानहरूमा काठमाडौँ वरिपरिका जिल्लाहरू बढी रहेको तथा यी जिल्लामा तामाङ समुदायको सघन वस्ती रहेकाले प्रायः सदैव प्रभावित यही समुदायका बढी हुने गरेका छन् । यद्यपि, यी सम्पूर्ण विषयमा थप विस्तृत अध्ययनको आवश्यकता छ ।




२०७७ सालको कोभिड अवधिमा पनि लैङ्गिक हिंसाका घटना प्रायः सबै जातीय समुदायका भएका छन् । यो सूचक अन्तरगत परेका १ सय ६३ वटा समाचारमध्ये लैङ्गिक हिंसा सबैभन्दा धेरै ६४ वटा घटना दलित समुदायमा भएको समाचारमा जनाइएको छ ।

यो तथ्याङ्कले के देखाउँछ भने जातीय रूपमा नेपाल विविध भाषाभाषी जातजातिको बसोबास स्थल भए पनि विगतमा जस्तो एउटा जाति विशेष मात्र लैङ्गिक हिंसामा पर्ने होइन । सबै वर्ग, क्षेत्र र समुदायका मानिस जोखिममा छन् र लैङ्गिक हिंसामा परिरहेका छन् ।

## २.५ प्रभावितको लिङ्ग (Survivors' Gender)

लिङ्गका आधारमा कुरा गर्दा महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार पहिला पहिला यौन शोषणका लागि धेरै हुने गर्दथे । अहिले श्रम तथा यौन शोषणका लागि बेचबिखन तथा ओसारपसार हुँदा पनि महिला तथा बालबालिका नै धेरै रहने गरेका छन् । पुरुषहरूको धेरैजसो श्रम शोषण हुने गरेको छ भने यौनशोषणका घटना कमै मात्र आउने गरेका छन् । तर महिलाको हकमा श्रम शोषण तथा यौन शोषण दुबै बराबरी हुने गरेका छन् । अझ कतिपय अवस्थामा एउटै महिलालाई श्रमशोषण पनि गर्ने र यौन शोषण पनि गर्ने गरिएको छ । पछिल्लो समयमा मानव बेचबिखन तथा ओसारपसारको आयाम र दायरा बढ्दै जाँदा असुरक्षित आप्रवासन र वैदेशिक रोजगारमा ठगी एवं शोषण बढिरहेकाले पछिल्ला वर्षहरूमा सबै लिङ्गका व्यक्तिहरू यसबाट प्रभावित हुने क्रम बढेको हो । महिला, पुरुष, तेस्रो लिङ्गी सबै यसबाट प्रभावित छन् ।

पछिल्लो समयमा वैदेशिक रोजगारीका नाममा ओसारपसार गरेर बेचबिखन गरेका घटना बढ्दै जाँदा वैदेशिक रोजगारीमा जाने पुरुष बढी भएपनि यौन शोषण तथा श्रम शोषणमा महिला नै बढी पर्ने गरेको यो तथ्याङ्कले पुष्टि गरेको छ । यसैको दुई कारण हुन सक्छ- पहिलो, तथ्यमा देखिए जस्तै पुरुष कम यौन शोषणमा परेका छन्, दोस्रो, पुरुषले आफूमाथि यौन शोषण भएपनि खुलेर सार्वजनिक गर्ने गरेका छैनन् । वैदेशिक रोजगारीमा श्रम शोषण र यौन शोषण बढेसँगै यस्ता घटनाबाट प्रभावित हुनेको सङ्ख्या पुरुषको पनि उल्लेख्य रहेको छ । तापनि महिलाहरू पनि वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य रहेको र महिलालाई श्रम शोषण र यौन शोषण दुबैमा दुरुपयोग गर्न सकिने भएकाले हरेक वर्ष जस्तो यो वर्ष पनि महिलाको सङ्ख्या नै धेरै रहेको छ ।




यो सूचक अन्तरगत प्राप्त पाँच वर्षका समाचारलाई तुलनात्मक विश्लेषण गर्ने हो भने, २०७४ सालमा महिला पुरुष सहित ८९ जना व्यक्ति परेका थिए, यी मध्ये ८४ प्रतिशत महिला थिए । यसैगरी, २०७५ सालमा भने ४ सय ८६ जना परेका थिए, जसमा ८६ प्रतिशत अर्थात अधिकांश महिला थिए । २०७६ सालमा समेटिएका नमूना समाचारमा रहेका प्रभावितहरूको सङ्ख्या १ हजार १ सय ५४ थियो । यहाँ पनि अधिकांश अर्थात ७७ प्रतिशत

महिला थिए । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत ५८ जना परेका थिए जसमा सबैभन्दा धेरै ७० प्रतिशत महिला थिए भने २०७८ सालमा भने १ सय २६ जना प्रभावित थिए र यसमा ६७ प्रतिशत महिला तथा बालिका थिए ।




अध्ययनको पाँच वर्षमा प्राप्त नमूनाका समाचारमा तेस्रो लिंङ्गी समुदायबाट तथ्याङ्कमा खुलेको २०७७ सालको कोभिड अवधिको अध्ययनमा मात्र छ । यो समयमा मानव बेचबिखनमा मात्र सीमित नभई समग्रमा लैङ्गिक विभेदमा आधारित हिंसामा अध्ययन भएको थियो । जसमा प्रभावितको सङ्ख्या १ हजार ९ सय ८७ रहेकोमा अधिकांश महिला थिए भने २ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति थिए ।

## २.६ प्रभावितको उमेर (Survivors' Age)

मानव बेचबिखन तथा ओसारपसारबाट कुन उमेरका मानिस बढी प्रभावित छन् भनेर हेर्ने प्रयास पनि यो अध्ययनका क्रममा गरिएको थियो । यस अध्ययनलाई सहज बनाउन र कुन कुन उमेर समूहका व्यक्ति परेका छन् भनेर थप वर्गीकृत तथ्याङ्क प्राप्त गर्न प्रभावितको उमेर सूचकलाई विभिन्न उप-सूचकमा विभक्त गरिएको थियो । जसमा १७ वर्षभन्दा कम उमेर समूहको एउटा उप-सूचक निर्माण गरिएको थियो भने १८ देखि २९ वर्ष उमेर समूहको अर्को उप-सूचक । यसैगरी, ३० देखि ४९ वर्ष उमेर समूह र ५० भन्दा माथिको उमेर समूह भनेर थप दुईवटा उप-सूचक निर्माण गरिएको थियो ।

पाँच वर्षको तथ्याङ्कलाई तुलनात्मक अध्ययन गर्दा २०७४ सालमा प्रकाशित नमूनाका रूपमा लिएका पत्रिकाहरूका समाचारहरूमा यो सूचक अन्तरगत ६६ वटा समाचार परेका थिए । जसमा १७ वर्षभन्दा कम उमेर समूहका बालबालिका ३५ प्रतिशत परेका थिए । यसैगरी, २०७५ सालमा १ सय ८१ जना प्रभावित भएकोमा १७ वर्षभन्दा कम उमेर समूहका अर्थात बालबालिकादेखि किशोर-किशोरीको समूहमा ५० प्रतिशत परेका थिए । २०७६ सालमा प्रकाशित समाचारमा उमेर खुलेका प्रभावितहरू ९ सय ७९ जना मात्र थिए । जसमध्ये १७ वर्षभन्दा कम उमेर समूहका सबैभन्दा धेरै ५२ प्रतिशत थिए । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत २७ वटा समाचार थिए, जसमा ५२ प्रतिशतमा १७ वर्षभन्दा कम उमेर

समूहका बालबालिका परेका थिए । २०७८ सालमा पनि बालबालिकाहरू सबैभन्दा बढी परेका छन् । २०७८ मा १७ वर्षभन्दा कम उमेर समूहका ६० प्रतिशत व्यक्ति यसमा परेका छन् ।




यो तथ्याङ्कले के देखाउँछ भने १७ वर्षभन्दा कम उमेर समूह अर्थात् बालबालिका र किशोर-किशोरीहरू नै बढी मानव बेचबिखन तथा ओसारपसारमा परिरहेका छन् । यो एकदमै भयावह तस्वीर हो । यसपछि सक्रिय जीवन बिताउने उमेर समूहका मानिसहरू बढी मानव बेचबिखन तथा ओसारपसारमा परेको तथ्याङ्कले देखाएको छ । सक्रिय उमेर समूहका मानिस पर्नुमा उनीहरू कामको खोजीमा बाहिर निस्कने र यौवनका कारण पनि मान्न सकिन्छ । महिलालाई सुरुमा कामका लागि लगे पनि गएपछि निकृष्ट काममा लगाउने श्रमशोषण गर्ने अनि यौनशोषण समेत गर्नेगरेको समाचारहरूले बताउँछन् । तर बालबालिका र किशोर-किशोरी किन परिरहेका छन् ? के उनीहरू पनि कामको खोजीमा बाहिर निस्किरहेका छन् वा यिनीहरूको माग श्रमशोषण र यौनशोषणका लागि बजारमा धेरै छ ? यो अध्ययनको विषय हो । किनकि, दलालहरूले बालबालिकाको समेत ओसारपसार र तस्करी गर्नेगरेको तथ्याङ्कगत जानकारी हो यो । यो तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समयमा बालबालिका बढी सङ्कटमा छन् र उनीहरूको ओसारपसार तथा बेचबिखन लगातार बढ्दै गएको छ ।

२०७७ सालमा कोभिडको समयमा पनि लैङ्गिक हिंसामा प्रायः सबै उमेर समूहका व्यक्तिहरू परेका छन् । यो सूचक अन्तरगत परेका ३ सय ९० जनामा पनि सबैभन्दा बढी शून्य देखि १७ वर्ष उमेर समूहका बालबालिका र किशोरकिशोरी रहेका छन् । यो उमेर समूहका २ सय ६५ जना परेको समाचारमा जनाइएको छ, जुन ६७ प्रतिशतभन्दा बढी हुन आउँछ ।




यो तथ्याङ्कले के देखाउँछ भने, लैङ्गिक हिंसाको सवालमा कोरोना महामारीको समयमा सबै उमेर समूहका व्यक्तिहरू परेका छन् । तर पनि महामारी वा कुनै पनि सङ्कटका बेलामा बालबालिका र किशोरकिशोरीहरू नै बढी जोखिममा पर्ने रहेछन् ।

## २.७ प्रभावितको स्थायी बसोबास (Survivors' Place of Origin)

मानवबेचबिखन तथा ओसारपसारका घटनाको सुरुवात ललाईफकाईबाट हुने भएकाले प्रभावितको स्थायी बसोवास रहेको स्थानमा बेचबिखनको काम भएको हुदैन । उसको घर गाउँमा पुगेर ललाईफकाई गर्ने काम मात्र हुन्छ । ललाईफकाईका क्रममा प्रभावित व्यक्ति फकाउने व्यक्तिले भनेको स्थानमा उसँग जान तयार भएपछि बल्ल ओसारपसार तथा बेचबिखनको जोखिम बढ्न थाल्दछ । यो क्रममा बाटोमा लैजाँदा, बोर्डरमा वा बेचिएको स्थानमा छापा मार्दा वा कुनै पनि तरिकाले त्यो स्थानबाट उम्किएर प्रभावित भागेर सुरक्षाकर्मीको सम्पर्कमा आएपछि बल्ल त्यो घटना रिर्पोट हुन्छ र समाचारमा आउँछ । समाचारमा आउँदा त्यो घटना रिर्पोट भएको स्थानबाट आउने भएकाले यो अध्ययनका क्रममा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित हुने व्यक्ति धेरैजसो देशको कुन भागका छन् अथवा कुन जिल्लाका छन् भन्ने पनि जान्ने प्रयास गरिएको थियो । जसका कारण ती जिल्लाहरूमा थप कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ ।

पाँच वर्षको तुलनात्मक अध्ययन गर्दा देशका सबै भाग जोखिमपूर्ण अवस्थामा रहेको देखिएको छ । झन् पछिल्लो समयमा दलालहरूले प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जालबाट पहुँच बढाउने गरेकाले उनीहरूलाई भौतिक रूपमा सबै ठाउँमा आफै उपस्थित हुनु नपर्ने हुँदा देशको सबै भागमा पहुँच बनाएका छन् ।

| प्रभावितहरुको स्रोत स्थल | जिल्ला | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | भोजपुर | ४ | | | | |
| | धनकुटा | २ | १ | १ | | |
| | इलाम | ३ | ४ | १ | | |
| | झापा | ७ | ३ | १ | | २ |
| | खोटाङ | २ | | १ | | |
| | मोरङ | २ | ४ | ३ | | १ |
| | पाँचथर | १ | १ | | | |
| | संखुवासभा | | २ | | १ | |
| | सोलुखुम्बु | | | | १ | १ |
| | सुनसरी | ८ | ४ | २ | | १ |
| | ताप्लेजुङ्ग | | १ | | | |
| | तेह्रथुम | १ | | | | १ |
| | उदयपुर | २ | १ | १ | | |
| मधेस प्रदेश | पर्सा | | ३ | २ | | ४ |
| | बारा | | | २ | | |
| | रौतहत | २ | १ | | | |
| | सर्लाही | १ | २ | ९ | | १ |
| | धनुषा | २ | १ | २ | | |
| | सिरहा | २ | १ | २ | १ | |
| | महोत्तरी | | १ | १ | १ | १ |
| | सप्तरी | | २ | | | २ |
| बाग्मती प्रदेश | सिन्धुली | ३ | १ | | | १ |
| | रामेछाप | | १ | | | |
| | दोलखा | ३ | १ | | | |
| | भक्तपुर | | | | | १ |
| | धादिङ | ६ | १ | १ | | |
| | काठमाडौं | १ | ३ | ३ | २ | ४ |
| | काभ्रेपलाञ्चोक | ४ | ५ | | | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाग्मती प्रदेश | ललितपुर | | | | | १ |
| | नुवाकोट | १३ | ७ | ६ | १ | ३ |
| | रसुवा | १ | | | | १ |
| | सिन्धुपाल्चोक | १५ | ९ | | २ | ३ |
| | चितवन | ५ | १ | | | |
| | मकवानपुर | ५ | ४ | १ | १ | १ |
| गण्डकी प्रदेश | गोरखा | १ | | १ | १ | |
| | कास्की | १ | १ | | | |
| | लमजुङ | | १ | २ | | २ |
| | म्याग्दी | | | | | ३ |
| | नवलपुर | ३ | | २ | | |
| | पर्वत | १ | | | | १ |
| | स्याङ्जा | २ | | | | १ |
| | तनहुँ | २ | १ | | | |
| लुम्बिनी प्रदेश | कपिलवस्तु | १ | ३ | | | १ |
| | परासी | ४ | २ | | | |
| | रुपन्देही | | २ | | | ३ |
| | अर्घाखाँची | | | | | १ |
| | गुल्मी | १ | | | | १ |
| | पाल्पा | १ | | | | |
| | दाङ | ४ | | | | २ |
| | पूर्वी रुकुम | | १ | | | |
| | बांके | १ | ३ | २ | | १ |
| | बर्दिया | १ | २ | | | |
| कर्णाली प्रदेश | पश्चिम रुकुम | | १ | | | |
| | सल्यान | १ | | २ | | |
| | दोल्पा | | | १ | | |
| | हुम्ला | | | १ | | १ |
| | जुम्ला | १ | ३ | | | |
| | कालीकोट | १ | | २ | | |
| | सुर्खेत | १ | १ | ४ | १ | १ |
| | दैलेख | १ | ५ | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | जाजरकोट | | १ | | | |
| सुदुरपश्चिम प्रदेश | कैलाली | २ | २ | | | १ |
| | अछाम | | १ | | | |
| | बाजुरा | १ | | | | |
| | कंचनपुर | ३ | ४ | | | |
| | बैतडी | | १ | १ | | १ |
| विदेश / नेपाल बाहिर | | २ | | | | |
| जम्मा | | १३१ | १०० | ५८ | १२ | ५२ |

यस अध्ययनमा २०७४ देखि २०७७ सम्म जिल्लागत आधारमा तथ्याङ्क प्रस्तुत गरिएको छ भने २०७८ सालदेखि प्रदेशका आधारमा जिल्लाहरूलाई छुट्टयाई सोही बमोजिम तथ्याङ्क प्रस्तुत गरिएको छ । पत्रकार आचारसंहिताको कारण प्रभावितको पूर्ण र सही स्थायी ठेगाना उल्लेख गर्न नमिल्ने हुनाले कतिपय समाचारमा प्रभावितको स्थायी ठेगाना उल्लेख गरिएको पनि थिएन ।

यो सूचक अन्तरगत २०७४ सालमा नमूनाका रूपमा लिइएका पत्रिकामा प्रकाशित समाचारलाई विश्लेषण विदेश सहित ४६ जिल्लाका गर्दा १ सय ३१ जना प्रभावित रहेका थिए । यो बर्ष स्थायी बसोबास वा ठेगानाका आधारमा सबैभन्दा धेरै नुवाकोट र सिन्धुपाल्चोकबाट मानवबेचबिखन तथा ओसारपसारमा परेका थिए । २०७५ सालमा पनि प्रभावितहरू देशका प्रायः सबै जिल्लाका रहेका छन् । यो वर्ष प्रकाशित समाचारहरूका अनुसार विदेश सहित ४४ जिल्लाका १ सय जना प्रभावित यो सूचक अन्तरगत परेका थिए । तर हरेक वर्ष जस्तो यो वर्ष पनि सबैभन्दा प्रभावित सिन्धुपाल्चोक र नुवाकोट जिल्लाकै रहेका छन् । २०७६ सालमा यो सूचक अन्तरगत परेका समाचारमा २७ जिल्लाका ५८ जना प्रभावित परेका थिए । यी मध्ये यो वर्ष सबैभन्दा धेरै तराईको सर्लाही जिल्लाका ९ जना थिए । यही कारण यो वर्ष सबैभन्दा धेरै मधेशी समुदायका व्यक्तिहरू बेचबिखन तथा ओसारपसारमा परेका थिए । तर दोस्रो नम्बरमा भने मानव बेचबिखन तथा ओसारपसारको अपराधमा सदैव अग्रणी रहने नुवाकोट जिल्ला रहेको थियो । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत १२ वटा समाचार परेका थिए जसमा सबैभन्द बढी ४२ प्रतिशत बागमती प्रदेशका परेका थिए । २०७८ सालको तथ्याङ्कअनुसार विदेश सहित सातै प्रदेशबाट ५२ जना व्यक्ति परेका थिए । जसमा सात प्रदेश मध्ये बागमती प्रदेशबाट सबैभन्दा बढी बेचबिखन तथा ओसारपसार भइरहेको देखिएको थियो । बागमती प्रदेशबाट ३४ प्रतिशत व्यक्ति परेका छन् भने दोस्रोमा मधेश र लुम्बिनी प्रदेशबाट समान १७-१७ प्रतिशत व्यक्ति परेका छन् ।

कोभिड-१९ महामारीको प्रभाव देशका सबै भागमा परेको थियो । यसैगरी कोभिडकै कारण सरकारले लकडाउन घोषणा गरेपछि त यसको प्रभाव हरेक घर घर तथा व्यक्ति व्यक्तिमा परेको थियो । यो सूचक अन्तरगत देशका कुन भाग अझ विशेष गरेर कुन जिल्लाका व्यक्ति बढी लैङ्गिक हिंसाको मारमा परे भनेर जान्ने प्रयास गरिएको थियो । नमूनाका रूपमा लिइएका सञ्चार माध्यमका समाचार अनुसार यस सूचक भित्र परेका ६१ जिल्लाका ७ सय ५४ जना प्रभावित मध्ये सबैभन्दा धेरै बैतडी जिल्लाका एकसय ७८ जना परेका छन् भने दोस्रो नम्बरमा बझाङ जिल्लाका एकसय सात जना परेका छन् । कोभिडको बेलामा गरिएको अध्ययनमा सबैभन्दा धेरै पश्चिम नेपालका व्यक्तिहरू लैङ्गिक विभेदमा आधारित हिंसामा परेका देखिएको छ । कोभिडका कारण भारत तथा नेपालमा पनि भएको लकडाउनका कारण भारतमा काम गरिरहेका नेपालीहरू हजारौंको सङ्ख्यामा असुरक्षित एवं कष्टपूर्ण तरिकाले नेपाल फर्किएका थिए र उनीहरू घरमा रहदा लैङ्गिक हिंसा बढी भएको तथ्याङ्कले देखाएको छ । यसमा पनि थप विस्तृत अध्ययन आवश्यक छ ।

प्रभावितको स्रोत स्थल/स्थायी वसोवास (कोभिड-१९)

| जिल्ला | संख्या |
|---|---|
| बाग्लुङ्ग | १ |
| बैतडी | १७८ |
| बभ्राङ | १०७ |
| बाजुरा | २ |
| बाँके | ७ |
| बारा | ४५ |
| बर्दिया | १ |
| भक्तपुर | ४ |
| भोजपुर | ५ |
| चितवन | ६ |
| डडेल्धुरा | १ |
| दैलेख | ५ |
| दाङ | ९ |
| दार्चुला | ८१ |
| धादिङ्ग | ३ |
| धनकुटा | ३ |
| धनुषा | १९ |
| दोलखा | ४ |
| डोटी | ४ |
| गोर्खा | ३ |
| हुम्ला | १ |
| ईलाम | ५ |
| जाजरकोट | २ |
| झापा | ४ |
| जुम्ला | १ |
| कैलाली | १२ |
| कालिकोट | ४ |
| कचंनपुर | ५ |
| कपिलवस्तु | ५ |
| कास्की | ६ |
| काठमाडौं | २७ |

| जिल्ला | संख्या |
|---|---|
| काभ्रेपलाञ्चोक | ५ |
| खोटाङ्ग | २ |
| ललितपुर | २ |
| लमजुङ्ग | १ |
| महोत्तरी | ३ |
| मकवानपुर | ६ |
| मोरङ्ग | १४ |
| मुस्ताङ्ग | |
| म्याग्दी | १ |
| नवलपुर | १ |
| ओखलढुङ्गा | ३ |
| पाल्पा | ३ |
| परासी/नवलपरासी | २० |
| पर्वत | ३ |
| पर्सा | ६ |
| रामेछाप | ३ |
| रौतहट | १४ |
| रोल्पा | १ |
| रुपन्देही | ७ |
| सल्यान | १ |
| संखुवासभा | १ |
| सप्तरी | २४ |
| सर्लाही | ४ |
| सिन्धुली | ४ |
| सिन्धुपाल्चोक | ३ |
| सिरहा | १५ |
| सुनसरी | ३० |
| सुर्खेत | ५ |
| ताप्लेजुङ्ग | १ |
| उदयपुर | ४ |
| पश्चिम रुकुम | ७ |

यसैगरी अध्ययनको क्रममा नेपालभन्दा बाहिर स्थायी बसोबास भएका व्यक्तिहरू पनि मानव बेचबिखन तथा ओसारपसारमा परेको देखिएको छ ।

पाँच वर्षको तथ्याङ्कले सात प्रदेश मध्ये सबैभन्दा कम कर्णाली र सुदुरपश्चिम प्रदेशबाट मानव बेचबिखन तथा ओसारपसार कम भएको देखाउँछ र कोभिडका बेला लैङ्गिक विभेदमा आधारित हिंसा बढी भएको देखाउँछ । अन्य समयमा कम हुनुको कारण त्यहाँ मानव बेचबिखन तथा ओसारपसारको घटना कम भएर हो वा सञ्चार माध्यमको पहुँच नपुगेर हो, अध्ययन हुनुपर्ने विषय हो । किनकि, सुदुरपश्चिम र कर्णाली यस्तो प्रदेश हुन्, जहाँ नागरिक दैनिक छाक टार्न पनि गाउँ पूरै खाली गरेर भारतमा मौसमी रोजगारीका लागि जाने गरेका छन् ।

पाँचै वर्षको तथ्याङ्कलाई अध्ययन गर्दा मानव बेचबिखन तथा ओसारपसारको समस्या जहाँ विगत देखि नै बढी छ, त्यहींका व्यक्ति नै बढी परिरहेको तथ्याङ्क आइरहेको छ । यसले के देखाउँछ भने, कतै हामी तथ्याङ्क पाएर पनि त्यहाँ प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्न सकिरहेका छैनौं अथवा हामीले गरेका प्रयासहरू त्यसै खेर गइरहेका छन् वा प्रभावकारी भइरहेका छैनन्, यो अध्ययनको विषय हो । हरेक वर्ष मानवबेचबिखन तथा ओसारपसारमा बढी प्रभावित हुँदै आएका जिल्लाहरूमा नै बढी समस्या रहेको देखिएको छ ।

## २.८ ओसारपसार/बेचबिखनकर्ता अर्थात् पीडकको प्रकार (Types of Trafficker)

मानवबेचबिखन तथा ओसारपसारको पहिलो चरण भनेको ललाईफकाई हो र ललाईफकाई गर्न नजिकैको चिनेको मानिस, साथीभाइ वा आफन्त नै हुनुपर्दछ । पीडितले भोगिरहेको अभाव वा उसका सपनाका भावनाहरूमा खेलेर यस्ता मानिसले उनीहरूलाई ललाईफकाई गर्ने गर्दछन् । जसमा पति, प्रेमी, मामा-माइज्यू, काका-काकीजस्ता नाता सम्बन्धका मानिस नै मानवबेचबिखन तथा ओसारपसारमा सामेल छन् । यो सूचक मार्फत मानवबेचबिखन तथा ओसारपसार र मानव तस्करीमा कस्ता कस्ता व्यक्ति लागेका छन् भन्ने जान्ने प्रयास गरिएको छ । हरेक व्यक्ति व्यक्तिका सोचलाई नियन्त्रण गर्न एकातर्फ राज्यले सक्दैन भने अर्कोतर्फ आफूले चिनेजानेका मानिस, आफन्त अझ भनौं, कतिपय अवस्थामा श्रीमान् वा प्रेमी, जसलाई सबैभन्दा बढी विश्वास गरिन्छ, त्यस्ता मानिस नै ललाईफकाई गरी मानव बेचबिखन तथा ओसारपसारमा संलग्न हुन्छन् भने यसलाई नियन्त्रण गर्न निकै चुनौती छ । मानिसले आफूलाई सबैभन्दा सुरक्षित ठान्ने घरभित्रै यस्ता योजना बन्ने वा घर परिवारकै सदस्यले बेचबिखन गर्ने उदेक लाग्दो अवस्था हरेक वर्ष दोहोरिने गरेको छ । साथी बनाएर, प्रेमी वा प्रेमिका बनाएर, विवाह गरेर लैजाने त एकातर्फ छँदैछ । तर कतिपय अवस्थामा विवाह गरेपछि परिवारको सल्लाहमै विदेश कामका लागि जाने र श्रीमान्ले उतै बेचिदिने गरेका अवस्थापनि छन् । २०७५ सालमा एउटा समाचार छ, "मलाई र छोरालाई श्रीमान्ले बेचे" शीर्षकको । जसमा विवाहपछि विदेशमा काम गर्न श्रीमान् श्रीमती दुबै जान्छन् । त्यहाँ एउटा छोरा पनि जन्मिन्छ । तर त्यसपछि श्रीमान्ले श्रीमती र छोरा दुबैलाई बेचिदिन्छन् । हुन त कतिपय अवस्थामा राम्रोका लागि परिवारले छोराछोरीलाई विदेश जान सघाउँछन्, तर त्यही पछि बेचबिखनमा परिणत भइदिदा सुरुदेखिको योजनामा परिवारकै सदस्य संलग्न भएको तथ्याङ्क आउँछ । यसैगरी, अर्को समाचार थियो, "पढाई छाडेर विदेशिन्छन् किशोरी" । जसमा उल्लेख थियो, अभिभावकले नै छोरीलाई विदेश जान उक्साउने गरेका छन् । अर्कोतर्फ वैदेशिक रोजगारीमा जाँदा जहिले पनि एजेन्ट, परामर्शदाता वा वैदेशिक रोजगार व्यवसायीको नै भर पर्नुपर्ने भएकाले यिनै व्यक्तिले प्रभावितको सोझोपन वा बाध्यताको फाइदा उठाई बेचबिखन तथा ओसारपसार गर्छन् भने यो पनि नियन्त्रण गर्न चुनौती नै छ । तर पछिल्लो समय असुरक्षित आप्रवासन र वैदेशिक रोजगारीकै क्रममा हुने मानवबेचबिखन तथा ओसारपसार अध्ययनका पाँच वर्षमा बढी देखियो । पाँचवर्षमा प्राप्त समाचारहरू मार्फत् यी तथ्यहरू प्रष्टसँग उजागर भएका छन् ।

२०७४ सालमा नमूनाका रूपमा लिइएका पत्रपत्रिकाका समाचारहरूलाई विश्लेषण गर्दा जम्मा १ सय ९ वटा समाचारहरू यो सूचक अन्तरगत परेका थिए । यी मध्ये सबैभन्दा धेरै ६२ प्रतिशत समाचारमा एजेन्ट, म्यानपावर व्यवसायी र परामर्शदाता संस्थाका व्यक्तिहरू नै मानव बेचबिखन तथा ओसारपसारमा संलग्न थिए । २०७५ सालमा यो सूचक अन्तरगत ४० वटा समाचार थिए, जसमा सबैभन्दा धेरै ३३ प्रतिशत दलाल, एजेन्ट/म्यानपावर व्यवासायी/परामर्शदाता थिए । २०७६ सालमा त यो बढेर ४९ प्रतिशत पुगेको थियो । यो सूचक अन्तरगत २०७६ मा ७२ वटा समाचार थिए । २०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत २२ वटा समाचार थिए, जसमा ५० प्रतिशत अभियुक्त एजेन्ट, वैदेशिक रोजगार व्यवसायी र परामर्शकर्ताहरू थिए । २०७८ पनि यो सूचक अन्तरगत सबैभन्दा बढी प्रतिशतमा एजेन्ट वा वैदेशिक रोजगार एजेन्सी र परामर्शदाताहरू परेका थिए । यसपालि जम्मा ७९ वटामा ४५ प्रतिशत समाचारमा दलाल यिनीहरू थिए । यसबाट नै थाहा हुन्छ, मानव बेचबिखन तथा ओसारपसार कति व्यवस्थित र कर्पोरेट शैलीमा भइरहेको छ भनेर । पहिला पहिला प्रभावितका चिनेजानेका मानिस वा आफन्तले ललाईफकाई गरेर लैजाने क्रम बढी थियो । तर अहिले वैदेशिक रोजगारको प्रलोभनमा पारेर एजेन्ट वा दलालहरू सक्रिय छन् । २०७८ मा त बालगृह सञ्चालकले समेत लिएर गएको पाइएको थियो ।




२०७७ सालमा कोरोना महामारीका समयमा लकडाउन समेत भएकाले धेरैजसो मानिस घरभित्रै बस्न बाध्य भए । यसकारण धेरैजसो समाचारमा पीडकका रूपमा श्रीमान् वा पति देखिएका थिए । नमूनाका रूपमा लिइएका सञ्चार माध्यममा आएका समाचारअनुसार सबैभन्दा धेरै श्रीमान्ले लैङ्गिक हिंसा गरेका १ सय २ वटा घटना छन् । परिवारका नाता सम्बन्धका व्यक्तिका साथै छिमेकीबाट समेत हिंसा भएका थिए । यसैगरी एजेन्ट, वैदेशिक रोजगार व्यवसायी र परामर्शदाता पनि पीडकका रूपमा देखिएका थिए । पीडकका रूपमा शिक्षक, डाक्टर, प्रहरी पनि रहेको अध्ययनले देखाएको छ । पीडकका रूपमा जनप्रतिनिधि पनि देखिएका छन् । अध्ययनअनुसार नगरपालिकाका मेयर नै पीडक रहेको, वडा अध्यक्ष पीडक रहेको र वडा सदस्य पीडक रहेको घटना पनि थिए ।




यो तथ्याङ्कले एकदमै डरलाग्दो रूप देखाउँछ लैङ्गिक हिंसा भनेको घर परिवार भित्रको विषय हो कि भन्ने जस्तो पनि महसुस हुन्छ । किनकि, पीडकहरू प्रायः धेरैजसो घर परिवारभित्रका, नाता सम्बन्धका वा चिनेजानेका मानिसहरू नै छन् । अझ कोभिड जस्तो महामारी, जतिबेला घरभित्रै धेरै बस्नु पर्ने हुन्छ, यस्तो समयमा पीडक सधैँ साथमै रहने भएकाले हिंसाको जोखिम झन् बढी हुन्छ । माया गर्ने आशा गरिएका पति वा बाबु, सेवक भनेर चिनिएका शिक्षक, डाक्टर, जनप्रतिनिधि पीडकका रूपमा अगाडि देखिनु एकदमै पीडादायी हो ।

## २.५ मानव बेचबिखन तथा ओसारपसारको प्रकार (Types of Trafficking)




मानव बेचखिन तथा ओसारपसार देशभित्रको मात्रै समस्या होइन भन्ने प्रमाणित तथ्य हो । तर पहिलापहिला देशभित्रभन्दा देशबाहिर लगेर बेचबिखन गरिएका घटना धेरै हुन्थे । वैदेशिक रोजगारीका कारण यो क्रम झन् बढेको छ । तर देशभित्रै मानव बेचबिखन तथा ओसारपसारको अपराधको अवस्था डरलाग्दो रहेको पाँच वर्षको तथ्याङ्कले बताउँछ । मानव बेचबिखन तथा ओसारपसार भौतिक रूपमा देशभित्र/बाहिर, वैदेशिक रोजगारीको नाममा, मानव अङ्ग बेचबिखनको नाममा अर्थात् कस्तो-कस्तो हुन्छ भनेर जान्ने प्रयास यस सूचक अन्तरगत गरिएको हो । मानवबेचबिखन तथा ओसारपसार भन्ने वित्तिकै प्रायःजसो विदेशमा लगेर हुने बेचबिखन भनेर लामो समयसम्म बुझ्ने गरिएको थियो । स्वेदशमै हुने मानववेचबिखन तथा ओसारपसारलाई स्वीकार गर्न निकै लामो समय लागेको थियो । पछिल्लो समयमा सहर केन्द्रित भएर आप्रवासन बढ्दै गएपछि देशभित्रै पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या भयावह हुँदै गएको पाँच वर्षको अध्ययनले देखाउँछ ।

२०७४ सालमा यो सूचक अन्तरगत नमूनाका रूपमा लिइएका पत्रपत्रिकाका १ सय ४ वटा समाचार परेका थिए । जसमध्ये सीमापार बेचबिखन तथा ओसारपसार ५२ प्रतिशत थियो भने वैदेशिक रोजगारीका क्रममा भएका मानव बेचबिखन तथा ओसारपसार ४२ प्रतिशत थियो । यसले पनि देखाउँछ, पछिल्लो समयमा वैदेशिक रोजगारीका आडमा मानव बेचबिखन भइरहेको गम्भिर अवस्था । तर यसलाई वैदेशिक रोजगार व्यवसायीहरू स्वीकार गर्न तयार छैनन् । जसका कारण अहिले पनि वैदेशिक रोजगारी अन्तरगत भएका मानव बेचबिखन तथा ओसारपसारलाई मानव बेचबिखन तथा ओसारपसार ऐन आकर्षित नगरी वैदेशिक रोजगार ऐन अन्तरगत ठगीतर्फ आकर्षित गरेर अभियुक्तहरू सजिलै उम्कने गरेका छन् । अर्कोतर्फ वैदेशिक रोजगारीमा गएर बेचबिखन तथा ओसारपसारमा परेका प्रभावितहरू पनि सामाजिक, कानुनी लगायतका विविध कारणले गर्दा आफू बेचबिखन र यौनशोषणमा परेको भन्न हिच्किचाउने र उजुरी दिँदा पनि ठगीमा मात्र दिने गरेका छन् । यसमा सबैभन्दा ठुलो कारण उनीहरूले तिरेको पैसा फिर्ता हुने आशा पनि रहने गरेको छ । यसकारण यदि प्रभावितको पैसा फिर्ताको सुनिश्चितता हुने हो भने मानव बेचबिखन तथा ओसारपासारमा उजुरी बढ्न पनि सक्ने केही समाचारले सङ्केत गरेका छन् । २०७४ सालमा आन्तरिक ओसारपसार र बेचबिखन यो वर्ष ४ प्रतिशत थियो । २०७५ सालमा नमूनाका रूपमा लिइएका पत्रिकामा यो सूचकसँग सम्बन्धित ६८ वटा समाचार थिए । जसमा सबैभन्दा धेरै त सीमापार गरेर लगिएका घटना नै थिए । ५४ प्रतिशत घटना नेपालबाट विदेशमा ओसारपसार गरेर गरिएका थिए ।

यसैगरी २६ प्रतिशत घटनामा वैदेशिक रोजगारीका लागि बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित थियो । ८ प्रतिशत घटना भने आन्तरिक ओसारपसार तथा बेचबिखनसँग सम्बन्धित थियो । एकातर्फ आन्तरिक बेचबिखन तथा ओसारपसारलाई त्यति गम्भिरतापुर्वक लिएको पाईदैन भने अर्कोतर्फ यसको सङ्ख्या हरेक वर्ष बढ्दै गएको छ । २०७६ सालमा यो बढेर ११ प्रतिशत पुग्यो । यसपालि यो सूचक अन्तरगत परेका ६१ वटा समाचारमध्ये सीमापार ओसारपसार तथा बेचबिखनका ५२ प्रतिशत थिए । यसैगरी, वैदेशिक रोजगारीका नाममा विदेश लगेर बेचबिखन गरेको भनेर स्पष्ट किटिएका समाचार पनि २८ प्रतिशत थिए । २०७७ सालको कोभिड-१९ पछिको समय (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत २२ वटा समाचार थिए जसमा ५९ प्रतिशत समाचारमा वैदेशिक रोजगारीको आडमा बेचबिखन तथा ओसारपासर र तस्करी भएको उल्लेख थियो । २०७८ सालमा सीमापार बेचबिखन तथा ओसारपसारमा ४५ प्रतिशत देखिएको थियो भने आन्तरकि बेचबिखन तथा ओसारपसार ७ प्रतिशत छ । यसपाली वैदेशिक रोजगारिका नाममा बेचबिखन तथा ओसारपसार पनि ४१ प्रतिशत नै थियो । यी सबै प्रायः कुनै न कुनै रूपमा रोजगारीको खोजीमा निस्कदाका घटनासँग जोडिएका छन् । यो वर्षको एउटा घटनामा त मानिस मारेर औंला मात्र काटेर ओसारपसार गरेको घटना समेत थियो । अध्ययनका क्रममा बालयौन शोषण गर्ने उद्देश्यले लगिएका, नक्कली विवाह र धर्मपुत्र/पुत्री बनाउने नाममा बेचबिखन तथा ओसापसार गरिएका समाचार पनि थिए ।

**कोभिडको अवधिमा भएका हिंसाहरू**



कोभिड-१९ अर्थात् कोरोना महामारीको समयमा भएको लकडाउनका कारण धेरैजसो समय मानिसहरू घरपरिवारमा सँगै बसे र घरपरिवारभित्र विविध कारणले हिंसाहरू बढेको अध्ययनका क्रममा देखिएको छ। २०७७ सालमा कोभिड-१९ को समयमा प्राप्त समाचारहरूअनुसार ३ हजार ८ सय ८५ जना विभिन्न हिंसाबाट प्रभावित भएका थिए । यीमध्ये सबैभन्दा धेरै इन्टरनेट मार्फत भएका दुर्व्यवहार अर्थात् साइबर अपराधका घटना धेरै पाइएका छन् । समाचारहरूमा उल्लेख भएअनुसार, साइबर अपराधका घटना ९ महिनाको अवधिमा ७ सय ६७ वटा भएका थिए । यसपछि दोस्रो नम्बरमा यौन दुर्व्यवहारका घटना देखिएका छन् । जसमा ६ सय ५२ वटा घटना छन् । यसपछिको ठुलो सङ्ख्या अर्थात् तेस्रो नम्बरमा बलात्कारका घटना ४ सय ४९ वटा देखिएका छन् । यसैगरी मानव बेचबिखन तथा ओसारपसारका ३ सय ८१ र घरेलु हिंसाका ३ सय ५९ वटा घटना बाहिर आएका थिए ।

## २.१० मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य (Objectives of Trafficking)

मानव बेचबिखन तथा ओसारपसारको आयाम बढ्दै जाँदा यसको उद्देश्यहरू पनि बढ्दै गएको छ । मानव बेचबिखन तथा ओसारपसारको ईतिहास खोज्दै जाँदा एकातर्फ दासदासीका रूपमा मानव बेचबिखन गर्ने परम्पराको अवशेषका रूपमा यसलाई लिइन्छ भने अर्कातर्फ राजा, महाराजा वा सामन्तहरूकहाँ काम गर्ने, सुसारे बनाउने जस्ता उद्देश्यले स्थानान्तरण बढ्दै जाँदा त्यसकै आधुनिक रूप मानव बेचबिखन तथा ओसारपसार हो । यसैगरी पहिलेदेखि नै कामको खोजीमा भारत जाने वा लाहुरे बन्न जाने परम्परा वा बाध्यताको परिणाम नै अहिलेको वैदेशिक रोजगारी हो । तर अहिले परम्परागत कारणहरू सँगसँगै नयाँनयाँ उद्देश्यहरूका लागि पनि मानव बेचबिखन तथा ओसारपसार बढेको छ। यसको पछिल्लो उदाहरण कलिला किशोरीहरूको छाला मेकअपका लागि चाउरी परेको छालामा प्रत्यारोपण गर्नु हो । मानव बेचबिखन तथा ओसारपसारको मूल उद्देश्य यौनशोषण तथा श्रमशोषण नै हुने गरेको अहिलेसम्मका अध्ययनहरूले देखाएको छ । तर कतिपय अवस्थामा भने लैजादा झन्झट नहोस् भनेर भित्री उद्देश्य श्रमशोषण वा यौनशोषण भए पनि वैदेशिक रोजगारीको आडमा वैधानिक रूपमै लैजाने गरिएको छ। यसकारण यो सूचकमार्फत् मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी गर्नु पछाडि के के उद्देश्य रहेका छन् भनेर जान्ने प्रयास गरिएको थियो ।




यो सूचक अन्तरगत २०७४ सालमा नमूनाका रूपमा लिइएका पत्रिकाहरूमा १ सय ६ वटा समाचार थिए । जसमध्ये ३५ प्रतिशत समाचारमा मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य यौनशोषणका लागि भनेर खुलेको थियो । यसैगरी २७ प्रतिशत समाचारमा श्रमशोषणका लागि लगिएको उल्लेख थियो । २०७५ सालमा छापिएका

समाचारमा जनाए अनुसार एउटा घटनामा मानिसको भ्रुण नै अवैध ओसारपसार गरिएको थियो । "मानव भ्रूण तस्करीको अनुसन्धान" शीर्षकको समाचारमा भारतीय अधिकारीले एक मलेसियाली नागरिकले सुटकेसमा राखेको बट्टामा मानव भ्रूण लुकाएर ल्याएको फेला पारेका थिए । पक्राउ परेका अभियुक्तले मुम्बईकै एक महँगो टेस्टट्युब क्लिनिकका लागि ल्याइदिएको बताएका थिए । यो वर्ष यस सूचक अन्तरगत ६३ वटा समाचार थिए । जसमध्ये ५१ प्रतिशत समाचारमा यौनशोषणका लागि ओसारपसार तथा बेचबिखन गरेको खुलेको थियो । यसैगरी ३५ प्रतिशत समाचारमा श्रमशोषणका लागि ओसारपसार तथा बेचबिखन गरेको समाचारबाट खुलेको थियो । २०७६ सालमा मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य सूचकमा ६० वटा समाचारहरू थिए । अन्य वर्ष नभएको भन्दा फरक यो वर्ष एउटा घटना व्यक्तिलाई भगवानका नाममा चढाउने कुप्रथा नरबली दिन ओसारपसार गरिएकोसँग सम्बन्धित थियो । यो वर्ष यो सूचकमा सबैभन्दा धेरै ५५ प्रतिशत समाचारमा यौनशोषणका लागि ओसारपसार तथा बेचबिखन गरिएको भन्ने उल्लेख थियो । यसैगरी २५ प्रतिशत समाचारमा भने श्रमशोषणका लागि ओसार पसार तथा बेचबिखन गरिएको उल्लेख थियो । २०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा यस सूचक अन्तरगत २२ वटा समाचार परेका थिए जसमा ५४ प्रतिशतमा यौनशोषणका लागि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी गरिएको उल्लेख थियो । २०७८ सालमा यस सूचक अन्तरगत यौनशोषणका लागि मानव बेचबिखन तथा ओसारपसारका घटना बढी भएको तथ्य बाहिर आएको थियो । जसमा ४० प्रतिशत व्यक्तिलाई यौनशोषणका लागि लगिएको पाइएको छ । यसैगरी श्रमशोषणका लागि २९ प्रतिशत व्यक्ति लगिएको थियो । यो वर्ष यस सूचक अन्तरगत जम्मा ५२ वटा समाचार थिए ।

## २.११ मानव बेचबिखन तथा ओसारपसारका कारणहरू (Reasons of Trafficking)

मानव बेचबिखनका उद्देश्य र कारणहरू उस्तै-उस्तै सुनिए पनि अध्ययनका क्रममा समाचारहरू हेर्दा कारण र उद्देश्यमा केही फरक देखिएकाले यो सूचक तय गरिएको हो । मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध धेरै कार्यक्रम सञ्चालनमा छन् । यसको नियन्त्रणमा राज्यका सबै निकाय लागेका छन् । सरकारी तथा गैरसरकारी दुबै पक्षबाट धेरै रकम पनि खर्च भइरहेको छ । तर पनि किन मानिस मानव बेचबिखन तथा ओसारपसारको चङ्गुलमा पर्छन् भनेर यसमा जान्ने प्रयास गरिएको हो । मानव बेचबिखनका कारणहरू खोतल्दा प्रभावित व्यक्ति के कारणले ललाईफकाईमा पऱ्यो भन्ने खोज्ने प्रयास गरिएको छ अर्थात् यो प्रभावितसँग सम्बन्धित सूचक हो भने उद्देश्यमा पीडकले के कामका लागि ललाईफकाई गर्छ भन्ने पत्ता लगाउने प्रयास गरिएको हो । यसकारण उद्देश्य पीडकसँग सम्बन्धित सूचक हो भने कारण प्रभावितसँग सम्बन्धित सूचक हो । यो सूचक अन्तरगत गरिबी अथवा कमजोर आर्थिक अवस्था, वादविवाद वा द्वन्द्व, घरेलु हिंसा, पारिवारिक विखण्डन, प्राकृतिक विपत्ति वा कोभिड-१९, रोजगारीको अभाव वा राम्रो अवसरको खोजी तथा अन्य उप-सूचक अन्तरगत तथ्याङ्क विश्लेषण गरिएको हो । अध्ययनको पाँचै वर्षमा सबैभन्दा बढी मानव बेचबिखन तथा ओसारपसारको कारणमा गरिबी अथवा कमजोर आर्थिक अवस्था र रोजगारीको अभाव वा राम्रो अवसरको खोजी परेको छ । यसरी हेर्दा हाम्रो देशमा भएका तमाम समस्या, गरिबी, बेरोजगारी, अशिक्षा, चेतनाको कमी, सहरको दिवास्वप्न लगायतका कारण नै मानिस घर छाडेर हिंड्न तयार हुने र जोखिममा पर्ने गरेको पाइन्छ । मानिसहरू गरिबी अवस्थामा रहनु, खान लाउन नै दुःख हुनु जस्ता कारणले जोखिम हुन्छ भन्ने थाहा पाउँदापाउँदै पनि घरबाट निस्कने गरेका छन् । यसकारण राज्यले स्थानीय स्तरमै जनसङ्ख्याको अनुपातमा रोजगारी सिर्जना गर्नै पर्दछ ।




२०७४ यो सूचक अन्तरगत परेका १ सय ७ वटा समाचारलाई विश्लेषण गर्दा रोजगारीको अभाव वा राम्रो अवसरको खोजी उप-सूचकमा ५६ प्रतिशत समाचार थिए । यसैगरी गरिबी वा आर्थिक अवस्थाको कमजोरीको कारणले भन्नेमा ६ प्रतिशत समाचारमा परेको थियो । २०७५ सालमा ६२ वटा समाचार थिए । जसमा गरिबी अथवा कमजोर आर्थिक अवस्थालाई ३७ प्रतिशत समाचारमा कारणका रूपमा खुलाइएको छ । यसैगरी अर्को ३७ प्रतिशत घटनामा रोजगारीको अभाव तथा राम्रो अवसरको खोजिका लागि घर छाडेर हिंडेको र बेचबिखन वा ओसारपसारमा परेको खुलको छ । २०७६ मा यो सूचक अन्तरगत ६० वटा समाचार थिए । यसमा रोजगारीको अभाव वा राम्रो अवसरको खोजिका लागि घर छाडिएको भन्ने समाचार ३६ प्रतिशत थिए । सहरको चमकदमक र स्थानीय स्तरमा रोजगारीको अवसर नहुँदा यो समस्या हरेक वर्ष देखिने गरेको छ । यसैगरी, गरिबी वा आर्थिक अवस्था कमजोर भएका कारण घर छाड्न बाध्य भएको र बेचबिखन तथा ओसारपसारमा परेको भन्ने समाचारमा ४० प्रतिशत थिए । २०७७ सालकै कोभिड-१९ महामारीको अवधि पछिको अध्ययन (मङ्सिर १६ देखि चैत मसान्तसम्म) मा भने २२ समाचार यो सूचकमा परेका छन् । जसमा सबैभन्दा धेरै ६८ प्रतिशतमा रोजगारीको अभाव तथा राम्रो अवसरको खोजी कारण रहेको थियो भने १८ प्रतिशतमा गरिबी अथवा आर्थिक अभाव कारण रहेको थियो । २०७८ मा यस सूचकमा ४७ वटा समाचार थिए । जसमा गरिबी वा आर्थिक अवस्था कमजोरमा ३४ प्रतिशत र रोजगारीको अभाव तथा राम्रो अवसरको खोजीमा २९ प्रतिशत समाचार थिए ।

२०७७ सालको कोभिड अवधिको अध्ययनका क्रममा हामीले कोभिडको समयमा किन भए त हिंसा भन्ने कारणहरू पनि जान्ने प्रयास गरेका छौं । यस सूचक अन्तरगत सबैभन्दा धेरै घटना क्वारेन्टाइनमा बस्नुपर्दा भएको भन्ने कारणका रूपमा समाचारहरूमा खुलाइएको छ । रोग लागेको भएपनि नभएपनि सुरक्षित रहन तथा अरुलाई सर्न नदिन क्वारेन्टाइनमा बस्नुपर्ने बाध्यात्मक नियम बनाइएको थियो । तर यसको व्यस्थापन तथा सुरक्षा व्यवस्थाका बारेमा निकै प्रश्न उठेका थिए । सुरक्षा व्यवस्था वा व्यवस्थापनमा भएको कमजोरीले गर्दा हिंसाका कारणहरूमा सबैभन्दा बढी क्वारेन्टाइनमा बस्नु देखिएको छ ।




यो समयमा ७६ प्रतिशत समाचारमा हिंसाको मुख्य कारण क्वारेन्टाइन भन्ने उल्लेख छ । वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै गलत आशा देखाएको कारणले हिंसा भएका घटना ७ प्रतिशत छन् । यसैगरी बलि दिनका लागि लगिएको १ प्रतिशत समाचार थिए । यो तथ्याङ्कले के देखाउँछ भने कोरोना महामारी र लकडाउनका कारण बाहिरबाट नेपाल फर्कन बाध्य मानिसलाई क्वारेन्टाइनमा स्वास्थ्य सुरक्षाका लागि राखिएपनि उनीहरू हिंसाबाट भने बच्न सकेनन् । अर्कोतर्फ हिंसाका विविध कारणहरू देखिनु भनेको महामारीको समयमा पनि महिला तथा बालबालिका सुरक्षित रहन नसकेको तथ्याङ्कले देखाएको छ ।

मानव बेचबिखन तथा ओसारपसार/मानव तस्करीसम्बन्धी सञ्चार अध्ययन गरिरहँदा सञ्चार माध्यमले कति समाचार प्रकाशित गरे भनेर सङ्ख्यात्मक रूपमा गरिने लेखाजोखाका साथसाथै समाचार कति गुणात्मक थिए भनेर पनि अध्ययन गरिएको थियो । सञ्चार माध्यममा आएका समाचारका आधारमा धारणा बनाउने तथा देश र समाजको अवस्था थाहा हुने गर्दछ । यसैगरी, एउटा गलत समाचार वा गलत सम्प्रेषित समाचारले

सम्बन्धित व्यक्तिको जीवनमा निकै ठुलो असर पुऱ्याउने गर्दछ । अर्कोतर्फ मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी जस्तो अमानवीय सामाजिक अपराध रोक्न सञ्चार माध्यमले पनि पेशागत कार्यसँगै सामाजिक उत्तरदायित्व समेत बहन गर्नुपर्दछ । यही कारण यो अध्ययनका क्रममा सञ्चार माध्यमसँग सम्बन्धित केही सूचक बनाएर प्राप्त नमूनाहरूलाई अध्ययन तथा विश्लेषण गरिएको थियो ।

## २.१२ पत्रकार आचारसंहिताको पालना (Journalist Code of Conduct)

कतिपय देशमा आचारसंहिता कुनै सरकारी निकायले जारी गर्छ र हरेक सञ्चार माध्यमले आफ्नो सञ्चार माध्यमका लागि छुट्टै आचारसंहिता पनि जारी गरेका हुन्छन् । कतिपय देशमा भने आचारसंहिता सञ्चार माध्यमहरूको संस्थाले नै जारी गर्ने र लागु गर्ने गरेका हुन्छन् । सामान्यतया आचारसंहिता आफूले आफ्नै लागि जारी गर्ने भएकाले सञ्चार माध्यमहरूले जारी गर्नु ठीक हो । तर नेपालमा भने दोहोरो विधि अपनाएर आचारसंहिता जारी गरिएको छ । नेपालको आचारसंहिता नेपाल पत्रकार महासंघको सहमतिमा सरकारी निकाय प्रेस काउन्सिलले जारी गर्ने गरेको छ । जसले जसरी जारी गरेपनि आचारसंहिताका प्रावधानहरू भने विश्वभरि लगभग एकै किसिमका छन् । यसमा पत्रकार र सञ्चार माध्यमको कर्तव्य, पत्रकार र सञ्चार माध्यमले गर्न नहुने कार्य, उजुरी र कारवाही लगायतका विषय समेटिएका हुन्छन् ।




मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीसँग सम्बन्धित समाचार संवेदनशील भएकाले यो समाचार सङ्कलन, प्रभावितसँगको कुराकानी तथा प्रकाशन, प्रशारणमा पत्रकार वा सञ्चार माध्यमले सजगता अपनाउनु पर्दछ । प्रभावितको नाम, थर, ठेगाना वा अन्य परिचय गोप्य राखेर अभियुक्त उम्किन नपाउन, प्रभावितले न्याय तथा क्षतिपूर्ति पाउन, उनीहरूलाई समाजमा पुनर्स्थापना हुन अप्ठ्यारो नहोस् र अन्य जोखिमबाट पनि मुक्त रहुन् भनेर आचारसंहिता पालनालाई गम्भिरतापूर्वक लिइन्छ । नभए समाचार लेखनले कहिलेकाँही प्रभावितले न्याय पाउनेभन्दा पनि उसका गोपनियता भङ्ग हुँदा झन् बढी समस्यामा पर्ने गरेका छन् । समाचारलाई नमूना तथ्याङ्कका रूपमा लिएर विश्लेषण गरिएकाले समाचार बनाउने क्रममा पत्रकार आचारसंहिता पालनाको अवस्था कस्तो छ भनेर पनि हेर्ने प्रयास गरिएको थियो । नमूनाका रूपमा लिइएका सञ्चार माध्यमहरू निकै लोकप्रिय एवं चल्तीका मिडिया हुन् । यिनले पत्रकार आचारसंहिता पूर्ण पालना गर्दै प्रभावितको सम्पूर्ण परिचय पूर्ण रूपमा गोप्य राख्नुपर्नेमा अध्ययनका क्रममा त्यस्तो पाइएन । अध्ययन गरिएका समाचारमध्ये आधाभन्दा बढीमा आचारसंहिता उल्लङ्घन भएको थियो । अझ कतिपयमा त प्रभावितको फोटो नै प्रकाशन गरेर आचारसंहिताको चरम उल्लङ्घन

गरिएको थियो । वर्षैपिच्छेको तथ्याङ्कले भने आचारसंहिता पालनाप्रति सञ्चार माध्यमहरू सचेत हुदै गएको देखिन्छ । तर मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसा अति संवेदनशील विषय भएकाले एउटा मात्र गल्तीले पनि ठुलो क्षति हुनसक्छ । यसकारण अहिले पनि जुन मात्रामा आचारसंहिता उल्लङ्घनका समाचारहरू देखिएका छन्, त्यसले जोखिम भने कायमै रहेको देखाउँछ । यसतर्फ सञ्चार माध्यमले अझ धेरै मिहिनेत गर्नुपर्ने अवस्था रहेको अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूले देखाएको छ ।




यो सूचक अन्तरगत नाम खुलाइएको, नक्कली नाम दिइएको, सहायक परिचय (आमाबुवाको नाम, घर ठेगाना) खुलाइएको, फोटो छापिएको तथा  परिचय पूर्ण रूपमा गोप्य राखिएको उप-सूचक बनाएर तथ्याङ्क विश्लेषण गरिएको थियो । २०७४ सालमा यो सूचक अन्तरगत नमूनाका रूपमा लिइएका पत्रिकालाई विश्लेषण गर्दा १ सय ८ वटा समाचार थिए । यी मध्ये ६८ प्रतिशत समाचारमा कुनै न कुनै रूपमा पत्रकार आचारसंहिता उल्लङ्घन गरिएका थिए भने आचारसंहिता पूर्ण पालना गरिएका समाचार २० प्रतिशत थिए । १२ प्रतिशत समाचारमा भने नक्कली नाम दिइएको थियो । २०७५ सालमा यो सूचक अन्तरगत ६७ वटा समाचार परेका थिए । जसमा आचारसंहिता पूर्ण पालना गरिएका समाचार १९ प्रतिशत थिए भने आचारसंहिता पालनामा कुनै न कुनै कमजोरी भएका समाचार ७२ प्रतिशत थिए । ९ प्रतिशत समाचारमा भने नक्कली नाम दिइएको थियो । २०७६ सालमा यस सूचक अन्तरगत ७१ वटा समाचार परेका थिए । यी मध्ये आचारसंहिता पूर्ण पालना गरिएका ३८ प्रतिशत, नक्कली नाम दिइएका ४ प्रतिशत र कुनै न कुनै रूपमा आचारसंहिता उल्लङ्घन भएका समाचार ५८ प्रतशित थिए । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत मसान्तसम्म) को अध्ययनमा भने यो सूचक अन्तरगत ११ वटा समाचार परेका थिए । जसमा आचारसंहिता पूर्ण पालना गरिएका ५० प्रतिशत समाचार थिए भने नक्कली नाम दिइएका ५ प्रतिशत । यसैगरी, कुनै न कुनै रूपमा आचारसंहिता उल्लङ्घन गरिएका समाचार भने ४५ प्रतिशत थिए । २०७८ सालमा यो सूचक अन्तरगत ५३ वटा समाचार परेका थिए । यी मध्ये प्रतिशत ६८ समाचारमा कुनै न कुनै रूपमा आचारसंहिता उल्लङ्घन भएका थिए भने २३ प्रतशितमा आचारसंहिता पूर्ण पालना गरिएको थियो र ९ प्रतिशतमा नक्कली नाम दिइएको थियो ।

२०७७ सालको कोभिड अवधिमा यो सूचक अन्तरगत ४ सय ९३ वटा समाचार परेका थिए । यी मध्ये आधाभन्दा बढीमा आचारसंहिता पूर्ण पालना भएको पाइएको छ । जस अनुसार ५९ प्रतिशत समचारमा आचारसंहिता पूर्ण पालना गरिएको थियो, १ प्रतिशत समाचारमा नक्कली नाम दिइएको थियो भने ४० प्रतिशत समाचारमा आचारसंहिता कुनै न कुनै रूपमा उल्लङ्घन भएका थिए ।

## २.१३ समाचारको प्रकार (Types of News)

सञ्चारमाध्यमले समाचारहरू हार्डन्युज, सफ्टन्युज, फिचरन्युज, विचार, दृष्टिकोण, सम्पादकीय लगायतका प्रकारमा प्रकाशन गरेको हुन्छ । यी मध्ये समाचारको प्रकार सूचक अन्तरगत प्राप्त समाचारहरूलाई अध्ययनका क्रममा हार्डन्युज, सफ्टन्युज, सम्पादकीय र अन्य उप-सूचकमा विभाजन गरिएको थियो । जसमा सफ्टन्युज, फिचरन्युज, विचारलाई सफ्टन्युजकै उप-सूचक अन्तरगत राखिएको थियो । सम्पादकीय उप-सूचक अन्तरगत सम्पादकीय र सम्पादकीय पृष्ठमा छापिएका दृष्टिकोणलाई पनि राखिएको थियो । घटना हुने वित्तिकै छापिएका समाचार अर्थात् घटनाप्रधान समाचारहरू हार्डन्युज हुन् भने त्यो घटना भएपछि त्यसलाई फलोगर्दै विगतका घटना तथ्य-तथ्याङ्क राखेर छापिने फलोअप न्युजलाई सफ्टन्युज भनिन्छ । यसैगरी, त्यो घटना वा त्यसको सन्दर्भका बारेमा सञ्चार माध्यमको दृष्टिकोण सम्पादकीय मार्फत राखिन्छ भने यस विषयमा लगातार समाचार लेखिरहेका पत्रकार वा यस क्षेत्रमा काम गर्ने वा जानकार व्यक्तिहरूको दृष्टिकोण समेटिएको आर्टिकललाई दृष्टिकोण भनिन्छ जुन सम्पादकीय पृष्ठमै प्रकाशित भएको हुन्छ । यो सूचकले समाचारमा सञ्चार माध्यमले कत्तिको फलोअप गऱ्यो, कत्तिको महत्व दियो भन्ने पनि थाहा हुन्छ । मानव बेचबिखन तथा ओसारपसारका समाचारलाई सञ्चार माध्यमले व्यवसायिक रूपमा मात्र नलिई उत्तरदायित्वको रूपमा पनि लिनुपर्दछ । हार्डन्युज मात्रै छापिएको भन्दा सफ्टन्युज र सम्पादकीय वा दृष्टिकोण धेरै छन् भने बढी महत्व दिएको थाहा हुन्छ । तर सञ्चार माध्यमहरूले जनशक्ति बाहेक अध्ययन, अनुसन्धान वा फलोअपमा लगानी गरेको पाइँदैन ।




यो सूचक अन्तरगत २०७४ सालमा जम्मा ५ सय ७१ वटा समाचार परेका थिए । जसमध्ये ५७ प्रतिशत समाचार हार्डन्युजका रूपमा प्रकाशित भएका थिए भने ४० प्रतिशत समाचार सफ्ट न्युजका रूपमा प्रकाशित भएका थिए । यसैगरी, २ प्रतिशत सम्पादकीय र दृष्टिकोण थिए । २०७५ सालमा यो सूचक अन्तरगत परेका १ सय ८३ वटा समाचार मध्ये हार्डन्युज ४५ प्रतिशत थिए भने सफ्टन्युज वा फिचर आर्टिकल ४७ प्रतिशत थिए । यसैगरी, सम्पादकीय र दृष्टिकोण २ प्रतिशत थिए । २०७६ सालमा यो सूचक अन्तरगत ८६ वटा समाचार

परेका थिए । यी मध्ये हार्ड न्युज ३८ प्रतिशत थिए भने सफ्ट न्युज ४१ प्रतिशत थिए । यसैगरी सम्पादकीय र दृष्टिकोणमा ५ प्रतिशत समाचार प्रकाशित थिए । २०७७ सालको कोभिड पछिको अवधि (मङ्सिर १६ देखि चैत मसान्तसम्म)मा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित १ सय ८१ वटा समाचार थिए । यी मध्ये ३९ प्रतिशत समाचार हार्डन्युजका रूपमा प्रकाशित थिए भने ३८ प्रतिशत समाचार सफ्टन्युजका रूपमा प्रकाशित थिए । यसैगरी, ६ प्रतिशत सम्पादकीय र दृष्टिकोण छापिएका थिए । २०७८ सालमा यो सूचक अन्तरगत ३ सय २३ वटा समाचार प्रकाशित  भएका थिए । यो वर्ष हार्डन्युज ४५ प्रतिशत थिए भने ४७ प्रतिशत सफ्टन्युज थिए । यसैगरी, सम्पादकीय, दृष्टिकोणमा १ प्रतिशत समाचार थिए ।

२०७७ सालमा समाचारको प्रकार सूचकमा सञ्चार माध्यमले लैङ्गिक हिंसासम्बन्धी समाचारलाई कत्तिको प्राथमिकता दिए भनेर जान्ने प्रयास गरिएको छ । कोभिड-१९ जस्ता महामारीका बेलामा सञ्चार माध्यमको प्राथिमकता संक्रमित, उनीहरूको अवस्था, उपचार, सरकारको राहत उद्धार जस्ता विषयहरूमा हुने गर्दछ । यसैगरी, राज्यको ध्यान पनि बढी यस्तै विषयमा हुने गरेकाले यस्ता समयमा लैङ्गिक हिंसाका घटना बढी हुने गरेको अध्ययनहरूले देखाउँछ । एटविनकै अध्ययनलाई हेर्ने हो भने २०७२ सालको भूकम्पका बेला लैङ्गिक हिंसाका घटना बढेका थिए ।




२०७७ सालको कोभिडको समय मा भएका लैङ्गिक हिंसाका घटनाहरूसँग सम्बन्धित ४ सय ९३ वटा समाचार मध्ये हार्डन्युजका रूपमा ६२ प्रतिशत समाचार प्रकाशित भएका थिए । यसैगरी, ३४ प्रतिशत समाचार सफ्टन्युज अर्थात फिचर, आर्टिकलका रूपमा आएका थिए । अध्ययनको नौ महिनाको अवधिमा लैङ्गिक हिंसासँग सम्बन्धित ९ वटा सम्पादकीय र दृष्टिकोण थिए

यो तथ्याङ्कले के देखाउँछ भने कोभिड १९ अर्थात् कोरोना जस्ता महामारी वा अन्य कुनै जोखिपूर्ण समयमा लैङ्गिक हिंसाका घटनाहरू बढ्दछन् । नौ महिनाका अवधिमा लैङ्गिक हिंसासम्बन्धी घटनाका हार्ड न्युज नै ३ सय ५ वटा हुनु भनेको निकै ठुलो सङ्ख्या हो । यसकारण यो समयमा समाचार सम्प्रेषणमा विशेष ध्यान सञ्चार माध्यमले दिनु जरुरी छ भने सम्बन्धित निकायहरूले पनि यस्तो अवस्थाका लागि विशेष पद्धति वा संयन्त्र बनाएर काम गर्नु जरुरी छ ।

## २.१४ समाचारको प्राथमिकता (Priority of News)

मानव बेचबिखन तथा ओसारपसारको समाचारलाई कत्तिको महत्व दिइएको छ भन्ने जान्न हामीले यससम्बन्धी समाचारलाई सञ्चार माध्यमले दिएको प्राथमिकताका आधारमा विश्लेषण गरेका थियौं । यो सूचक अन्तरगत पनि पहिलो पृष्ठ, अन्य पृष्ठ, सम्पादकीय पृष्ठ वा दृष्टिकोण पृष्ठलाई उप-सूचक बनाइएको थियो । यो विश्लेषणबाट मानव बेचबिखन तथा ओसारपसारका समाचारलाई सञ्चार माध्यमले ठीकै प्राथमिकतामा राखेको विश्लेषण गर्न सकिन्छ । यो समस्याले सामाजिक, आर्थिक र व्यक्तिगत रूपमा जति क्षति गरिरहेको त्यसको दाँजोमा समाचारको प्राथमिकता देखिदैन । अर्कोतर्फ, समाचार र दृष्टिकोणहरू दिवस केन्द्रित वा घटना केन्द्रित भएर पनि आउने गरेका छन् । जबकि, यो विषयमा वर्षैभरि समाचार तथा समाचारमूलक सामाग्री बनाउनु जरुरी छ । सञ्चार माध्यममा मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीसम्बन्धी समाचार धेरै आउनु अथवा भनौं प्राथमिकताका साथ आउनु एकातिर राम्रो हो भने अर्कोतिर एकैवर्षमा कतिधेरै घटना भइरहेका छन् र स्थिति कति भयावह छ भन्ने तथ्याङ्क पनि हो । तर पनि सञ्चार माध्यमले प्राथमिकताका साथ समाचार प्रकाशन गर्ने हो भने यसले मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीका घटना कम गर्न, दोषीलाई दण्डित गर्न, तथा प्रभावितलाई उद्धार तथा राहत र न्याय प्राप्तगर्न मद्दत गर्दछ । सामान्यतया छापा माध्यममा पहिलो पृष्ठमा समाचार प्रकाशन हुनु वा अनलाइनमा सबैभन्दा माथि ब्यानरका रूपमा समाचार प्रकाशन हुनुहलाई सबैभन्दा बढी महत्व दिएको मान्न सकिन्छ ।




यो सूचक अन्तरगत २०७४ सालमा नमूनाका रूपमा लिइएका पत्रिकामा ५ सय ८० वटा समाचार छापिएका थिए । जसमध्ये एकदमै धेरै प्राथमिकता दिएर पहिलो पृष्ठमा छापिएका समाचार जम्मा ६ प्रतिशत थिए । यसैगरी, ८१ प्रतिशत समाचार भने अन्य पृष्ठमा छापिएका थिए । दृष्टिकोण पेजमा छापिएका आर्टिकल १० प्रतिशत थिए भने सम्पादकीय ३ प्रतिशत छापिएका थिए । २०७५ सालमा यो सूचक अन्तरगत १ सय ८५ वटा समाचार छापिएका थिए । जसमध्ये ३१ प्रतिशत समाचार प्रथम पृष्ठमा छापिएका थिए । यसैगरी, १ प्रतिशत दृष्टिकोण पेजमा भने ६ प्रतिशत सम्पादकीय पेजमा । ६२ प्रतिशत समाचार चाँहि अन्य पृष्ठमा छापिएका थिए । २०७६ सालमा प्रथम पृष्ठमा ४० प्रतिशत समाचार थिए । यो सङ्ख्यालाई राम्रो मान्न सकिन्छ । किनकि यो सङ्ख्या २०७५ सालमा ३१ प्रतिशत मात्र थियो । प्रथम पृष्ठ बाहेकका अन्य पेजमा भने ५० प्रतिशत समाचार तथा समाचारमूलक सामग्री थियो । यसैगरी, सम्पादकीय ५ प्रतिशत र दृष्टिकोण/विचार पेजमा ५ प्रतिशत नै आर्टिकल छापिएका थिए । २०७७ सालको कोभिड अवधिमा मानव बेचबिखन तथा ओसारपसार मात्र नभई समग्रमा

महिलामाथि भएका हिंसाका बारेमा अध्ययन गरिएकाले सूचकहरूलाई समायोजन गरेर अध्ययन गरिएको थियो र समाचारको प्राथमिकता भन्ने सूचक हटाइएको थियो । २०७७ सालकै कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म)को अध्ययनका क्रममा यस सूचक अन्तगरत १ सय ८१ वटा समाचार पाइएको थियो । जसमध्ये ४८ प्रतिशत समाचार प्रथम पृष्ठमा थिए भने २७ प्रतिशत समाचार अन्य पृष्ठमा थिए । यसैगरी सम्पादकीय ६ प्रतिशत थिए भने २० प्रतिशत समाचार दृष्टिकोण पृष्ठमा थिए । २०७८ सालमा ५१ प्रतिशत समाचार प्रथम पृष्ठ बाहेकका पृष्ठमा प्रकाशित थिए । यसलाई अध्ययनको विषयसँग सम्बन्धित समाचारलाई ठीकै प्राथमिकता दिएको मान्न सकिन्छ । किनकि यो वर्ष प्रथम पृष्ठमा प्रकाशित समाचारको सङ्ख्या ३५ प्रतिशत मात्र थियो । दृष्टिकोण अर्थात् ओपेड पेजको प्रतिशत भने यो वर्ष ठिकठाक नै थियो । यो समूहमा १३ प्रतिशत समाचार थिए । सम्पादकीयमा भने यसपालि १ प्रतिशत मात्र भएकाले यसलाई निकै कम मान्नु पर्ने हुन्छ ।

## २.१५ समाचार रिर्पोटिङ (Coverage of News)

समाचारको कभरेज सूचक एउटा घटनाको समाचार कतिवटा पत्रिकामा छापियो भन्ने जान्नका लागि बनाइएको हो । प्रायः ठुला घटना हुँदा नमूनाका रूपमा लिइएका सबै पत्रिकामा त्यो समाचार छापिएको हुन्छ । घटनाप्रधान समाचार एकैपटक सबै पत्रिकामा छापिएको हुन्छ । तर फलोअप समाचार, फिचर आर्टिकल, अनुसन्धानमूलक लेख वा सम्पादकीय, दृष्टिकोण भने सबैमा एकैपटक आउँदैन । कतिपय अवस्थामा भने घटना भएको समयमा सबै पत्रिकामा एकै पटक यी सबै प्रकाशन भएका पनि हुन सक्छन् । तर कतिपय अवस्थामा भने घटना भएपनि एउटा पत्रिकालाई महत्वपूर्ण लागेको समाचारलाई अर्कोले प्राथमिकतामा नराखेको वा प्रकाशित नगरेको पनि पाइएको छ । यसकारण मानव बेचबिखन तथा ओसारपसारको कुनै त्यस्तो ठुलो घटना भयो वा भएन अथवा Prevention, Protection, Prosecution & Partnership को क्षेत्रमा त्यस्तो ठुलो कुनै काम भयो वा भएन भनेर जान्न यो सूचकले मद्दत गर्दछ । यो सूचकभित्र पनि एउटा मात्र पत्रिकामा, दुईवटा पत्रिकामा, दुईभन्दा बढी पत्रिकामा तथा नमूनाका रूपमा लिइएका सबै राष्ट्रिय दैनिक पत्रिकामा भन्ने उप-सूचक बनाएर तथ्याङ्कलाई विश्लेषण गरिएको थियो ।




२०७४ सालमा यो सूचक अन्तरगत परेका ३ सय ५७ वटा समाचार ७७ प्रतिशत समाचार एउटा मात्र पत्रिकामा छापिएका थिए । ११ प्रतिशत एउटै घटनाको समाचार दुईवटा पत्रिकामा छापिएको थियो भने ९ प्रतिशत एउटै

घटनाको समाचार दुईभन्दा बढी पत्रिकामा छापिएको थियो । ३ प्रतिशत घटना भने यस्ता थिए जुन नमूनाका रूपमा लिईएका सबै पत्रिकामा समाचारका रूपमा छापिएका थिए । २०७५ सालमा यो सूचक अन्तरग २ सय ६ वटा समाचार परेका थिए । जसमध्ये एउटा मात्र पत्रिकामा छापिएको समाचार ७२ प्रतिशत थिए । दुईवटा पत्रिकामा एकैपटक छापिएका समाचार १२ प्रतिशत थिए भने एउटै घटनाको समाचार दुईभन्दा बढी पत्रिकामा छापिएका १६ प्रतिशत थिए । यो वर्ष एउटै घटनाका समाचार नमूनाका रूपमा लिइएका सबै पत्रिकामा छापिएका भने एउटा पनि थिएनन् । २०७६ सालमा पनि यो सूचक अन्तरगत सदाझै एउटा मात्र पत्रिकामा छापिएको समाचारको सङ्ख्या सबैभन्दा बढी ८० प्रतिशत थियो । यसैगरी, दुईवटा पत्रिकामा एउटै घटनाको समाचार प्रकाशित भएको सङ्ख्या १४ प्रतिशत थियो भने दुईभन्दा बढी पत्रिकामा एउटै घटनाको समाचार छापिएको ३ प्रतिशत थियो । यसैगरी, यो वर्ष नमूनाका रूपमा लिइएका सबै राष्ट्रिय दैनिकमा छापिएका समाचार ३ प्रतिशत थिए । तर २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) गरिएको अध्ययनमा यो समयमा प्रकाशित १ सय ५७ वटा समाचार मध्ये एउटा मात्र पत्रिकामा छापिएका समचार ९३ प्रतिशत थिए । यसैगरी, दुईवटा पत्रिकामा छापिएका एउटै घटनाका समाचार ४ प्रतिशत थिए भने दुईभन्दा बढी पत्रिकामा छापिएका समाचार १ प्रतिशत थिए । नमूनाका रूपमा लिइएका सबै पत्रिकामा छापिएका समाचार २ प्रतिशत थिए । २०७७ सालमा मानव बेचबिखन मात्र कोभिडको समयमा समग्रमा महिलामाथि भएका हिंसाका घटना एवं समाचार अध्ययन गरिएकाले यो सूचक राखिएको थिएन ।

## २.१५ रिर्पोटिङ भएको समय (Reporting Time)




मानव बेचबिखन तथा ओसारपसारका समाचार प्रायः मानिस बेचबिखनमा परिसकेपछि मात्र आउने गर्छ । बेचबिखनमा परेका व्यक्तिको उद्धार भएपछि वा उ कुनै प्रकारले त्यस स्थानबाट उम्केर प्रहरिमा खबर गरेमा समाचार आउने भएकाले यस्ता समाचारमा घटना भइसकेको हुन्छ । यसैगरी, कतिपय अवस्थामा वृद्ध भएर वा रोग लागेर बेचबिखन गरिएको स्थानबाट निकालिदिएपछि उनीहरू परिवार वा प्रहरीको सम्पर्कमा आउँछन् र समाचार बन्छ । जबकि, आवश्यकता त के हो भने सकेसम्म मानवबेचबिखन तथा ओसारपसार हुनै नदिनु, भईहालेमा पनि बेचबिखनमा पर्नुभन्दा पहिल्यै उद्धार हुन सक्नुपर्दछ । यसका लागि यो सूचक अन्तरगत समाचारको रिर्पोटिङ कति बेला भएको हो ? बेचबिखनमा परिसकेपछि वा बेचबिखनमा पर्नुअगाडि जान्ने प्रयास गरिएको थियो । अध्ययनका क्रममा तयार पारिएको सूचक मध्ये यो एकदमै महत्पूर्ण हो । यदि घटना हुनुभन्दा

अगाडि नै अर्थात् मानव बेचबिखन वा ओसारपसारमा परेर जुन दुःख कष्ट भोग्नु पर्छ त्योभन्दा अगाडि नै रिर्पोटिङ हुन सकेको भए प्रभावितका लागि एकदमै शुभ समाचार हुन्थ्यो भने राज्य तथा राज्य संयन्त्रको सक्रियता पनि देखिन्छ । त्यसकारण यो सूचकमा परेका समाचारलाई दुई उपसमूहमा विभाजन गरिएको थियो । घटना हुनुभन्दा अगाडिको रिपोर्टिङ र घटना भएपछिको रिर्पोटिङ भनेर । बेचबिखन वा ओसारपसारमा परिसकेका व्यक्तिप्रतिको सामाजिक दृष्टिकोण, कार्यक्रम सञ्चालन लगायतका विषय फरक हुने भएकाले यो सूचकमा आउने तथ्याङ्कले निकै नै महत्व राख्दछ । सञ्चार माध्यममा समाचार आउने स्रोतबाट हो, सञ्चार माध्यम सक्रिय र विश्वासिलो भएमा घटना हुनु अगाडि नै समाचार आउने सम्भावना हुन्छ तर निष्कृय अवस्थामा रहेमा घटना भएपछि सम्बन्धित संघ, संस्था वा व्यक्तिले खबर गरेका आधारमा समाचार आउने अवस्था बन्दछ ।




२०७४ सालमा यो सूचक अन्तरगत नमूनाका रूपमा लिइएका पत्रिकामा १ सय १४ वटा समाचार परेका थिए । जसमध्ये ६४ प्रतिशत समाचार घटना भईसकेपछिका थिए भने ३६ वटा समाचार घटना हुनुभन्दा अघिका थिए । २०७५ सालमा ६५ वटा समाचार परेका थिए । जसमध्ये ५८ प्रतिशतमा घटना हुनुभन्दा अगाडि नै उद्धार गरेको वा भागेको उल्लेख थियो र प्रभावित थप जोखिमबाट बच्न सफल भएको थियो । ४२ प्रतिशत समाचार भने घटनापछि उद्धार गरेर वा भागेर आएर उजुरी दिएपछि सार्वजनिक भएर प्रकाशन भएका थिए । २०७५ सालको यो सकारात्मक तथ्याङ्क थियो, नमूनाका रूपमा परेका समाचारमा बढी सङ्ख्या घटना हुनुभन्दा अगाडिको हुनु भनेको सुरक्षाकर्मी लगायतका राज्य संयन्त्र र गैसस वा व्यक्तिको सक्रियताको परिणाम हो । २०७६ सालमा यो सूचक अन्तरगत ६२ वटा समाचार परेका थिए । जसमध्ये घटना हुनुभन्दा अगाडि नै रिपोर्टिङ भएका समाचार ५५ प्रतिशत थिए भने घटना भएपछि रिर्पोटिङ भएका ४५ प्रतिशत समाचार थिए । यो वर्ष पनि घटना हुनुभन्दा अगाडि नै रिर्पोटिङ भएका समाचार धेरै हुनु सकारात्मक हो । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म)को अवधिमा भने रिर्पोटिङ घटना पछि भयो वा घटना हुनुभन्दा अगाडि नै भयो भन्ने जान्न रिर्पोटिङको समय सूचक अन्तरगत अध्ययन गरिएको थियो । जसमा यो समयका २५ वटा समाचार मध्ये घटना

हुनुअगाडि रिर्पोटिङ भएका २४ प्रतिशत थियो भने घटना भएपछि रिर्पोटिङ भएका समाचार ७६ प्रतिशत थिए । २०७८ सालमा यो सूचक अन्तरगत तथ्याङ्क प्रवृष्ट गर्दा धेरै समाचार अर्थात् ८७ प्रतिशत घटना भइसकेपछि आएका छन् भने १३ प्रतिशत समाचार घटना हुनु अगाडि नै आएका छन् । यो वर्ष यो सूचक अन्तरगत जम्मा ६३ वटा समाचार परेका थिए ।

२०७७ सालको कोभिड-१९ को अवधिमा भने समाचारको रिर्पोटिङ घटना अगाडि वा पछाडि कहिले भयो भन्ने भन्दा पनि कोभिडको समग्र अवधिमा कुन महिनामा महिला माथिका हिंसाका घटना बढी भए भनेर जान्ने प्रयास गरिएको थियो । सरकारले घोषणा गरेको लकडाउनको अवस्थामा के कति घटना भए, लकडाउन खुकुलो भएपछिको अवस्थामा के कति घटना भए भन्ने जान्न यसले मद्दत गरेको थियो । अध्ययनको ९ महिनाको अवधिमा लैङ्गिक हिंसाका सबैभन्दा बढी समाचार कुन समयमा आए भन्ने तथ्याङ्क यो सूचकले दिएको छ । यो समयमा नमूनाका रूपमा लिइएका सञ्चार माध्यममा आएका लैङ्गिक हिंसासम्बन्धी ४ सय ९३ वटा समाचार मध्यै सबैभन्दा धेरै २२ प्रतिशत समाचार असोज महिनामा प्रकाशित भएका थिए । यसैगरी, साउन महिनामा १९ प्रतिशत तथा असार महिनामा १२ प्रतिशत समाचार प्रकाशित भएका थिए । यो तथ्याङ्कले के देखाउँछ भने कोरोना महामारी र लकडाउनको समयमा लैङ्गिक हिंसाका घटना भए पनि बाहिर आउन भने समय लागेको छ । यही कारण अध्ययनका क्रममा भेटिएका तथ्याङ्कमा असोज महिनामा धेरै समाचार रिर्पोटिङ भएका छन् । कुनै खास महिनामा बढी लैङ्गिक हिंसा हुने र कुनैमा कम हुने भन्ने कुनै सैद्धान्तिक तर्क नभए पनि यस्ता महामारीका समयमा कुन बेलामा बढी जोखिम थियो र कुन समयमा बढी रिर्पोटिङ भयो भन्ने विषयले उजुरी गर्न जान वा घटना सार्वजनिक गर्न कत्तिको सहज थियो वा थिएन भन्ने तथ्य बाहिर आउँदछ ।

## २.१६ वैदेशिक रोजगार र असुरक्षित स्थानागमन (Foreign Employment and Unsafe Migration)

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी विदेशमा मात्रै हुन्छ तथा यौनशोषणका लागि मात्रै हुन्छ भन्ने मान्यता भत्किदै गएको छ । यौनशोषणका लागि चेलिबेटी बेचबिखन हुने यो अपराधको दायरा अहिले फराकिलो हुँदै यौनशोषण, श्रमशोषण, मानव अङ्ग तस्करी लगायत विविध कारणका लागि मानव बेचबिखन तथा ओसारपसार हुन थालेको छ । यसका साथसाथै मानव बेचबखिन तथा ओसारपसार नेपालबाट विदेशमा मात्रै होइन, विदेशबाट नेपालमा, नेपालको बाटो हुँदै अन्य मुलुकमा तथा देशभित्रै पनि एक ठाउँबाट अर्को ठाउँमा हुने गरेको छ । यो अध्ययनका क्रममा आजभन्दा दश वर्ष पहिले मानव बेचबिखन तथा ओसारपसारका समाचारमा यौनशोषणका लागि भारतका वेश्यालयमा लगेर बेचिएका घटना धेरै हुन्थे भने त्यसको हिस्सा विस्तारै घट्दै गएर अहिले वैदेशिक रोजगारीका नाममा सक्कली वा नक्कली कागजात बनाएर लैजाने र बेचबिखन गर्ने घटना बढ्दै गएको छ । तर राज्यको कानुन एवं नीतिले यो तितो सत्यलाई अहिले पनि स्वीकार गरेको छैन । यसकारण वैदेशिक रोजगारीका नाममा हुने बेचबिखनलाई अहिले पनि ठगी मानेर वैदेशिक रोजगार ऐन बमोजिम कानुनी कारवाही गरिरहेको छ । वैदेशिक रोजगार र असुरक्षित आप्रवासनले मानव बेचबिखन र मानव तस्करीलाई बढाइरहेको छ । राज्यले पहिचान नगरेपनि पछिल्लो समयमा वैदेशिक रोजगारी एवं उच्च शिक्षाका नाममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका घटना बढ्दै गएका छन् । आफ्नो घर गाउँ छाड्दा सुरक्षित तवरले परिवारको सल्लाह र सहमतिमा, राज्यलाई जानकारी दिएर जानुपर्ने वा राज्यले निषेध गरेको ठाउँमा नजानु पर्नेमा असुरक्षित तरिकाले हिडेका धेरै समाचारहरू छन् ।

विशेष गरेर सरकारले खाडी मुलुकको रोजगारीका लागि महिलालाई प्रतिबन्ध लगाएकोमा त्यही ठाउँमा चोरबाटोबाट जानेको सङ्ख्या उल्लेख्य रहेको छ । यसैगरी, महिनौँ लगाएर तस्करको चङ्गुलमा परी अमेरिका जानेको सङ्ख्या

पनि उत्तिकै छ । विदेशमा गएर काम गर्नु व्यक्तिको मौलिक हक हो । यही कारण कतिपय देशहरूमा जान बन्देज लगाउँदा समेत बन्देज लगाउन पाइँदैन भनेर आवाज उठ्ने गरेको छ ।

अर्कोतर्फ देशमा रोजगारी नपाएपछि विदेश जानु स्वभाविक पनि हो । सरकारले देशभित्र रोजगारी सिर्जना गर्न नसकेकै कारण आफ्ना नागरिकहरूको सुरक्षाका लागि विभिन्न देशहरूसँग श्रम सम्झौता गरिरहेकाले पनि राज्यको नीति नै विदेश पठाउने रहेको छ भन्न सकिन्छ । तर मुख्य विषय के हो भने वैदेशिक रोजगारीमा जान पाउने हकको प्रयोग गर्दा नागरिकले सुरक्षित र विश्वास योग्य ढङगले गन्तव्य मुलुकसम्मको यात्रा गर्नु पर्दछ । यसका लागि राज्यले धेरै प्रयास गरिरहेको भए पनि दलालहरूले अनेक उपाय लगाएर असुरक्षित रूपमा मानिसहरूलाई लैजाने गरेका छन् । यसैगरी, नागरिकहरू पनि दलालहरूको लहलहैमा लागेर असुरक्षित रूपमा यात्रा गर्न तयार भइरहेका छन् । व्यक्ति आफूले घर छाड्नुअगाडि आफू कोसँग, कहाँ जान लागेको भन्ने पूर्ण जानकारी लिने तथा सो विषयमा घरपरिवार आफन्तलाई बताएर जाने हो भने उ बेचबिखन तथा ओसारपसारमा पर्ने सम्भावना न्यून हुन्छ । यसैगरी, स्थानीय स्तरमा शक्ति सम्पन्न भएर रहेका स्थानीय सरकारकाहरूले पनि हरेक वडा मार्फत् आफ्ना नागरिकहरूको पूर्ण विवरण र उनीहरूको यात्रा विवरण राख्न सकेमा पनि असुरक्षित स्थानागमनको समस्या कम हुने थियो । तर सरकारले पूर्व तयारी नगर्ने र नागरिक पनि दलालको ललाईफकाईमा परेर जानकारी दिएर भन्दा लुकिछिपी जाने गर्नाले असुरक्षित स्थानागमन भई जोखिम बढ्ने गरेको छ । वैदेशिक रोजगारी होस् वा अन्य कुनैपनि कारणले घर छाड्नु जोखिमपूर्ण हुँदै गएकाले सबै पक्ष सतर्क हुनु नै एकमात्र उपाय हो ।




यो तथ्य स्थापित गर्ने धेरै समाचार हामीले अध्ययनका क्रममा भेटेका छौं । राज्यले पार्लेमो प्रोटोकल समेत अनुमोदन गरिसकेकाले यसको वृहत परिभाषा अन्तरगत पनि वैदेशिक रोजगार र उच्च शिक्षाका नाममा हुने ठगी पनि मानव बेचबिखन भित्र नै पर्दछ । वैदेशिक रोजगारी तथा असुरक्षित आप्रवासनभित्र मानव बेचबिखन र मानव तस्करीका तथ्य र घटनाहरू भएकाले यसलाई छुट्टै अध्ययन नगरी मुल अध्ययनसँग समेट्नुपर्ने हो तर राज्यको नीतिका कारण अध्ययनका क्रममा हामीले वैदेशिक रोजगार र असुरक्षित आप्रवासनलाई छुट्टै सूचक अन्तरगत गरेर अध्ययन गरेका छौं ।

## असुरक्षित स्थानागमन




२०७४ सालमा वैदेशिक रोजगारको आडमा मानव बेचबिखन र मानव तस्करी तथा असुरक्षित आप्रवासनसँग सम्बन्धित ३ सय ४१ वटा समाचार थिए । यी मध्ये असुरक्षित आप्रवासनका कारण मानव बेचबिखन र मानव तस्करीको जोखिम बढेको समाचार ३३ प्रतिशत थियो भने वैदेशिक रोजगारीका आडमा भएको मानव बेचबिखन र मानव तस्करीसँग सम्बन्धित समाचार ६७ प्रतिशत थियो । यसैगरी, २०७५ सालमा वैदेशिक रोजगारी र असुरक्षित आप्रवासनसँग सम्बन्धित १ सय १५ वटा समाचार थिए । जसमध्ये वैदेशिक रोजगारीका आडमा भएको मानव बेचबिखन र मानव तस्करीका ६७ प्रतिशत समाचार थिए भने असुरक्षित आप्रवासनका कारण मानव बेचबिखन र मानव तस्करीको जोखिमसम्बन्धी समाचार ३३ प्रतिशत थिए । २०७६ सालमा भने यो सूचक अन्तरगत समाचारको सङ्ख्या ह्वात्तै बढेको थियो ।

यसपालि वैदेशिक रोजगार र असुरक्षित आप्रवासनको सूचकमा ५ सय ४२ वटा समाचार थिए । जसमध्ये वैदेशिक रोजगारीका आडमा मानव बेचबिखन र मानव तस्करीसँग सम्बन्धित समाचार ४० प्रतिशत थिए भने असुरक्षित आप्रवासनका कारण मानव बेचबिखन र मानव तस्करीको जोखिमसँग सम्बन्धित समाचार ६० प्रतिशत थिए । यो भयावह तथ्याङ्कले पनि देखाउँछ, पछिल्लो समयमा वैदेशिक रोजगारी एवं उच्च शिक्षाका नाममा कसरी मानव बेचबिखन र मानव तस्करी भइरहेको छ । २०७७ सालमै कोभिड पछिको समय (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) प्राप्त समाचारमा गरिएको अध्ययनमा असुरक्षित स्थानागमन र वैदेशिक रोजगारीका आडमा मानव बेचबिखन र मानव तस्करीसँग सम्बन्धित १ सय ३७ वटा समाचार थिए । यी मध्ये ३९ प्रतिशत समाचार असुरक्षित स्थानागमनका कारण बेचबिखन र तस्करीको जोखिममा परेकोसँग सम्बन्धित थियो भने ४१ प्रतिशत समाचार वैदेशिक रोजगारीका क्रममा भएका मानव बेचबखिन र मानव तस्करीसँग सम्बन्धित थिए । २०७८ सालमा पनि वैदेशिक रोजगारका आडमा मानव बेचबिखन तथा ओसारपसार भएर श्रम शोषण, यौन शोषण भएको समाचार २ सय ७९ वटा थिए । जसअनुसार असुरक्षित स्थानागमनका कारण मानव बेचबिखन तथा ओसारपसारको जोखिममा ५२ प्रतिशत समाचार थिए भने वैदेशिक रोजगारका आडमा मानव बेचबिखन र मानव तस्करीसम्बन्धी ४८ प्रतिशत समाचार थिए ।




२०७७ सालमा कोभिड-१९ को महामारीका बेला वैदेशिक रोजगारमा गएकाहरू घर फर्कन नपाएर अलपत्र परेकाहरू धेरै थिए । यसैगरी भारतबाट घर फर्कन चाहनेहरू लामो समय हिंडेर वा सवारी साधन व्यवस्था गरेर नेपालको सीमानासम्म आइपुगे पनि देशभित्र प्रवेश गर्न नपाएर अलपत्र परेका थिए । यस्तो अवस्थामा लैङ्गिक हिंसा अझ विशेष गरेर महिला तथा बालबालिकामाथि हुने हिंसा बढी नै भएको समाचारहरूले उल्लेख गरेका छन् । अध्ययनको ९ महिनाको समयमा वैदेशिक रोजगार/असुरक्षित स्थानागमनका कारण ४० हजार ३ सय ४३ जना मानिस लैङ्गिक हिंसामा परेका थिए । यी मध्ये ९९ दशमलव ८-६ प्रतिशत वैदेशिक रोजगारीका क्रममा हिंसामा परेका थिए भने शून्य दशमलव १-१ प्रतिशत असुरक्षित स्थानागमनका कारण हिंसामा परेका थिए ।

# पाँच वर्षको अध्ययनको निष्कर्ष र सुझावहरू
## (Conclusion and Recommendation of Five Year Analysis)

२०७४ देखि २०७८ सम्मको पाँच वर्षको सञ्चार अध्ययनमा तथ्यका रूपमा आएको ठुलो उपलब्धि भनेको संसदबाट बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख पार्लेमो प्रोटोकल अनुमोदन हुनु हो । सन् २००० मा हस्ताक्षर खुला गरिएको यो प्रोटोकल नागरिक समाज र सरकारको २० वर्षको अथक प्रयासपछि वि.सं. २०७६ मा संसदबाट पारित भएको हो । पाँच वर्षमा हामीले नमूनाका रूपमा लिएका सञ्चार माध्यममा प्रकाशित समाचार तथा समाचारमूलक सामग्रीको तुलनात्मक अध्ययनका क्रममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका नयाँ नयाँ आयामहरू देखिए । अभियुक्तहरूले अपराधको नयाँ नयाँ तरिकाहरू अपनाउँदा कुनै वर्ष कुनै विषयका समाचार चर्चामा रहे भने कुनै वर्ष कुनै समाचार । विशेष गरेर, वैदेशिक रोजगारीका आडमा हुने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई राज्यको नीति र कानुनले स्वीकार नगरी रहेको अवस्थामा विदेश लैजान र बेचबिखन तथा मानव तस्करी गर्न सजिलो हुने भएकाले पाँच वर्ष नै यस्ता समाचार बढी चर्चामा रहे । २०७४ सालमा मानव बेचबिखन तथा ओसारपसारका अभियुक्तहरूले सरकारी संयन्त्र तथा नीति निर्माण तहसम्मै पहुँच बनाएको र वैदेशिक रोजगारीको आवरणमा हुने मानव तस्करीलाई राज्य संयन्त्रबाटै सहयोग हुदै आएको निष्कर्ष संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले नै निकालेको थियो । यसैगरी, अध्यागमनकै मिलेमतोमा नक्कली पासपोर्टमा डिपार्चर छाप लाग्ने गरेको तथ्य पनि यही वर्ष आएको थियो । सरकारले भिजिट भिसामा खाडी मुलुक जान रोक लगाए पनि मानव तस्करले सेटिङ गरी नेपाली कामदार विमानस्थलबाट दिनहुँ पठाईरहेको समाचार पनि २०७४ मा चर्चित रह्यो । यसैगरि कर्मचारिसँगको मिलेमतोमा म्यानपावर कम्पनीबाट दश लाख घुस लिएको आरोपमा वैदेशिक रोजगार विभागका महानिर्देशक पाण्डे पक्राउ परेको, वैदेशिक रोजगारीमा ठगी गर्नेलाई जोगाउन श्रम राज्यमन्त्री डिल्लीबहादुर चौधरी र महानिर्देशक पाण्डेको मिलेमतो गरेको तथ्य पनि समाचारमा आयो । सूचना प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोगले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नियन्त्रणमा चुनौतीहरू थप्दै लगेको विषय र सरकारी निकाय र पदाधिकारीकै मिलेमतोमा बेचबिखन तथा ओसारपसारका कार्य पाँच वर्षमा चुनौतीका रूपमा आए । अध्यागमन कर्मचारी, दूतावास कर्मचारी तथा राजदूत नै संलग्न भएको समाचार पनि प्रकाशित भए ।

अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरणका कारण हरेक अपराधको पछाडि कुनै न कुनै रूपमा राजनीतिक दल र नेतृत्वको नाम पाँच वर्ष नै आइरह्यो । कुख्यात दलाल सुनबहादुर तामाङ, जसको भारतमा चारवटा कोठी रहेको समाचार आयो, उनी नेपालमा गाउँपालिकाका वडा अध्यक्ष थिए । मानव तस्करीमा संलग्न उनलाई रिहा गर्ने अदालतको आदेशले सबैलाई स्तब्ध बनायो । उनी मानव बेचबिखनको आरोपमा पक्राउ पनि परे र उनलाई ३७ वर्ष कैद सजाय पनि भयो, तर सजिलै छुटे । यस्तो संवेदनशील मुद्दामा अदालत संवेदनशील नभएको गुनासो नागरिक समाजको थियो । उनी छुटेपछि उनीबाट पीडित गाउँलेहरू नै डर र त्रासमा बस्नुपर्ने अवस्था आयो ।

देशले विश्वास गरेका समाजमा लब्ध प्रतिष्ठित चर्चित व्यक्तिहरू, कलाकार, खेलाडीले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी गर्ने गरेको समाचार पनि धेरैवटा थिए । राजेन्द्र खड्गी, सुदर्शन गौतम, राष्ट्रिय फुटबल टोलीका पूर्व गोलरक्षक एवं नेपाल आइस हक्की संघका अध्यक्ष तथा एन्फाका पूर्व महासचिव लोकबहादुर शाही र अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघका उपाध्यक्ष चेतनराज गिरी लगायतको समाचार यसैसँग सम्बन्धित थियो ।

वि.सं. २०७५ मा मणिपुर काण्ड चर्चामा रह्यो भने चीन तथा युरोपमा विवाह गरेर हुने तस्करी र केरुङ नाकाबाट हुने मानव तस्करी पनि चर्चित थिए । यसैगरी, भारतमा भएको मानव भ्रूणको तस्करी, हातका औंलाको तस्करी, उच्च शिक्षाका नाममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नयाँ आयाम थियो । यसैगरी, खाडी मुलुकमा रोजगारीमा जान महिलामाथि लगाइएको प्रतिबन्ध र यसले थपेको जोखिम तथा महिलाको अधिकार हननका विषय पनि पाँच वर्षसम्म ज्युँका त्युँ रह्यो । वैदेशिक रोजगारीमा नागरिकहरू नजाउन् भन्ने राज्यको नीति हो भने देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्न जरुरी छ । तर केही समस्या आयो भनेर वैदेशिक रोजगारमा जान पाउने तथा हिंडडुल गर्न पाउने (Right to Mobility) नागरिकको मौलिक हकलाई राज्यले यो वा त्यो बहानामा उल्लङ्घन गर्न मिल्दैन । खाडी राष्ट्रहरूमा देखिएको समस्याका कारण नागरिकहरूलाई त्यहाँ जान प्रतिबन्ध लगाएर राज्य कानमा तेल हालेर सुत्नुभन्दा त्यस्तो समस्या आउन नदिन सक्रियतापूर्वक भूमिका खेल्नु आवश्यक छ । राज्यको भूमिका प्रतिबन्ध होइन, व्यवस्थापकका रूपमा हुनुपर्दछ । यसकारण मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई एकाङ्की रूपमा बुझ्नेभन्दा बहुआयामिक रूपमा बुझ्न सकेमा परिणाममूलक कामहरू गर्न सकिन्छ ।

यो पाँच वर्षमा मानव तस्करीमा चर्चित रहेको अर्को विषय थियो, भिजिट भिसा प्रकरण । मानव बेचबिखन तथा ओसारपसारका दलालहरूले कहिले रुट परिवर्तन गर्ने, कहिले भारतीय विमानस्थल प्रयोग गर्ने, कहिले कानुनका कमी कमजोरीको दुरुपयोग गर्ने, कहिले सरकारी पदाधिकारीको साथ लिने जस्ता अनेक उपायहरू अपनाउने गरेका छन् । यसैगरी, २०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) को अवधिमा भिजिट भिसामा आएको नयाँ प्रावधान निकै चर्चामा रह्यो, जसमा महिलालाई विदेश जान पालिकाको सिफारिस चाहिने कुरा उल्लेख थियो । यसैगरी, यो समयमा कतारको सुरक्षा निकायमा नेपाली युवा भर्तिको विषय पनि चर्चित बन्यो । यसरी २०७४ देखि ०७८ सम्ममा हरेक वर्ष मानव बेचबिखन र तस्करीका फरकफरक आयामहरू चर्चामा रहे । सुरुका वर्षहरूमा नेपालको विमानस्थल प्रयोग बढी चर्चामा थियो । त्यसपछि भारतीय विमानस्थल प्रयोग सुरु भयो । यसपछि रुट परिवर्तन गरी स्थल मार्गको प्रयोग बढी चर्चामा रह्यो । पाँच वर्षको अध्ययनको अन्तिम वर्ष २०७८ मा पुगदा नेपालकै विमानस्थल प्रयोग गरेर भिजिट भिसा अर्थात् पर्यटक भिसामा विदेश लैजाने र अवैध तरिकाले काम गर्न लगाउने वा अलपत्र पार्ने घटना धेरै नै आए ।

यसैगरी, नेपाल अब स्रोत देश मात्र नभएर, ट्रान्जिट र गन्तव्य देश पनि बनेको तथा देशभित्रै मानव बेचबिखन तथा ओासरपसार बढेर गएको तथ्य पनि यो पाँच वर्षमा प्रशस्त मात्रामा फेला पऱ्यो । प्रविधिको दुरुपयोग, सामाजिक सञ्जालको दुरुपयोग, आफ्नै लगानीमा कानुनी कागजपत्र बनाएर मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी गरिएका समाचार पनि पाँच वर्षमा आए ।

कुनै पनि बिपद् वा महामारीले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको जोखिम बढाउँछ भन्ने कुरा अघिल्लो पाँच वर्षको अध्ययनका क्रममा २०७२ सालको भूकम्पको बेला नै पुष्टि गरिसकेको थियो । यही नियती यो पाँच वर्षमा कोभिड-१९ ले दोहोऱ्याई दियो । कोरोना महामारीका कारण लैङ्गिक हिंसा, विशेष गरेर महिला तथा बालबालिकामाथिको हिंसा बढेको भन्दै सर्वोच्च अदालतले कोभिड महामारी महिला तथा बालबाललिकाका लागि छायाँ महामारी बनेको ठहर गऱ्यो । यसकारण पाँच वर्षको अध्ययनका क्रममा आएका तथ्य र निष्कर्षहरूलाई बुझ्न सजिलो होस् भनेर यहाँ विषयगत रूपमा प्रस्तुत गरिएको छ ।

## ३.१ वैदेशिक रोजगार र उच्च शिक्षाको आडमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी

पाँच वर्षको अध्ययनका क्रममा निष्कर्ष र सुझावमा हरेक पटक समेटिएको तर राज्यले अहिलेसम्म त्यो सत्यलाई स्वीकार गर्न नसकेको विषय हो, वैदेशिक रोजगारीका आडमा मानव बेचबिखन तथा ओसारपसार र तस्करी । २०७४ सालदेखि २०७८ सालसम्मको लगातारको अध्ययनमा वैदेशिक रोजगारीका आडमा मानव बेचबिखन तथा ओसारपसार र तस्करी भएका तथ्यहरू समाचारमा प्रशस्त भेटिएका छन् । वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन तथा ओसारपसार हुने गरेको तथ्याङ्कहरूले पुष्टि गरिसकेको अवस्थामा तथा मानिसलाई लगेर यौनशोषण तथा श्रमशोषण गर्नु, एउटा पद, एउटा तलब भनेर अर्कै दिनु, ठग्नु लगायतका कार्यलाई पनि अहिले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको परिभाषाभित्रै राख्न थालिसकिएको छ । यसकारण अब पहिला जस्तो वैदेशिक रोजगारलाई मानव बेचबिखन तथा ओसारपसारभन्दा बाहिर राखेर भन्दा पनि दुबैलाई अन्तरसम्बन्धित रूपमा हेर्नु आवश्यक भइसकेको छ । तर पनि राज्यले वैदेशिक रोजगारीमा हुने मानव बेचबिखनलाई बेचबिखन मान्न तयार भएको पाइँदैन । अहिलेपनि वैदेशिक रोजगारीका नाममा हुने मानव बेचबखिनलाई ठगी अन्तरगतनै राख्ने गरिएकोछ । यही कारणले होला पछिल्लो समयमा मानव बेचबिखन तथा ओसारपसार पासपोर्टको आडमा हुने गरेको छ । यही कारण दलालहरू ललाईफकाई गरेर, कतिपय अवस्थामा उमेर बढाएर आफ्नै खर्चमा नागरिकता र पासपोर्ट बनाइदिन्छन् र वैदेशिक रोजगारीमा पठाएको भन्दै सरकारले प्रतिबन्ध लगाएका मुलुकमा समेत पठाउने, बेचबिखन गर्ने गरेका छन् ।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समाचारहरूमा मिडिया अध्ययन नियमित गर्दै जाँदा विस्तारै मानव बेचबखिन तथा ओसरपसार वैदेशिक रोजगारीतर्फ पूर्ण रूपमा सर्दै गएको छ । यो किन छ ? यसमा बेग्लै अध्ययन हुनु जरुरी छ । के वैदेशिक राजेगारीको कानुनमा भएको कमी कमजोरीका कारण मात्र यस्तो भइरहेको हो त ? सरकारको पछिल्ला नीति तथा कार्यक्रममा स्वदेशमै रोजगारी सिर्जना गरी विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने उल्लेख छ । तर सरकार नै विदेश पठाउने, गन्तव्य मुलुक खोज्ने, ती देशहरूसँग कामदार पठाउने सम्झौता गर्ने काम पनि गरिरहेकाले अदक्ष मानिसहरू विदेश जान खोज्दा दलालहरूले फाइदा उठाइरहेका छन् । यसमा राज्यको नीति नै स्पष्ट हुनु जरुरी छ । विदेश पठाउने नै हो भने पनि दक्ष र योग्य बनाएर मात्र पठाउने व्यवस्था गर्न सकेमा ठगिने वा बेचबिखनमा पर्ने सम्भावन कम हुन्छ ।

२०७४ सालको "अवकासको ६ दिनअघि पाण्डे पक्राउ" शीर्षकको समाचारले नयाँ चुनौती खडा गरेको थियो । एकातिर यो समाचार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सफलता पनि हो । यो समाचारअनुसार, कर्मचारीसँगको मिलेमतोमा म्यानपावर कम्पनीबाट दश लाख घुस लिएको आरोपमा वैदेशिक रोजगार विभागका महानिर्देशक पक्राउ परेका थिए । पछि उनी अदालतबाट दश लाख धरौटीमा तारेखमा रिहा भए । यति मात्र होइन, यसैसँग जोडिएको अर्को समाचार थियो, "ठगी गर्नेलाई जोगाउन श्रम राज्यमन्त्री डिल्लीबहादुर चौधरी र महानिर्देशक पाण्डेको मिलेमतो" शीर्षकको ।

२०७४ सालकै "जब ओमानी दूतावासमै आएर बिल देखाउँछ" भन्ने समाचारले वैदेशिक रोजगारीको आडमा हुने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई प्रष्टसँग उजागर गरेको छ । समाचारअनुसार, मस्कटबाट हजार किलोमिटर टाढा सललाहबाट भागेर उनी दूतावासको शरणमा आएकी थिइन् । दूतावासले उनलाई नेपाल पठाउन लागेको विषय ओमानीलाई चित्त बुझेको थिएन । मैले किनेर ल्याएको खद्यामालाई किन पठाउने ? उनी भन्दै थिए । मैले उनलाई ल्याउन निकै दुःख गरेको छु । यो रकम कसले फिर्ता गर्छ भन्दै उनले किनेको बिल देखाए । यस्तै "ओमनमा नेपाली महिला बेच्ने गिरोह सक्रिय, मूल्य १ लाख ३० हजार" समाचारअनुसार, वैदेशिक रोजगारीको प्रलोभनमा पारेर नेपाली युवतीलाई एक लाखभन्दा बढी रुपैंयाँ लिई बिक्री गर्ने गिरोहका चार सदस्य

पक्राउ परेका थिए । पक्राउ परेका व्यक्तिहरू नेपालमा बसेर वैदेशिक रोजगारीमा जाने प्रयासमा रहेका महिला खोज्ने, उनीहरूलाई राम्रो कामको प्रलोभनमा पारेर ओमन जान राजी गराउने र राहदानी बनाएर भारतको दिल्लीसम्म पठाउन सक्रिय थिए । यसै वर्षको "मानव तस्कार १२१" भन्ने समाचारमा नेपाली महिलालाई अवैध तरिकाले खाडी मुलुक पुऱ्याई घरेलु कामदारका रूपमा बेच्न १२१ भन्दा बढी सक्रिय रहेको खुलेको उल्लेख छ । "ओमनमा बेचिए दुई युवती", "वैदेशिक रोजगारीको नाममा बेचबिखन मौलायो" र "वैदेशिक रोजगारका नाममा" भन्ने समाचारले पनि वैदेशिक रोजगारका क्रममा हुने मानव बेचबिखनलाई उजागर गरेको छ । "वैदेशिक रोजगारीका नाममा मृगौलाको अवैध कारोबार" भन्ने समाचार भने मानव अङ्ग बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित छ । समाचारअनुसार, वैदेशिक रोजगारका नाममा मानव बेचबिखन तथा ओसारपसारसँगै मिर्गौला पनि बिक्री हुने गरेको पाइएको छ ।

२०७५ सालमा प्रकाशित "खाडी र मलेसिया सकसपूर्ण" श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको श्रम आप्रवासनसम्बन्धी प्रतिवेदनअनुसार रोजगारीका क्रममा बन्धक सरह जीवन जीउन बाध्य हुनेदेखि काम गरेको ज्याला नपाउने तथा गैरकानुनी कर कट्टी समेत हुने गरेको समाचारमा उल्लेख छ । व्यक्तिगत कागजपत्र नियन्त्रणदेखि शारीरिक एवं यौनजन्य दुर्व्यवहार खेप्न विवश रेहको पनि प्रतिवेदनमा उल्लेख छ । "वैदेशिक रोजगारीमा लुकेको पक्ष" शीर्षकको समाचारमा "घरेलु कामदारका रूपमा महिलालाई वैदेशिक रोजगारीमा जान रोक लगाए पनि पर्यटक भिसा तथा भारतको बाटो भएर मानव तस्करी भइरहेकै छ, भन्ने उल्लेख छ । "संरक्षण नीतिले रोकिएन बेचबिखन" भन्ने समाचारमा सरकारले बेचबिखनविरुद्ध संरक्षणवादी नीति नियम जारी गरे पनि वैदेशिक रोजगारीका नाममा हुने बेचिबखन नरोकिएको उल्लेख छ । वैदेशिक रोजागरीका क्रममा महिला पुरुष दुबैको बेचबिखन भइरहे पनि बेचबिखनविरुद्धको नीति महिला केन्द्रित रहेको र यही संरक्षणवादी नीतिका कारण लुकिछिपी जाँदा झन् बेचबिखनको जोखिममा पर्ने गरेको समाचारमा जनाइएको छ । "कालको मुखबाट फर्के" भन्ने समाचारमा एक महिलालाई काठमाडौँबाट झापा हुँदै भारतको वागडुग्रा र त्यहाँबाट दिल्ली पुऱ्याएर एक महिना राखी सेटिङ मिलेपछि मानव तस्करले दुबई हुदै ट्राभल भिसामा इराक पुऱ्याएका थिए । "कामदार किन्ने बजार" समाचारकाअनुसार सरकारले खाडीमा घरेलु कामदार पठाउन रोके पनि भारत हुँदै अवैध बाटो जाने नेपाली महिलाको कमी छैन भन्दै यसरी जानेहरू तस्करको जालोमा परेर त्यहाँका बजारमा वस्तुभाउ जसरी बेचिने उल्लेख छ । यु.ए.ई. पुगेका महिला त्यहाँबाट इराक र सिरियासम्म पनि घरेलु कामदारका रूपमा बेचिएका हुन्छन् ।

२०७६ सालमा "फिनल्याण्डमा खोसिएको नेपाली हाँसो" शीर्षकको समाचारअनुसार, नेपाली रेष्टुरेन्टका धनीहरूले मानव तस्करी गरी कामदारका रूपमा नेपालबाटै चिनेजानेका मान्छे बोलाउने र त्यसवापत पाँचहजारदेखि पन्द्र हजार युरोसम्म उल्टै लिने गरेका थिए । "वैदेशिक रोजगारीमा लैङ्गिक विभेद घटेन", शीर्षकको समाचारमा वैदेशिक रोजगार ऐनले लैङ्गिक विभेद नगरेको भए पनि सरकारले महिलालाई कहिले प्रतिबन्ध त, कहिले उमेर हद तोक्ने विभेदकारी नीति लिएको उल्लेख थियो । महिलालाई विशेष संरक्षणको व्यवस्था गर्नु पर्नेमा कुनै पहल नगरी प्रतिबन्ध नै समस्याको समाधान ठान्नुले महिला झन् ठुलो समस्यामा परेको भनेर मानवअधिकार आयोगको प्रतिवेदनलाई उद्धृत गर्दै समाचार लेखिएको थियो । मानवअधिकार आयोगले पनि आपनो प्रतिवेदनमा रोजगारीको नाममा बेचबिखन भइरहेको उल्लेख गरेको थियो । मानवअधिकार आयोगकै आप्रवासी कामदारको अवस्था बारेको प्रतिवेदनअनुसार पनि "रोजगारीका नाममा मानव बेचबिखन" हुने गरेको समाचार समेत यो वर्ष थियो । वैदेशिक रोजगाार व्यवसायी र एजेन्टले वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन गरेको तथा रोजगारीमा पठाउँदा न्यूनतम सर्त समेत पालना नगरी लैजाने गरेको प्रतिवेदनलाई उद्धृत गर्दै समाचारमा जनाइएको थियो ।

२०७७ को कोभिड अवधि (मङ्सिर १६ देखि चैत्र मसान्त) सम्ममा पनि वैदेशिक रोजगारीको आडमा गरिएका मानव बेचबखिन तथा ओसारपसार र मानव तस्करीका प्रशस्त समाचार थिए । "बैंककलाई ट्रान्जिट बनाएर कम्बोडिया र लाओस पुऱ्याउने को ?", "भिजिट भिसामा खाडी जान लागेका ८४ नेपाली विमानस्थलबाट फिर्ता", "वैदेशिक रोजगारी अँध्यारोमा", जस्ता समाचारले धेरै विषयवस्तु उजागर गरेका छन् । यही समयमा आएको "महिला एक्लै जाँदा सरकारलाई आपत्ति", "महिलालाई विदेश जान पालिकाको सिफारिस" जस्ता समाचारले सरकारी रवैया र वैदेशिक रोजगारीमा महिलालाई हेर्ने सरकारी दृष्टिकोण उजागर भयो । यसैगरी, "अवैध धन्दा रोकियोस्, कतारमा सुरक्षा निकायमा भर्ना" र "सरकारको स्वीकृतिबिनै नेपाली युवा कतार प्रहरीमा" शीर्षकको समाचारले फरक विषय उजागर गऱ्यो । "Forced labour main human trafficking crime in Malayasia", लगायतका समाचारले वैदेशिक रोजगारका आडमा भइरहेका मानव बेचबखिन तथा ओसारपसार र मानव तस्करीका विविध पक्षहरूलाई उजागर गरेका थिए ।

२०७८ सालको "बिनासीप वैदेशिक रोजगारीमा जाँदै ठगिदै", भन्ने समाचारले एजेन्टले एउटा काम भनेर लैजाने तर विदेशमा अर्कै काम गर्नुपरेपछि अलपत्र परेको विषय उठान गरेको थियो । "कफिनमाथि आँशुको भल", समाचारमा देशभित्र रोजगारी अभावका कारण एकातर्फ परिवारसँग छुट्टिएर जानुपर्ने, अनि त्यहाँ कतिपय अवस्थामा जोखिमपूर्ण कामका कारण, सीप अभावका कारण, वा श्रम शोषणका कारण मृत्यु व्योहोर्नु पर्ने तितो यर्थाथ उल्लेख छ । "खाडीमा कामदार न कार्यस्थल सुरक्षित न बासस्थान, साउदीमा अलपत्र", समाचारमा दलालले एउटा कम्पनी र काम भनेर लैजाने तर अर्कै कम्पनी र काम गर्न लगाएपछि वैदेशिक रोजगारमा जानेहरू अलपत्र परेको उल्लेख छ । "विदेशमा नेपाली श्रमिक ठग्नेलाई इन्टरपोलको सहयोगमा कारबाही गरिने", यो समाचारमा यू.ए.ई.मा बसेर नेपाली श्रमिक ठग्ने, श्रमशोषण, यौनशोषण गर्नेहरूलाई कारबाहीका लागि यो उपाय अपनाइएको हो । इन्फिनिटी नेटवर्कका नाममा दुबईमा नेपाली कामदारमाथि ठगी भन्ने समाचारमा उल्लेखित घटनापछि नेपाल सरकारले यू.ए.ई. सरकार समक्ष पहल गरेर इन्टरपोलमार्फत भए पनि कारबाही अगाडि बढाउने प्रयास गरेको थियो । जोखिम वर्ग नै वैदेशिक रोजगारीमा आकर्षित, समाचारमा उल्लेख भएअनुसार सङ्कटमा परेका व्यक्तिहरू जुनसुकै हालतमा विदेश जान चाहने भएकाले उनीहरूलाई ललाईफकाई गर्न पनि दलालहरूलाई सहज हुने, उनीहरूसँग सीप नहुने वा सीप सिकेर विदेश जान पैसा नहुने भएकाले उनीहरू जानुअगाडि पनि जोखिममा हुन्छन् भने गएपछि पनि जोखिममा हुन्छन् । यही कारण उनीहरू श्रमशोषण तथा यौनशोषणमा पर्ने गरेका छन् ।

२०७७ सालमा कोभिड-१९ को महामारी र लकडाउनका बेला वैदेशिक रोजगारीमा नयाँ किसिमका घटनाहरू देखिए । वैदेशिक रोजगारीका क्रममा मानव बेचबिखन तथा ओसारपसार लगायतका लैङ्गिक हिंसा हुने गरेकोमा सरकारको लकडाउन घोषणा तथा गन्तव्य मुलुकको लकडाउन घोषणाले कामदारहरू अलपत्र पर्न थालेपछि नयाँ किसिमको समस्या देखिएको थियो । "लकडाउनमा नेपालभित्र आउन बन्द गरिदा विदेशमा रहेका आप्रवासी कामदारलाई खान र बस्नको समस्या" तथा उद्धारमा अलमल र समस्या भएका धेरै समाचार यसपालि थिए । अर्कोतर्फ भारतमा काम गर्न जानेलाई सरकारले वैदेशिक रोजगारको मापदण्डमा नराख्दा पनि धेरै नै समस्या भएको थियो । यही कारण अन्य मुलुकबाट हवाइजहाजमा काठमाडौँ एयरपोर्ट ओर्लने र हिंडेर वा सवारीसाधन व्यवस्था गरेर सीमानासम्म आइपुग्नेलाई सरकारले फरक फरक व्यवहार गरेर नागरिक नागरिक बिच विभेद गरेको थियो । कतिपय मानिस लुकिछिपी सीमा नाका पार गरेर स्वदेश भित्रिएका थिए भने कतिपयले सीमा नदीमा हाम फालेर पौडी खेली ज्यानकै जोखिम मोलेर पनि प्रवेश गरेका थिए । महाकालीमा हेलिएको समाचार निकै चर्चित पनि भएको थियो । "वैदेशिक रोजगारीमा महिला र कोभिड-१९" समाचारमा जनाइएअनुसार, सरकारले प्रदान गरेको सेवाबाट बञ्चित हुनुपर्ने अवस्था आइलागेको थियो । वैदेशिक रोजगारीमा नेपालको बाटो नगएको

र वैदेशिक रोजगार कल्याणकारी कोषमा आवद्ध नभएका कारण सरकारले दिएको निःशुल्क हवाई टिकट र उद्धार कार्यक्रमबाट बञ्चित हुनुपरेको समाचारमा उल्लेख छ ।

यही कारण समाचारमा जनाइएअनुसार, महामारीको समयमा चुस्त व्यवस्थापन, स्वेदश फिर्ती लगायतका विषयमा माग राखी ४२ वटा रिट निवेदन परेका थिए । यी मध्ये २३ वटामा अन्तरिम आदेश जारी भएको थियो । आदेशमा उद्धारका लागि प्रशासनिक, व्यवस्थापकीय, वित्तीय र आर्थिक पहल लिन निर्देशन दिइएको थियो ।

## ३.२ मानव तस्करी

विश्वमा मानिसको स्थानागमन सदैव चलिरहन्छ । जबसम्म स्थानागमन चलिरहन्छ, तबसम्म मानव बेचबिखन तथा ओसारपसारको जोखिम पनि भइनै रहन्छ र यसका नयाँ-नयाँ आयामहरू पनि बाहिर आइनै रहनेछन् । मानव तस्करीले विश्वका सबै देशलाई समस्यामा पारेकाले यसका लागि विश्वका सबै राष्ट्रको समान एवं एकीकृत पहल आवश्यक छ । चेलिबेटी बेचबिखन, मानव बेचबिखन तथा ओसारपसार, असुरक्षित आप्रवासन, वैदेशिक रोजगारी, हुँदै मानव तस्करीसम्म पुगेको यो समस्यामा पछिल्लो समय उच्च शिक्षाका नाममा पनि मानव तस्करी हुन थालेको तथ्य पाँच वर्षको अध्ययनको क्रममा बाहिर आएको छ । तस्करीविरुद्ध राज्यले कडाई गर्दै जाँदा अभियुक्तहरूले पनि नयाँ नयाँ उपाय र बाटाहरू पत्ता लगाएर तस्करी गरिरहेका छन् । कुनै बेला यस्तो लाग्छ, राज्य र अपराधी बिच प्रतिस्पर्धा चलिरहेको छ । एउटा अपराध हुन्छ, राज्यले त्यसलाई नियन्त्रण गर्ने उपाय खोज्दा नखोज्दै अपराधीहरू नयाँ उपाय अपनाई सक्छन् । वैदेशिक रोजगारीका क्रममा बेचबिखन तथा ओसारपसार बढेपछि सरकारले कडाई गर्न थाल्यो । काठमाडौँ एयरपोर्टबाट कडाई हुन थालेपछि दलालहरूले भारतको बाटो वा भारतीय एयरपोर्ट प्रयोग गर्न थाले । त्यो थाहा पाएपछि सरकारले नो अब्जेक्सन लेटरको प्रावधान ल्यायो । तर त्यस क्रममा पहाडी मूलका अझ विशेष गरेर जनजाति समुदायका व्यक्तिहरू सजिलै चिनिन थालेपछि दलालहरूको ध्यान मधेशी समुदायतर्फ केन्द्रित भएको अनुमान गर्न सकिन्छ । किनकि, मधेशी समुदायका व्यक्तिहरू भेषभुषा र भाषाशैलीले भारतीय जस्तै देखिने भएकाले दलालहरूले सजिलै अध्यागमन पार गराउँदथे । यही कारण हुनसक्छ,, पाँच वर्षको अध्ययनका क्रममा प्रभावितको जातीयतामा मधेशी समुदायको सङ्ख्या बढ्दै गएको थियो । यसैगरी, अर्को तथ्य पनि यो पाँच वर्षमा बाहिर आएको छ । तर विदेशमा पहाडी मूलका वा जनजाति समुदायका व्यक्तिहरूको माग धेरै हुने भएकाले दलालहरूले जसरी पनि उनीहरूलाई लैजाने सोचमा भारतीय एयरपोर्टको बाटो छाडेर भारतीय स्थलमार्ग हुदै खाडी मुलुकसम्म पुऱ्याउने प्रयास गरेका थिए । यही कारण सयौंको सङ्ख्यामा नेपालीहरू पूर्वोत्तर भारतको बाटो हुँदै जान लागेका बेलामा पक्राउ गरेर नेपाल फर्काइएका थिए । यही विषयलाई **"रुट फेरेर प्रतिबन्धित मुलुक"** शीर्षकको समाचारले उजागर गऱ्यो । समाचारका अनुसार नेपालबाट प्रतिबन्ध र दिल्लीबाट कडाइ गरिएपछि नयाँ नयाँ रुट पहिल्याएर म्यानमार पुऱ्याउँदै कोलम्बो उडाउने र त्यहाँबाट गन्तव्य मुलुक काममा लागि पठाउने प्रवृत्ति देखियो । प्रतिबन्धित मुलुकहरू इराक, कुवेत लगायतका देशमा जाने भन्दै अवैध बाटोबाट म्यानमार छिर्न खोजेका सयौं नेपाली महिलालाई भारतको उत्तरपूर्वी मिजोरमबाट उद्धार गरिएसँगै मानव तस्करको गिरोहले नयाँ रुट प्रयोग गरेको खुलेको हो । यसैसँग सम्बन्धित अर्को समाचार थियो, म्यानमार हुँदै मानव तस्करी ।

मानवबेचबिखन तथा ओसारपसारका नयाँनयाँ आयाम मध्ये २०७४ सालमा प्रकाशित "खेलको आडमा मानव तस्करी" समाचार थियो । समाचारअनुसार, राष्ट्रिय फुटबल टोलीका पूर्व गोलरक्षक एवं नेपाल आइस हक्की संघका अध्यक्ष लोकबहादुर शाही क्यानडा पठाईदिने भन्दै २५ युवाबाट लाखौं ठगेको आरोपमा पक्राउ परेका थिए । यही समाचारलाई एक अर्को पत्रिकाले "खेल आवरणमा गम्भिर अपराध" शीर्षकमा छापेको थियो । जसमा भनिएको थियो, एन्फाका पूर्व महासचिव लोकबहादुर शाही र अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघका उपाध्यक्ष

चेतनराज गिरीलाई मानव तस्करीको आरोप । यसैगरी, २०७४ सालका "मानव तस्करको जालो", "मानव तस्करीमा मौनता", "मानव तस्करी" शीर्षकमा छापिएका सम्पादकीयहरूले मानव तस्करी कसरी बढिरहेको छ भन्ने जनाउँछ । मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राज्यको प्रतिवद्धतालाई अन्यथा भन्न सकिदैन, तर २०७४ सालमा संसदले नै के ठहर गऱ्यो भने यो अपराधमा राज्य संयन्त्रका व्यक्तिहरू नै सामेल छन् । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा बढी मात्रामा म्यानपावर एजेन्सी, परामर्शदाता तथा एजेन्टहरू नै सक्रिय रहेको तथ्यले देखाउँछ । यस्तै "नेताका आडमा मानव तस्करी" समाचारअनुसार, राजनीतिक कार्यक्रममा सहभागी गराउने बहानामा मानव तस्करी गरेको आरोपमा पाँचजना पक्राउ परेका थिए । प्रमुख राजनीतिक दलका नेतालाई अतिथि बनाई उनीहरूसँग असबन्धित व्यक्तिलाई प्रतिनिधि बनाएर विभिन्न देशमा लगेर छाड्ने गरेको समाचारमा उल्लेख छ ।

मानव बेचबिखन तथा ओसारपसारका नयाँनयाँ आयाम मध्ये २०७४ सालमा प्रकाशित "खेलको आडमा मानव तस्करी" समाचार थियो । समाचारअनुसार, राष्ट्रिय फुटबल टोलीका पूर्व गोलरक्षक एवं नेपाल आइस हक्की संघका अध्यक्ष लोकबहादुर शाही क्यानडा पठाइदिने भन्दै २५ युवाबाट लाखौं ठगेको आरोपमा पक्राउ परेका थिए । २०७५ सालको "बाबुआमा झुक्याएर बालबालिका तस्करी" भन्ने समाचारमा अभिभावकलाई झुक्याएर २४ जना बालबालिकालाई अनाथ, असहाय भएको विवरण तयार पारेर तस्करी गरिएको उल्लेख थियो । "कहिल्यै नपुगिने अमेरिका, फिल्मी शैलीको दुर्दान्त घटना" यस्ता समाचार हरेक वर्ष आइरहेका छन् । जसरी पनि अमेरिका पुग्ने इच्छाको फाइदा उठाउदै दलालहरूले गैरकानुनी तरिकाले लाखौं रुपैयाँ लिएर कार्गो ट्रकमा कोचेर तथा जङ्गल-जङ्गल पैदल हिंडाएर अमेरिका पुऱ्याउने घटना हो यो । यस क्रममा धेरैको मृत्युसमेत हुने गरेको छ । "हिम्मतवालीका नायक सुदर्शन गौतम मानव तस्करीमा, कलाकार बनाएर मानव तस्करी", "पैदल मार्गबाट अझै अमेरिका" भन्ने समाचारले पनि यही तथ्य देखाउँछ । यसका लागि दलालहरूले देशभित्र बाहिर तथा विश्वका विभिन्न देशमा सञ्जाल बनाएका छन् । "समातिँदैनन् बंगलादेशी ल्याउने मानव तस्कर" मानव तस्करी नेपालबाट बाहिर मात्र होइन, विदेशबाट नेपाल ल्याउने तथा अन्य देशबाट नेपाल ल्याएर ट्रान्जिट बनाई फेरि अर्को देश लैजाने घटना पनि धेरै छन् । मानव तस्करीमा संलग्न अफगान गिरोहले नेपाललाई युरोपसम्म मानव तस्करीको ट्रान्जिट बनाएको तथ्य फेला परेको समाचार पनि २०७५ सालमा थियो । "मानव तस्करीमा नयाँ रुटको प्रयोग", "म्यानमारबाट तेस्रो मुलुक पुऱ्याइँदै नेपाली युवती" भन्ने समाचारमा नेपाली युवतीलाई विभिन्न नाकाबाट भारत हुँदै तेस्रो मुलुक पुऱ्याउँदै आएको मानव तस्कर समूहले नयाँ बाटो प्रयोग गर्ने गरेको रहस्य खुलेको हो । मणिपुर, म्यानमार हुँदै खाडी मुलुक पुऱ्याउने गरेको यो समाचार २०७५ सालमा निकै चर्चामा रह्यो । मानव तस्करको गिरोहले पूर्वोत्तर भारतको मणिपुर हुँदै म्यानमार पुऱ्याउने र त्यहाँबाट खाडी तथा अफ्रिकन मुलुकमा पऱ्याएर वेश्यावृत्ति लगायत यौनजन्य क्रियाकलापमा जबरजस्ती संलग्न गराउने गरेको समाचारमा उल्लेख छ । "मानव तस्करीका पाँच रुट" समाचारका अनुसार गाउँबाट काठमाडौँसम्म ल्याउने, दोस्रो काठमाडौँबाट सीमासम्म पुऱ्याउने, तेस्रो सीमा कटाएर भारतको मणिपुर पुऱ्याउने, चौथो मणिपुरबाट म्यानमार पुऱ्याउने र पाँचौ म्यानमारबाट खाडी मुलुकु पुऱ्याउने गरिएको छ ।

मानव अधिकार आयोगको बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनले पनि मानव तस्करीको विषय उठान गरेको छ । २०७६ सालमा छापिएको मानव तस्करी बर्सेनी बढ्दो शीर्षकको समाचारमा पनि यही तथ्य छ । घोस्ट ट्रेल पछ्याउँदै अमेरिका शीर्षकको समाचार अनुसार घोस्ट ट्रेलको बाटो भएर अमेरिका जान खोज्नेमध्ये बर्सेनी सयौं जना सशस्त्र समूहबाट मारिने वा बेपत्ता बनाइने गरेको छ । यस्तै मानव तस्करीसँग सम्बन्धित अर्को समाचार थियो, **"क्यानडा पठाइ दिन्छौ भन्दै लाखौं ठगी"** र **"कम्बोडियामा ६ नेपाली अलपत्र"** शीर्षकको । **"अमेरिकी जेलमा ३ सय नेपाली"** भन्ने समाचारले पनि मानव तस्करीको कथा उजागर गरेको थियो । २०७६ कै **"मानव**

बेचबिखनको बलियो जालो" भन्ने समाचारले पनि मानव तस्करीका आयामहरू उजागर गरेको थियो । समाचारमा भनिएको छ, अहिले यौन व्यवसायका साथै मानव अङ्ग, मिर्गौला, कलेजो, छाला बेचबिखन अनि भाडामा बच्चा जन्माउने आमाका लागि मानव बेचबिखन र तस्करी हुने गरेको छ । त्यस्तै सर्कसमा खेलाउन, घरेलु नोकर बनाउन र कलकारखानामा काम लगाउन राम्रो काम, दाम र ग्रीन कार्डको प्रलोभन देखाएर पनि लैजाने गरिएको छ । मध्यपूर्वका कतार, कुवेत, साउदी अरेबिया, युएई, लेबनान, अफ्रिकाको केन्या, तान्जानीया, युरोपको किर्गिस्तान आदि मुलुकसम्म मानव तस्करी हुने गरेको यसमा उल्लेख छ ।

"पोल्याण्ड हिंडेका १७ नेपाली चार महिना अजरबैजानमा बन्धक" भन्ने समाचार पनि मानव तस्करीको एउटा उदाहरण हो । यसैगरी फ्रान्स पठाइदिन्छु भनी ठगी गर्ने पक्राउ, भयावह मानव तस्करी, ६ महिना यात्रा गरेर अमेरिका, लोभ देखाएर कोठी पुऱ्याइन्छन् महिला, मानव तस्करको आरोपमा पक्राउ, जागिरको प्रलोभनमा मानव तस्करी लगायतका समाचारले पनि मानव तस्करीको अवस्था उजागर गरेका छन् । बैंककमा पक्राउ परेका पर्शुराम गुरुङ मानव तस्करीका निकै ठुलो एजेन्ट हुन् । उनी पक्राउ परेको समाचार यो वर्ष आएको थियो । संगठित मानव तस्करी र करोडौं ठगीको आरोपमा बैंककमा पक्राउ परेका पर्शुराम गुरुङविरुद्ध ३० वटाभन्दा बढी उजुरी परेको थियो । गुरुङ र उनकी थाई श्रीमती मिलेर फेसबुक मार्फत क्यानडा, अमेरिका, मकाउ लगायतका देशमा जागिर लगाइदिने प्रलोभनमा पारी रकम असुल्ने गरेका थिए । मानव तस्करहरूले कतिसम्म गर्छन् भन्ने जानकारीका लागि २०७६ सालमा आएको एउटा समाचार पनि यहाँ उल्लेख गर्नु मनासिब हुन्छ । समाचार रुसको थियो, रुसको मानव तस्करहरूले मानव तस्करी गर्न सक्कली जस्तै लाग्ने नक्कली सीमा चौकी नै खडा गरेका थिए ।

२०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) मा आएका "१९ मानव तस्कर पक्राउ", "दक्षिण अफ्रिका पुऱ्याएर महिनौंसम्म शोषण", "म्यारिज भिसामा चीन : बच्चा जन्माउन नेपाली युवतीको तस्करी, बिहे गर्न भाडाका बेहुला प्रयोग", जस्ता समाचारले मानव तस्करीका आयाम कसरी फराकिलो हुँदैछ भन्ने तथ्य अगाडि ल्याए । "भिजिट भिसामा मानव तस्करी", "बढ्यो बालिका तस्करी", "Nepalis going abroad on visit visa is droves worries officials" जस्ता समाचारले पनि मानव तस्करीमा भइरहेको भिजिट भिसाको दुरुपयोगको तथ्य बाहिर ल्यायो भने यौनशोषण श्रमशोषणका लागि बालिका तस्करी बढेको विषय पनि उठान गऱ्यो ।

२०७८ सालमा मानव तस्करीमा सबैभन्दा चर्चित भिजिट भिसा प्रकरण रह्यो । मानव बेचबिखन तथा ओसार पसारका दलालहरूले जहिले पनि नयाँ नयाँ तरिका अपनाएर मानव बेचबिखन तथा ओसारपसारको काम गर्दै आएका छन् । कहिले रुट परिवर्तन गर्ने, कहिले भारतीय विमानस्थल प्रयोग गर्ने, कहिले कानुनका कमी कमजोरीको दुरुपयोग गर्ने, कहिले सरकारी पदाधिकारीको साथ लिने जस्ता अनेक उपाय दलालहरूले अपनाउने गरेका छन् । यो भन्दा अघिल्ला वर्षहरूमा रुट परिवर्तन बढी चर्चामा थियो । त्यो भन्दा अगाडि भारतीय विमानस्थल प्रयोग चर्चामा थियो । २०७८ मा नेपालकै विमानस्थल प्रयोग गरेर भिजिट भिसा अर्थात् पर्यटक भिसामा विदेश लैजाने र अवैध तरिकाले काम गर्न लगाउने वा अलपत्र पार्ने घटना धेरै नै आए । "भिजिट भिसाले बढायो यू.ए.ई.मा मानव तस्करी", यो समाचारले नै बताउँछ मानव तस्करीको नयाँ आयाम भिजिट भिसा बनेको छ भनेर । "मानव तस्करी रोक्न विमानस्थलमा मार्शल टीम", भिजिट भिसाको आवरणमा दल र कर्मचारीले मिलेमतो गरी मानव तस्करीको धन्दा चलाएको आशङ्कामा सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा मार्शल टिम परिचालन गरेको समाचार हो यो । तर भिजिट भिसाको विषयमा छानबिन गर्न बनेको कार्यदलले प्रतिवेदन बुझाएपछि यसले दिएका सुझावहरूले झन् विवाद निम्त्यायो । "भिजिट भिसामा नीति निर्माणको भ्वाङ" शीर्षकको समाचारमा वैदेशिक रोजगार व्यवसायी संस्था लगायतका अरु विचौलियालाई नियमन र नियन्त्रण गर्न

असफल हुने, विचौलिया र कर्मचारीको दुषित सेटिङ भत्काउन नखोज्ने, मिलेमतोमा सरिक भई सामुहिक घुस खाने कर्मचारीलाई ठेगान नलगाउने, तर दोष भने सर्वसाधारण जनता र भिजिट भिसालाई दिने भन्ने विषय उठान गरिएको थियो । भिजिट भिसामा कडाई, भिजिट भिसाको आडमा मानव तस्करी बढेपछि सरकारले सतर्कता त अपनायो, तर भिजिट भिसामा कडाई गर्ने नाममा अव्यवहारिक सर्तहरू राखेको विषय यो समाचारले पनि उठाएको छ । समाचारका अनुसार अब उप्रान्त घुम्न जानका लागि भिजिट भिसाको आवेदन दिनेले बैंक खातामा न्यूनतम ५ लाख नगद देखाउनु पर्ने, वार्षिक आम्दानी १० लाख हुनुपर्ने, होटल बुकिङ र हवाई टिकट दुईतर्फी नै देखाउनु पर्ने, अङ्ग्रेजी वा गन्तव्य मुलुकको भाषा जानेको हुनुपर्ने लगायतका सर्तहरू सरकारले राखेको थियो । "भिजिट भिसामा सर्तैसर्तः महिलाका लागि संविधान विपरितका विभेदकारी अतिरिक्ति सर्त" शीर्षकको समाचारमा भिजिट भिसाका सर्तमा महिलाका लागि थप अतिरिक्त सर्त राखिएको विषय छ । महिलाका लागि भिजिट भिसा लिन, विदेशमा आफन्त, नातेदार वा चिनेजानेका मानिस कम्तीमा २ वर्ष बसेको पुष्टि हुने कागजात पेस गर्नुपर्ने । यसैगरी, मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम दस जोड दुई वा सो सरह उत्तीर्ण भएको शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने लगायतका सर्त थपिएका छन् । यस्ता सर्तहरू सरकारले अध्ययन गर्न गठन गरेको कार्यदलले सुझाव प्रतिवेदनमा उल्लेख गरेको आधारमा तोकिएका थिए । "किन हुन्छ भिजिट भिसाको गलत प्रयोग" शीर्षकको समाचारअनुसार, सिधै कामदार भिसामा पठाउँदा फ्री भिसा, फ्री टिकट अन्तरगत कारबाहीमा परिने डरले म्यानपावर व्यवसायीले नै भिजिट भिसामा नागरिक पठाउने गर्दा दुरुपयोग बढेको थियो । "Proposed travel rule change may not help control women's trafficking expert say", यो समाचारमा ४० वर्ष मुनिका महिला विदेश जानु परेमा अभिभावक र स्थानीय पालिकाको स्वीकृति पेस गर्नुपर्ने सर्तले मानव बेचबिखन रोक्न मद्दत नगर्ने विषय उठाइएको छ ।

२०७७ सालमा मानव तस्करीसँग सम्बन्धित समाचार प्रत्यक्ष रूपमा नभए पनि परोक्ष रूपमा वैदेशिक रोजगार, असुरक्षित स्थानागमन, मानव बेचबिखन तथा ओसारपसारलगायतका समाचारमा मानव तस्करीका विषयवस्तु उल्लेख थिए ।

### ३.३ मानव बेचबिखन तथा ओसारपसार (आन्तरिक एवं वाह्य) परिवारकै संलग्नता, राजनीतिको आडमा अपराध वा राजनीतिक नेतृत्वको अभियुक्तसँग मिलेमतो

२०७४ सालको सबैभन्दा चर्चित अथवा भनौं मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरूले सरकारी संयन्त्र तथा नीति निर्माण तहसम्मै पहुँच बनाएको ज्वलन्त उदाहरण हो, "मानव तस्करीमा राज्य" शीर्षकको समाचार । यो समाचारअनुसार, संसदको अन्तराष्ट्रिय सम्बन्ध तथा श्रम समितिले वैदेशिक रोजगारीको आवरणमा हुने मानव तस्करीलाई राज्य संयन्त्रबाटै सहयोग हुँदै आएको निष्कर्ष निकालेको छ । खाडी मुलुकमा अवैध कामदारका रूपमा जाने ६० प्रतिशत कामदार अध्यागमनका कर्मचारी, सुरक्षाकर्मी र वायुसेवाका कर्मचारीको मिलेमतोमा पठाइन्छ, समाचारमा उल्लेख छ ।

२०७४ सालकै अर्को चर्चित समाचार थियो, "गाउँपालिका वडा अध्यक्षको भारतमा चारवटा कोठी" र "नुवाकोट दुप्चेश्वर १ का वडा अध्यक्ष सुनबहादुर तामाङ मानव बेचबिखनको आरोपमा पक्राउ", "वडा अध्यक्ष सुन बहादुरलाई ३७ वर्ष कैद" भन्ने । यी तीनवटै समाचार एकै व्यक्तिसँग सम्बन्धित थिए । यी समाचारले राजनीतिक नेतृत्वहरू कसरी अपराधमा लागेका छन् अथवा राजनीतिको आडमा उनीहरू कस्तोसम्म अपराध गर्छन् भन्ने उहादरण पनि दिएको छ । सुनबहादुर कै बन्दी प्रत्यक्षीकरणको मुद्दामा अदालतबाट आएको रिहा गर्ने आदेशले त सबैलाई हैरान नै बनाएको थियो । यस्तो संवेदनशील मुद्दामा अदालत संवेदनशील नभएको गुनासो नागरिक समाजको थियो ।

"कलाकार खड्गी मानव बेचबिखन आरोपमा पक्राउ" र "धरौटीमा छुटे निर्देशक राजेन्द्र खड्गी"भन्ने अर्को चर्चित समाचार थियो, जसले कलाकारिता क्षेत्रमा ईज्जत, मान प्रतिष्ठा कमाएका व्यक्ति पनि कसरी मानव बेचबिखन तथा ओसारपसारमा लाग्छन् भन्ने उदाङ्गो पारेको छ । कलाकार खड्गीले १२ जनाभन्दा बढीलाई दक्षिण कोरिया पुऱ्याई मानव बेचबिखन तथा ओसारपसार गरेको समाचारमा उल्लेख थियो । मानव बेचबिखन तथा ओसार पसारको अपराध नियन्त्रणमा अर्को महत्वपूर्ण चुनौती हो, परिवारका सदस्य नै अपराधमा संलग्न हुनु । परिवारमा एक अर्काप्रति विश्वास, माया, सद्भाव र आदर हुन्छ । त्यसैले सबैले परिवार वा घरलाई सबैभन्दा सुरक्षित स्थलका रूपमा लिएका हुन्छन् । तर जब आफ्नै नाता सम्बन्धका व्यक्ति वा आफन्त नै मानव बेचबिखन तथा ओसारपसारमा संलग्न हुन्छन्, तब समस्या समाधान हुनुको साटो झन् जेलिदै जान्छ । यस्तै थियो, "आफन्तबाटै बेचिन्छन् महिला" शीर्षकको समाचार । यो समाचारअनुसार, विवाह भएको तीन महिनापछि श्रीमान् र जेठानी मिलेर भारत पुऱ्याए । उनलाई औषधी खुवाएर बेहोस पारिएछ, होस आउदा थाहा भयो, ४० हजार भा.रु.मा उनी बेचिएकी रहिछिन् । "मदिराका लागि २५ हजारमा छोरा बेच्ने बाबु पक्राउ" भन्ने समाचारमा पनि आफन्त नै संलग्न थिए । भारतका एक बाबुले रक्सी, मोबाइल र कपडाका लागि आफ्नै छोरालाई बेचेको समाचारमा उल्लेख थियो । यस्तै अर्को समाचार थियो, "श्रीमान्बाटै बेच्ने प्रयास" शीर्षकमा, यो समाचारअनुसार विवाह भएको करिब दुई महिनामै उनी बिरामी परिन् । उनी श्रीमान्सँग उपचार गराउन भारतको नयाँ दिल्ली गइन् । तर अस्पताल नपुग्दै दलालको फन्दामा परिन् । दलालसँग सोध्दा श्रीमान्ले आफ्नो जिम्मामा छाडेर गएको बताए ।

२०७५ सालको "जागिरको लोभमा बेचिन्छन् किशोरी" भन्ने समाचार झट्ट हेर्दा रोजगारीसँग सम्बन्धित भए पनि बिहे गर्ने र राम्रो जागिर लगाई दिने भन्दै लोभ देखाएर भारत लगिएको समाचार हो । समाचारमा गरिबीका कारण किशोरी लोभमा परेर रोजगार खोज्न हिंड्दा बेचिने गरेकाले सीपमूलक तालिम सञ्चालन गरिएको उल्लेख थियो । "मलाई र छोरालाई श्रीमान्ले बेचे" यो समाचार भने निकै दुःखलाग्दो छ । श्रीमान् श्रीमती सल्लाहमै भारत गएर दुबैजना रोजगारी गरिरहेका र छोरा पनि साथै रहेकोमा बाबुले श्रीमती र छोरालाई बेचेको समाचारमा उल्लेख छ । "हात हातमा बेचिन्छन् नेपाली महिला" यो समाचारले भने नेपाली महिला कहाँ-कहाँ कति चरणमा बेचिन्छन् भन्ने प्रष्ट चित्र दिएको छ । स्थानीय दलबहादुरले ३० हजार रुपैयाँ लिएर उनलाई काठमाडौँ पुऱ्याए । काठमाडौँको राजुले दिल्ली एजेन्टलाई ३ लाखमा बेचे र दिल्ली एजेन्टले कुवेतमा रहेका बङ्गालीलाई ८ लाखमा बेचेका थिए । २०७५ सालकै "गाउँगाउँमा दलालको सञ्जाल, तीन वर्षमा बेचिए २२ युवती", "मानव बेचबिखनको थलो बन्दैछ चितवन", "मानव बेचबिखनको स्वरुप फेरियो", "महिला बेचिबखनका घटनामा वृद्धि" जस्ता समाचारले पनि यौनशोषणका लागि भइरहेका बेचबिखनलाई उजागर गरेको छ । "बेचबिखनमा पुरुष पनि पीडित" समाचारले पुरुषको बेचबिखनलाई बाहिर ल्याएको छ । राष्ट्रिय मानवअधिकार आयोगको सन् २०१८ को प्रतिवेदनमा उल्लेख भएअनुसार ६ सय २९ वटा घटनामा ४ सय ६३ जना पुरुष र १ सय ६६ जना महिला बेचबिखनको शिकार भएका थिए । यो तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समय पुरुषको बेचबिखन महिलाभन्दा बढी हुन थालेको छ । यो तथ्याङ्कमा वैदेशिक रोजगारका क्रममा भएका बेचबिखन पनि परेका कारण वैदेशिक रोजगारीको क्रममा हुने बेचबिखनलाई पनि कानुनमा समेट्नु आवश्यक रहेको तथ्य स्थापित हुन्छ । "ट्रान्जिट बन्दै गौरीगञ्ज" भन्ने समाचार झापाको गौरीगञ्जको हो । यहाँबाट बेचबिखनका लागि बालबालिका सङ्कलन गरेर भारत लैजाने गरिएको समाचारमा उल्लेख छ ।

२०७६ सालको "मानव बेचबिखनमा जनप्रतिनिधिको संलग्नता" शीर्षकको समाचारमा मानव बेचबिखन तथा ओसारपसारमा एक वडा अध्यक्ष नै लागेका थिए । मानव बेचबिखनको आरोपमा ललितपुर प्रहरीले ती जनप्रतिनिधि सहित ३ जनालाई पक्राउ गरेको थियो । उनले जागिरको प्रलोभन देखाई खाडी मुलुक तथा भारतमा बेचबिखन गर्ने गरेका थिए । २०७६ सालमै देशभित्रै आन्तरिक मानव बेचबिखन तथा ओसारपसारका धेरै तथ्यगत समाचार

बाहिर आए । यो तथ्यलाई पनि राज्यले स्वीकार गर्न चाहिरहेको थिएन, तर समाचारले प्रमाणसहित यो कुरा बाहिर ल्यायो । "देशभित्रै चेली बेचबिखन" शीर्षकको समाचार अनुसार पर्यटकहरूलाई सेवा उपलब्ध गराउने लक्ष्यसहित खोलिएका रुपन्देहीका कतिपय होटलमा देह व्यवसाय समेत भएको पाइन्छ । समाचारमा लेखिएको छ, यहाँका होटलमा यौनधन्दा मात्र होइन, युवतीको किनबेच समेत हुने गरेको खुलासा भएको छ । मनोरञ्जन क्षेत्रमा महिला बढी पीडित भन्ने समाचारले पनि यो विषय उल्लेख गरेको छ । "आन्तरिक महिला बेचबिखन झनै जटिल" भन्ने शीर्षकको समाचारअनुसार पनि साहुजी आफैले यौनशोषण गरेका थिए भने यौनधन्दामा पनि लगाएका थिए । नमानेमा तलब दिन्न, मारेर फालिदिन्छु भनेर धम्क्याउँने गरेका थिए । नशालु पदार्थ वा मदिराको लत बसाउँदै अन्य होटल तथा दोहोरी साँझमा यौन कार्यमा उनले पठाउने गरेका थिए ।

२०७७ सालको कोभिड अवधि (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) मा प्रकाशित "सन्तान बेच्न विवश केन्याली आमा" शीर्षकको समाचार एकदमै दुखद् थियो । यसैगरी "मानव बेचबिखनको ट्रान्जिट बन्दै पशुपतिनगर", "सात बालिका भारतको सितामढीमा भेटिए", "जबरजस्ती यौनधन्दा" जस्ता समाचारले मानव बेचबिखन तथा ओसार पसार आन्तरिक र बाह्य रूपमा कसरी बढीरहेको छ भन्ने तथ्याङ्कहरू बाहिर ल्याए । "Women trafficking rise in Kailali", "Government must up its efforts to prevent human trafficking stakeholders says" जस्ता समाचारले अहिले पनि मानव बेचबिखन तथा ओसारपसारको अवस्थालाई तथ्यमा देखाएको छ ।

२०७८ सालको "गाउँले जागदैथे, सुनबहादुर छुटेपछि हच्किए" भन्ने समाचार नुवाकोटको दुप्चेश्वर गा.वि.स.का तत्कालिन वडा अध्यक्ष सुनबहादुर तामाङको हो । एक युवती दुप्चेश्वर गाउँमा भएको फुटबल हेर्न गएका बेला कार्यक्रममा अतिथिका रूपमा एक व्यक्ति देखिन्, जसले उनलाई लगेर बेचेका थिए । मानव बेचबिखन मुद्दामा जेल परेका सुनबहादुर अदालतबाट सफाई पाएर रिहा भएपछि उनीविरुद्ध उजुरी दिने व्यक्तिहरू तथा उनीबाट पीडित अन्य महिला सबै अहिले हच्किएको विषय यो समाचारमा समेटिएको थियो । यसले नेपाली न्याय प्रणाली र पीडितले न्याय पाउने विषयमा प्रश्न उठाएको छ । अघिल्लो पटक यिनै सुनबहादुरलाई ३० वर्ष जेल सजाय भएको समाचार हामीले उल्लेख गरेका थियौं । तर हाम्रो न्याय प्रणालीमा एउटा अदालतले ३० वर्ष जेल सजाय तोकेको व्यक्तिलाई अर्को अदालतले १ दिन पनि कैद गर्नु नपर्ने गरी सफाई दिने विषयले प्रश्न उठाइदिएको छ । "महिलालाई कम्बोडिया पुऱ्याएर बिक्री" शीर्षकको समाचार फेसबुकबाट चिनजान गरी महिलालाई कम्बोडिया पुऱ्याएर बिक्री गरिएको सम्बन्धी समाचार हो । कोठीमा पुऱ्याइएकी बालिका ७ वर्षपछि फर्किदा, १३ वर्षको उमेरमा माइजुबाट भारतको कोठीमा पुऱ्याएकी एक बालिका ७ वर्षपछि घर फर्केकी विषयको समाचार हो । यो समाचारमा उल्लेख भएअनुसार उनलाई कक्षा ७ मा पढ्दै गर्दा उनकी माइजु र माइजुका दुई छोरी मिलेर ललाईफकाई दिल्ली लगेर बेचेका थिए । "जो आफ्नै श्रीमान्बाट बेचिइन", यो समाचारका अनुसार पहिलो श्रीमान्ले उनलाई १ लाख ६० हजारमा बेचेका थिए भने दोस्रो श्रीमान्मार्फत बेचिएर उनी दिल्ली पुगेकी थिइन् । "Women trafficking on the rise in Kailali" शीर्षकको समाचारमा कैलालीको नेपाल भारत सीमामा सुरक्षा निकायले कडा निगरानी राखे पनि बालिका ओसारपसार तथा बेचबिखन बढेको विषय छ । २०७८ सालमा आन्तरिक बेचबिखनका समाचार पनि धेरै थिए । "देशभित्रै बेचिन्छन् महिला र बालिका", चाँडै विश्वास जित्न, प्रलोभनमा पार्न र डर देखाई अपराध ढाकछोप गर्न सजिलो हुने भएकाले गरिब तथा विपन्न परिवारका महिला, बालिका बेचबिखनको उच्च जोखिममा रहेको समाचारमा उल्लेख छ । समाचारअनुसार आमा बाबुको दिनहुँको घर झगडाका कारण सम्बन्ध विच्छेद भएर परिवार विखण्डन भएपछि कमाउन काठमाडौं आएकी उनी धेरै ठाउँको हण्डर खाँदै कोटेश्वरको एक गेष्टहाउसमा काम गर्न पुगिन्, जहाँ ग्राहकलाई खुशी पार्नुपर्ने, जिस्किएर बस्नुपर्ने, धेरै बिल उठाउनुपर्ने तथा कोठाको चाबी दिएर साहुले ग्राहकसँग जबरजस्ती पठाउने गरेपछि आफूलाई मन नभएको काम पनि गर्नुपरेको थियो । त्यहाँ उनी जस्ता धेरैले बाध्य भएर शरीर बेच्नु परेको थियो । यस्तै समाचार "बालिकालाई जबरजस्ती यौन कार्यमा" भन्ने पनि थियो ।

## ३.४ मानव अङ्ग ओसारपसार तथा बेचबिखन र तस्करी

२०७४ देखि २०७८ सालसम्मको मिडिया अध्ययनका क्रममा मानव अङ्ग ओसारपसार तथा बेचबिखन र तस्करीका धेरै समाचार आए । पहिला पहिला मानव अङ्ग अन्तरगत मृगौला बेचबिखनका समाचार धेरै हुन्थे भने अध्ययनका क्रममा यसको दायरा फराकिलो भएर मानिसका छाला लगायत धेरै अङ्गको तस्करीका लागि बेचबिखन तथा ओसारपसार र तस्करी हुने गरेको तथ्य बाहिर आएको छ । यसकारण मृगौलामात्र होईन अन्य कुन-कुन अङ्ग तस्करी वा बेचबिखन हुन्छ अध्ययनको आवश्यकता छ । २०७४ सालको समाचार "मृगौला दलाल राजधानी छेउछाउ सक्रिय" अनुसार केही वर्षसम्म काभ्रेमा सक्रिय मानव अङ्ग बेचबिखनका दलाल पछिल्लो समय राजधानी छेउछाउका अन्य गाउँमा सक्रिय बन्दैगएका छन् । जनअधिकार संरक्षण मञ्चका अनुसार, दलालहरू काठमाडौँका साँखु, थली र थानकोट क्षेत्रतिर सक्रिय छन् । २०७५ सालमा "नक्कली छोरा बनाएर मिर्गौला तस्करी" भन्ने समाचार यो वर्ष निकै चर्चामा रह्यो । यसमा संस्थागत रूपमा अस्पताल समेत संलग्न भएको उजुरी परेको थियो । मानव अङ्ग प्रत्यारोपणमा लगातार सफलता हासिल गर्दै अस्पतालको नाम नै मानव अङ्ग प्रत्यारोपण राख्न सफल भएको भक्तपुरको अस्पताल यो समाचारमा भने अपराधमा संलग्न भएको उल्लेख थियो । यो घटनाले धेरै प्रश्न खडा गरिदियो । यस्तै "प्रलोभनमा मृगौला तस्करी", "मृगौला तस्करीमा संलग्नविरुद्ध मुद्दा दायर", "मिर्गौला बेच्ने गिरोह पक्राउ" समाचार पनि यसैसँग सम्बन्धित छन् । २०७६ सालमा ललितपुरमा रहेको निदान अस्पतालमा मिर्गौला किनबेचको घटना निकै चर्चित बन्यो । समाचारको शीर्षक थियो, निदान अस्पतालमा मिर्गौला किनबेच समाचारअनुसार अस्पतालका प्रमुख कार्यकारी अधिकृत र डाक्टर सहित पाँचजनालाई मिर्गौला किनबेचको आरोपमा प्रहरीले पक्राउ गरेको थियो । यस्तै अन्य समाचार थिए, प्रलोभनमा पारेर मृगौला प्रत्यारोपण र सेटिङमा मृगौला बिक्री । २०७८ सालमा भने मिर्गौलाका साथै मानिसको औंला बेचबिखन वा तस्करीको फरक खालको एउटा समाचार थियो । अङ्ग बेच्न हत्या, ६ आरोपित पक्राउ शीर्षकको समाचारअनुसार, तान्त्रिक कामका लागि हातका औंला ७० देखि ८० लाख रुपैंयामा बिक्री हुने सुनेर उनले महिलाको हत्या गरेका थिए । घाँटी थिचेर हत्या गरेपछि दुबै हातका बुढी औंला बाहेक ८ वटा औंला काटेर बेच्न लगेका थिए । यस्तै अर्को समाचार थियो, "दाइको मृगौला तस्कर खोज्दा आफ्नै गुम्यो", समाचारअनुसार दाइको मिर्गौला बेच्ने तस्करहरूबारे सूचना खोज्ने क्रममा उनीहरूकै जालोमा परेर आफ्नो मिर्गौला उनले गुमाएका थिए ।

## ३.५ राज्य संयन्त्र, सरकारी पदाधिकारी, दूतावास तथा अध्यागमन पदाधिकारीको अभियुक्तहरूसँग मिलेमतो

जब जिम्मेबार निकाय वा पदाधिकारी नै अपराधकर्ममा लाग्छन्, चुनौती झन् बढ्छ । नेपालको अध्यागमनमा अवैध तरिकाले मानिस बाहिर पठाउन सेटिङ हुने गरेको समाचार पाँच वर्षको अध्ययनका क्रममा लगातार आइरह्यो । यस विषयमा संसदीय समितिले समेत छानबिन गरेर कारवाहीको सिफारिस गरेको थियो । राज्य र राज्य संयन्त्रको काम अपराध रोकथाम, नियन्त्रण तथा अपराधीलाई दण्ड सजाय एवं प्रभावितलाई न्याय दिलाउनु हो । तर जब यो जिम्मेवारीमा बसेकाहरू नै अपराध गर्न अगाडि सर्छन् वा अपराधीको मतियार बन्छन् तब अपराध रोकथाम र नियन्त्रणको काम निकै जटिल बन्दछ । राजनीतिक नेतृत्व हुन्, मन्त्री हुन्, सुरक्षा निकायका व्यक्ति हुन् वा अन्य कुनैपनि सरकारी कर्मचारी अपराधमा संलग्न हुनु उनीहरूको व्यक्तिगत समस्या भएपनि त्यो राज्यसँग जोडिन पुग्छ । जिम्मेवार कर्मचारीले गरेको कार्यले राज्यको पनि चरित्रमाथि दाग लगाइदिन्छ ।

२०७४ सालको सबैभन्दा चर्चित अथवा भनौं मानवबेचबिखन तथा ओसारपसारका अपराधीहरूले सरकारी संयन्त्र तथा नीति निर्माण तहसम्मै पहुँच बनाएको ज्वलन्त उदाहरण हो, "मानव तस्करीमा राज्य" शीर्षकको समाचार । यो समाचारअनुसार, संसदको अन्तराष्ट्रिय सम्बन्ध तथा श्रम समितिले वैदेशिक रोजगारीको आवरणमा हुने मानव तस्करीलाई राज्य संयन्त्रबाटै सहयोग हुदै आएको निष्कर्ष निकालेको छ । खाडी मुलुकमा अवैध

कामदारका रूपमा जाने ६० प्रतिशत कामदार अध्यागमनका कर्मचारी, सुरक्षाकर्मी र वायुसेवाका कर्मचारीको मिलेमतोमा पठाइन्छ, समाचारमा उल्लेख छ । अध्यागमनकै मिलेमतोको अर्को समाचार हो, "नक्कली पासपोर्टमा कसरी लाग्छ डिपार्चर छाप ?", यो समाचारअनुसार, एयरपोर्टको अध्यागमनबाट डिपार्चर छाप हानेर विदेश उडेका दुई भारतीय र एक श्रीलंकाली नागरिक चीन र टर्कीबाट डिपोर्ट गरेर फर्काएपछि मात्रै नेपालको अध्यागमनका अधिकारीले अवैध ठहऱ्याएका थिए । "भिजिट भिसामा तस्करको सेटिङ" शीर्षकको समाचारले पनि अध्यागमनको मिलेमतो देखाउँछ । "अध्यागमनमा सेटिङ गर्नेलाई गृहमन्त्रीद्वारा कारबाहीको चेतावनी" शीर्षकको समाचारले पनि अध्यागमनमा हुने मिलेमतोलाई पुष्टि गरेको छ । २०७५ सालमा प्रकाशित समाचार थियो, "इस्ट टिमोरको पासपोर्टमा ९ सुडानी काठमाडौंमा" इस्ट टिमोरको पासपोर्ट बोके पनि उनीहरू अफ्रिकी देश सुडानका रहेछन् । मानव तस्करको सहयोगमा इस्ट टिमोरको नक्कली पासपोर्ट बोकेर नेपाल आएका रहेछन् । उनीहरूसँग केही बालबालिका पनि थिए । तिनलाई उनीहरूले काठमाडौँबाट बोस्नीयाँ हर्ज गोभिना पुऱ्याएर फर्किएका थिए । "ट्रान्जिट बन्दै अध्यागमन, प्रभावकारी सफ्टवेयर प्रणाली नहुँदा मानव तस्करलाई सहज" गृह मन्त्रालयले राष्ट्रिय सुरक्षाको संवेदनशीलता नबुझ्दा नेपालको अध्यागमनको सुरक्षा अवस्था कमजोर भएको छ भने त्रिभुवन विमानस्थलको अध्यागमन लगायत अन्य नाका मानव तस्करको ट्रान्जिट बनेको छ । "महिलाको खरिद बिक्री ?" समाचार अनुसार, उनको हातमा दुबइको एउटा काम गर्ने कम्पनीको भिसा थियो । उनी त्यहाँ पुग्ने समयमा विमानस्थलमा रहेका प्रहरी र सरकारी अधिकारीबिच सेटिङ भएकाले सरासर भित्र पसिन । प्रहरीले उनलाई फटाफट भित्र छिराए । "खाडी जान नक्कली डिपार्चर" त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले भिजिट भिसामा खाडी जानेलाई कडाइ गरेपछि मानव तस्कर गिरोहले नक्कली डिपार्चर स्टाम्प प्रयोग गर्न थालेको यो समाचारमा उल्लेख छ ।

अध्यागमन मात्र होइन, देशकै प्रतिनिधित्व गरेर विदेशमा रहने दूतावास समेत यसबाट अछुतो छैन । "दूतावासबाटै मानव तस्करी" ठुलो खर्च गराएर नक्कली कागजपत्रका आधारमा यू.ए.ई. ल्याउने धन्दामा नेपली दूतावास समेत सामेल भएको पाइएको छ । "विवादित राजदूत शेर्पामाथि छानबिन" अस्ट्रेलियाका लागि नेपाली राजदूत लक्की शेर्पामाथि मानव तस्करी गरेको गम्भिर अरोप लागेको छ । आरोप पछि "राजदूत शेर्पाले दिइन् अन्ततः राजीनामा" भन्ने समाचार आएको थियो । "दूतावासमा पनि दलालको सेटिङ" नेपालको विमानस्थलमा कडाई भएपछि दलालहरूले भारतको विमानस्थल प्रयोग गर्न थाले । तर त्यहाँ पनि नो अब्जेक्सन लेटर चाहिने भएपछि दलालहरूले नेपालको भारतस्थित दूतावासमा सेटिङ मिलाएर लेटर हात पार्न थालेको समाचार हो यो । "मोटो रकममा ओभरस्टे सेटिङ" पर्यटक भिसामा आएर ओभरस्टे गरेका २४ जना उज्वेकिस्तानका युवतीलाई त्रि.वि. अध्यागमनले सेटिङ मिलाएर उडाएको फेला पारेको हो । २०७५ सालमा प्रकाशित यस सम्बन्धी अन्य समाचार थिए, "सेटिङबारे अध्यागमनको छानविन", "सेटिङको जालोमा अध्यागमन", "सेटिङ मिलाउँछन् अध्यागमनका कर्मचारी" । २०७६ को "अध्यागमनकै सेटिङमा उडेका थियौँ" भन्ने समाचारको शीर्षकले नै बताउँछ, मानव तस्करीमा अध्यागमनका कर्मचारीहरूको मिलेमतो थियो भनेर । अझ कतिपय अवस्थामा त सरकारी कर्मचारीबाट भएका यस्ता अपराध ढाकछोप गरेर उनीहरूलाई बचाउने प्रयास समेत हुने गरेको छ । अपराध गर्ने बेलामा केही कर्मचारी सामेल भएका हुन्छन्, तर यसलाई ढाकछोप गर्ने बेलामा जिम्मेवार पदाधिकारी तथा सिङ्गो संगठन वा कार्यालय समेत लाग्ने गरेका छन् । "लुकाउन नसकेपछि छानविन" शीर्षकको समाचारमा यस्तै विषय उल्लेख छ । समाचारका अनुसार, नक्कली श्रम स्टिकर टाँसेर दुबई उड्न लागेका चार यात्रु उच्च सुरक्षा घेराको विमानस्थलबाट बाहिरिएको विषयमा अध्यागमनले ढिलोगरी अनुसन्धान थालेको थियो । लामो समयसम्म गुपचुप राख्न खोजिएको यो घटनामा चारैजनाले राहदानी फिर्ता लिन प्रक्रिया थालेपछि मात्रै अध्यागमनले अनुसन्धान थालेको हो । यस्तै अर्को समाचार थियो, वैदेशिक रोजगार बिचौलिया र अध्यागमन अधिकृत कनेक्सन सम्बन्धी मुद्दामा १३ जनाविरुद्ध

भ्रष्टाचार मुद्दा । अख्तियारले उनीहरूविरुद्ध विशेष अदालतमा दायर गरेको मुद्दामा जनाइएअनुसार अध्यागमनका अधिकारीहरूले २ सय ४८ व्यक्तिलाई मिलेमतोमा प्रस्थान अनुमति दिएका थिए । तर सबै अध्यागमनका कर्मचारी आपराधिक मानसिकताका हुँदैनन् । केही कर्मचारीका कारण सिङ्गो संस्था नै बद्नाम हुनु ठीक होइन पनि । २०७६ सालमा छापिएको "मौरिसस जाने १६ नेपालीलाई फर्कायो एयरपोर्ट अध्यागमनले" शीर्षकको समाचारका अनुसार अध्यागमनका कर्मचारीको सक्रियताकै कारण अपराध हुनबाट रोकिएको थियो ।

२०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ देखि चैत्र मसान्तसम्म) को सबैभन्दा दुःखद् समाचार थियो, "अवैध अन्तरवार्ता लिने कम्पनीलाई मन्त्रिद्वारा फुकुवा", जसले राजनीतिको आडमा अपराध मौलाएको वा अभियुक्तलाई दण्डित गर्न लाग्नुपर्ने पदाधिकारी नै अपराधको प्रोत्साहनमा लागेको देखाउँछ । २०७८ सालमा पनि समाचार थियो, "सेटिङ गर्ने अध्यागमन कर्मचारी" शीर्षकको । मलेसिया र खाडी लगायत १८ देश जान भिजिट भिसा बन्द गरिएको सन्दर्भमा यो समाचारले भिजिट भिसामा सेटिङ गर्नेमा अध्यागमनकै कर्मचारी सामेल भएको विषय बाहिर ल्याएको हो । मानव तस्करी रोक्न विमानस्थलमा मार्सल टीम, भिजिट भिसाको आवरणमा दल र कर्मचारीले मिलेमतो गरी मानव तस्करीको धन्दा चलाएको आशङ्कामा सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा मार्सल टिम परिचालन गरेको समाचार हो यो । समाचारका अनुसार, मानव तस्करको योजनाअनुसार भिजिट भिसामा जानेलाई सहजीकरण गर्ने अध्यागमनका कर्मचारी र यात्रा गर्ने व्यक्तिमाथि निगरानी गर्न मार्सल टिम खटाइएको थियो । समाचारअनुसार, दुबईमा बसेर भिजिट भिसाको आवरणमा तस्करले पीडितलाई तोकिएको बैंकमा रकम जम्मा गर्न लगाउने र त्यसपछि अध्यागमनका कर्मचारी मिलाएर प्रस्थान अनुमति दिने गरेको खुलेपछि सरकारले सतर्कता अपनाएको हो ।

### ३.६ बाल मन्दिर, बालसुधार गृहका नाममा बेचबिखन र तस्करी, बालबालिका किनबेच, नक्कली आमा, धर्म सन्तानका नाममा तस्करी, अवैध बालगृह

अध्ययनका क्रममा बालबालिकाको संरक्षण गर्ने जिम्मेवारी लिने गरी स्थापना भएका सरकारी एवं निजी बालसुधार गृह, बालमन्दिर तथा यसका पदाधिकारीहरू नै बेचबिखन तथा ओसारपसार र तस्करीमा संलग्न भएको पाइएका छन् । २०७४ सालमा आएको, "सहाराका नाममा बालव्यापार" २०७६ सालको अति नै चर्चित समाचारमध्ये एक, नेपालका बालबालिकालाई नक्कली आमा बनेर किन्ने अनि विदेश लैजाने । सबैभन्दा बिडम्बना त के थियो भने यस्तो कार्यमा नेपाल बाल संगठनका पदाधिकारी नै सामेल थिए । "अनि नाम राखियो किम छानोराङ" शीर्षकको समाचारअनुसार, दक्षिण कोरियाली युवती किम नाराले पोखराका मगर दम्पतिसँग उनीहरूको ५ महिना जतिको छोरा लिएर आफैले नेपालमा जन्माएको कागजपत्र बनाएर किम छानोराङ नाम राखी पासपोर्टसमेत बनाई भिसा लिन जाँदा अध्यागमनले पक्राउ गरेको सम्बन्धी समाचार हो यो । पछिल्लो समयमा यस्ता खालका अपराध बढ्दै गएका छन् । यस्तै खालको अर्को समाचार थियो, नक्कली आमा बन्ने प्रयास विफल । अर्काको सन्तानलाई आफूले जन्माएको कागजपत्र बनाएर बेलायत लैजाने प्रयास गर्ने महिला डोना स्मिथ पक्राउ परेको यो समाचारमा उल्लेख थियो । समाचारअनुसार उनीहरूले नगरपालिकालाई समेत झुक्याएर वा मिलाएर जन्मदर्ता बनाइसकेका थिए । यसैगरी, नगरपालिकाको जन्मदर्ता कै आधारमा दूतावासले हचुवामा पासपोर्ट बनाइदिएको थियो । तर बालमन्दिरका पदाधिकारीको मिलेमतो तथा नगरपालिका एवं दूतावासलाई समेत छल्न सफल उनले अध्यागमनको आँखा छल्न भने सकिनन् । उनलाई एयरपोर्टको अध्यागमनले शङ्का लागि पक्राउ गरेर छानविन गर्दा यी कुरा बाहिर आएका थिए । यही घटनासँग सम्बन्धित अर्को समाचार थियो, "बालिका बेचबिखन आरोपमा बालमन्दिरकै निर्देशक पक्राउ" शीर्षकको । समाचारअनुसार अर्काको सन्तानलाई आफ्नो बनाएर बेलायत लैजान खोज्ने डोना स्मिथलाई पैसा लिएर बाल मन्दिरका निर्देशकले बच्चा उपलब्ध गराएका थिए । "संरक्षणकर्ता नै तस्करीमा" भन्ने समाचारमा पनि यही विषय उल्लेख थियो ।

नक्कली आमा बनेर बच्चा किनेर लैजाने घटनासँगै २०७६ सालमा धर्म सन्तान बनाएर लैजाने तर उनीहरूको दुरुपयोग गर्ने समाचार पनि धेरै थिए । धर्म सन्तान बनाएर पठाउन गिरोह नै सक्रिय हुने तथा धर्म सन्तानका नाममा बच्चा किनबेच हुनेगरेको पनि समाचारमा उल्लेख थियो । "धर्म सन्तानको अवैध धन्दा" शीर्षकको समाचारअनुसार धर्म सन्तानका नाममा भएका तस्करी धन्दा नियन्त्रण गर्न सरकारले कडा प्रावधान ल्याएपछि अवैध ढङ्गले बालबालिका विदेश पुऱ्याउने शृङ्खला झन् बढेको थियो । धर्म सन्तानका नाममा बालबालिका बेचबिखन तथा ओसारपसार बढेपछि संसदीय समितिले समेत धर्म सन्तानका नाममा बालबालिका बेचबिखन गर्न नदेऊ भनेर सरकारका नाममा निर्देशन दिएको थियो । यस्तै अर्को समाचारमा नेपाल सरकारको नीतिलाई लिएर प्रश्न उठाइएको थियो । सरकारले दस्तुर लिएर नेपाली बालबालिकालाई विदेशमा पठाउने हो भने त्यसको जिम्मेबारी पनि लिनुपर्ने नभए बेचबिखन गरेको ठहरिने समाचारमा उल्लेख छ । समाचारको शीर्षक नै आठआठ हजार डलर लिएर बालबालिका विदेश पठाउने कारोबारमा सरकार थियो ।

अध्ययनका पाँच वर्षमा बालगृहहरूमा सरकारले छापा मारेका समाचार धेरै आए । बालगृहहरूले विभिन्न ठाउँबाट बालबालिकाहरू पढाइदिने नाममा उठाएर ल्याउने र साह्रै निकृष्ट अवस्थामा शोषण गरेर राख्ने समाचारहरूमा उल्लेख थियो । यसैगरी, बालगृहहरूले श्रमशोषण तथा यौनशोषण गरेको पनि कतिपय समचारमा उल्लेख थियो भने बेचबिखन तथा ओसारपसारको आरोप समेत बालगृहहरूलाई लागेको थियो । त्यस्ता बालगृहका सञ्चालकलाई पक्राउ गरी सरकारले मुद्दा समेत चलाइरहेको छ ।

"अवैध बालगृहबाट आठ बालबालिकाको उद्धार" शीर्षकको समाचारअनुसार, अवैध रूपमा सञ्चालन गरिएको बालगृहबाट कालिकोटका आठजना बालबालिकाको उद्धार गरिएको थियो । अर्को समाचार थियो, "पढाउने भन्दै बालबालिका बेपत्ता पारिँदै" । यस्तै "पढाइदिने प्रलोभन देखाउँदै असुली" भन्ने समाचारमा, काठमाडौँमा रहेका केही बालगृहले राम्रो शिक्षा दिलाउने भन्दै गाउँगाउँबाट बालबालिका बटुल्छन्, अभिभावकबाट पैसा उठाउँछन् र तिनै बालबालिका देखाएर संघ संस्थाबाट रकम जुटाउँछन् भन्ने उल्लेख छ । २०७६ को अर्को निकै चर्चित समाचार थियो, ऐश्वर्य बालगृहको । "बालगृहका नाममा ठगी धन्दा" शीर्षकको समाचारमा ऐश्वर्य बालगृह लगायतका बालगृह सञ्चालकले प्रलोभन देखाई अभिभावकसँग रकम असुल्ने, तर बालबालिकालाई उचित वातावरण नदिने लेखिएको थियो ।

२०७५ सालमा कोरिया तथा युरोपका विभिन्न देशमा नक्कली विवाह गरेर जाने वा लैजाने गरिएका समाचार धेरै थियो । यो वर्ष यही प्रवृत्ति चीनतर्फ देखिएको समाचारहरूमा उल्लेख थिए । विवाह नै नक्कली गरेर गैरकानुनी रूपमा विदेश जानेहरू यौनशोषण वा श्रमशोषणमा पर्ने अत्याधिक सम्भावना रहन्छ । यही कारण नक्कली विवाह गरेर जानेहरूलाई बेचबिखन गरिएको तथा यौनदासी बनाइएको समाचारहरूमा उल्लेख थियो । यिनै मध्येको एक समाचार थियो, "विवाहको आवरणमा चीनमा १० लाखमा बेचिन्छन् युवती" शीर्षकको । यस्तै अर्को समाचार "बिहेपछि बनाइन्छन् यौनदासी" शीर्षकमा थियो । यस्तै अर्को समाचार थियो, "चीनमा दुलही तस्करी" भन्ने । यो समाचारमा अदालतमा गरिने अधिकांश कागजी विवाह नक्कली हुने गरेको बताइएको थियो । यसरी विवाह गरेर जानेले सम्बन्धित देशका महिला वा पुरुष नागरिकसँग नक्कली विवाह गर्थे भने कतिपयले सक्कली नै विवाह गर्ने, तर त्यो जाने उद्देश्यका साथ गरिएकाले उमेर भने निकै फरक हुने गरेको बढ्दै विदेशी पुरुषसँग अनमेल विवाह, विदेशीसँग अनमेल बिहे शीर्षकका अन्य समाचारमापनि उल्लेख थिए । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्म) मा आएको "बढ्यो बालिका तस्करी", "कहाँ हराउँछन् बालबालिका", "कहाँ पऱ्याउँछन् दिनहुँ १० बालबालिका" जस्ता समाचारले पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बालबालिकामा बढी केन्द्रित भएको हो कि भन्ने देखाउँछ ।

अवैध बालगृह सञ्चालन र गैरकानुनी तरिकाले बालबालिकाको ओसारपसारका घटना कोभिड-१९ महामारीको समयमा पनि जारी रहयो । "कपनको केयर बालगृहबाट ११ बालबालिकाको उद्धार", समाचारमा जनाइएअनुसार विदेशबाट आएकी एक महिलाले पति, परिवार र समाजको लाञ्छनाबाट बच्न बालगृहमा सुटुक्क बच्चा जन्माएकी थिइन् । धर्म सन्तानका नाममा ९ सय ४८ बालबालिका बेचिए, असहाय बालबालिकालाई संरक्षण दिन सञ्चालित नेपाल बाल संगठनका अधिकारीहरू नै बालबालिका बेचबिखनमा लागेको समाचार हो यो । धर्मपुत्र/पुत्रीका नाममा तीन दशकयता ९ सय ४८ बालबालिका विदेश पठाइए पनि सरकारी तथ्याङ्कमा जम्मा ७२ जनाको मात्र अभिलेख राखिएको समाचारमा उल्लेख छ ।

## ३.७ मानव बेचबिखन र मानव तस्करी विरुद्ध राज्यको पहल, सक्रिय प्रहरी प्रशासन र न्यायलय तथा दण्ड सजाय

मानव तथा मानव अङ्ग बेचबिखन तथा ओसारपसार र मानव तस्करीसँग सम्बन्धित घटनाहरू जति बढिरहेका छन्, त्यसको तुलनामा राज्य, राज्य संयन्त्र, सुरक्षा निकाय, अदालत तथा गैरसरकारी संस्थाहरूको सक्रियताका कारण सजाय पाउनेहरू पनि धेरै छन् । पाँच वर्षको अध्ययनका क्रममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा धेरै किसिमका समाचार थिए । अभियुक्तहरूलाई कानुनी दायरमा ल्याउन, कानुनी कारवाही गर्न र प्रभावितलाई न्याय दिलाउन निकै चुनौतीपूर्ण रहेपनि धेरै यस्ता समाचार थिए, जसमा अभियुक्तहरूले कारवाही र साजय भोगेका थिए । दुई तहको अदालतबाट सुनबहादुरको एउटै मुद्दामा आएको तथ्यमा गम्भिर फरक रहेको फैसलाले यस क्षेत्रमा काम गर्नेहरूलाई स्तब्ध बनाएको थियो । तर अन्य मुद्दाहरूमा भने अदालतले अपराधीहरूलाई साजय दिने काम समेत गरेको छ । प्रहरीले घटना हुनुभन्दा अगाडि नै उद्धार गरेका, अपराधी पक्राउ गरेका, अदालतबाट दण्ड दिलाउन सफल भएका समाचार पनि धेरै थिए । "युवती बेच्ने १९ वर्षपछि पक्राउ" भन्ने समाचारका अनुसार, भारत पऱ्याएर बिक्री गरेको अभियोग प्रमाणित भएका नुवाकोटका विजयकुमार तामाङ १८ वर्षपछि पक्राउ परेका थिए । "बन्धक बनाइएका मजदुरको उद्धार" शीर्षकको समाचारअनुसार, सप्तरीको इँटाभट्टामा बन्धक बनाइएका भारतीयलाई भारतको विदेश मन्त्रालयको आग्रहमा उद्धार गरिएको थियो । "दुई बिचौलियालाई १० वर्ष कैद" "मानव बेचबिखनविरुद्ध उजुरी बढे", "चेलिबेटी बेचबिखनमा संलग्न पक्राउ" "युवती बेच्नेलाई दश वर्ष कैद", "५१ मानव तस्करको सूची सार्वजनिक", लगायतका समाचारमा मानव बेचिबिखन तथा ओसारपसारका अपराधीलाई दण्डित गरिएको तथा रोकथाम र नियन्त्रणका प्रयासहरू भएको उल्लेछ । "महिला बेचबिखनको आरोपमा चार पक्राउ" र "नेपाली चेलीलाई भारत लैजान खोज्ने ४ जना जेल चलान" शीर्षकको समाचारमा अपराधीहरू पक्राउ परेर अदालतबाट जेलचलान भएका थिए । "मानव तस्करी अभियोगमा एक पक्राउ" समाचारअनुसार मल्टिपल भिसामा अमेरिका र क्यानडा पठाउने भन्दै रकम असुल गरी धन्दा चलाउँदै आएका व्यक्ति पक्राउ परेका हुन् । "युवती बिक्रीको आरोपमा पक्राउ", "युवती जेल चलान" "कामदार ठग्ने ४८ पक्राउ", "२२ महिनामा २ अर्ब ठगी", "मानव बेचबिखनविरुद्ध मुद्दा दायर" लगायतका समाचार पनि पक्राउ र दण्ड सजायसँग सम्बन्धित छन् । "३० वर्षलाई जेल गए ५२ वर्षे परियार", "मानव तस्कर विमान स्थलबाट पक्राउ" समाचारमा रोजगारीका लागि अफगानिस्तान लगायतका मुलुकमा पठाउने भन्दै ठगी गरी ७ वर्षदेखि फरार रहेका झापाका सोमनाथ निरौला पक्राउ परेका थिए । "मानव ओसारपसार गर्दै ३ करोड ठगी दुई पक्राउ", "युवती भारत लैजाने दुई भारतीय पक्राउ", "मानव बेचबिखन मुद्दाका आरोपी पक्राउ" समाचारअनुसार जिल्ला अदालत नुवाकोटबाट मानव बेचबखिन तथा ओसारपसार मुद्दामा अभियोगपत्र दायर गरी वारेन्ट समेत जारी भएर फरार रहेका काँइला भन्ने छिरिङ दोर्जे तामाङलाई प्रहरीले पक्राउ गर्न सफल भएको हो । "भारतमा लगेर युवती बेच्ने मुख्य नाइके पक्राउ","बालिका बेचबिखनको आरोपमा दुई पक्राउ", "मानव तस्कर घले जेल चलान" भन्ने समाचार पनि पक्राउ र दण्डसजायसँग सम्बन्धित हुन् । समाचार अनुसार अस्ट्रेलियाको

पानीजहाज कम्पनीमा जागिर लगाइदिने भन्दै ठगीगर्दै आएका अभियुक्त अदालतबाट जेलचलान भएका थिए । "बेचबिखन आरोपमा पक्राउ" भन्ने समाचारमा भने प्रहरीलाई निकै ठुलो सफलता हात परेका थियो । भारतको बनारसमा १ सय ५० नेपाली महिलालाई बन्धक बनाउने सिरहाका सञ्जीवकुमार महतो पक्राउ परेको समाचार हो यो । "बैंकक बसेर मानव तस्करी" भन्ने समाचार त प्रहरीका लागि यो वर्षकै अध्याधिक सफल मध्येको एक हो । अमेरिका, क्यानडा, पोर्चुगल सहित युरोपेली देश पठाइदिन्छु भन्दै ठगी गर्ने मानव तस्करका नाइके पुर्शराम गुरुङलाई प्रहरीले थाइल्याण्डमा पक्राउ गरेको हो । गुरुङविरुद्ध २४ जना पीडितले उजुरी दिएका थिए । उनलाई इन्टरपोल र दूतावासमार्फत समन्वय गरी पक्रेर नेपाल ल्याइएको हो ।

"महिला बेच्नेलाई २० वर्ष कैद", छोरा बेच्नेलाई कैद जस्ता समाचारहरू पनि प्रतिनिधिमूलक हुन जसमा अभियुक्तलाई सजाय गरिएको थियो । पत्नी र छोरा बेचेको आरोपमा ३८ वर्ष कैद गरिएको समाचारमा उल्लेख थियो । यसैगरी किशोरी बेच्न खोज्ने पक्राउ, मानव तस्करी गरेर लिबिया पठाउने मुख्य योजनाकार पक्राउ, युवती बेच्न खोज्ने अभियुक्त पक्राउसम्बन्धी समचारमा पनि अभियुक्त पक्राउ परेका थिए । यस्तै अर्को समाचार थियो, "बहराइनमा महिला बेच्ने २० वर्ष पछि पक्राउ", सोलुखुम्बुकी दुर्गामाया राईलाई बहराइनको अस्पतालमा जागिर लगाइदिने भन्दै घरेलु कामदारका रूपमा बेच्ने खोटाङका चन्द्रदीप राई बीस वर्षपछि पक्राउ परेका हुन् । यो समाचारमा ढिला भएपनि कानुनले छाड्दैन भन्ने एउटा सन्देश छ भने अर्को वैदेशिक रोजगारीको आडमा हुने मानव बेचबिखनको तथ्य पनि प्रस्तुत गरेको छ । "सेटिङ आरोपमा अध्यागमन कर्मचारीमाथि कारवाही" विमानस्थल अध्यागमनले पर्यटक भिसामा दुबई लगायत खाडी देश पठाउने सेटिङमा अध्यागमनकै कर्मचारीको मिलेमतोको सम्बन्धमा छानबिन गरी प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनका आधारमा अध्यागमनका एक अधिकृतलाई १५ दिनका निम्ति कामविहीन बनाएको थियो । भारतबाट जान लागेका उनीहरूलाई भारतीय अध्यागमनले मानव तस्करीको आशङ्कामा नेपाल डिपोर्ट गरेपछि अध्यागमनले आफ्नै कर्मचारीको मिलेमतोको आशंकामा छानबिन गरेको हो ।

तर केही यस्ता समाचार थिए, जसमा मानव बेचबिखन जस्तो निकृष्ट अपराधलाईपनि अदालतले गम्भिरतापूर्वक नलिएको विषय उठान गरिएका थिए । **"**बलात्कार र बेचबिखन मुद्दामा धरौटी मात्र**"** शीर्षकको समाचारमा उल्लेख भएअनुसार, प्रभावितलाई घरभित्रै पसेर दुईजनाले सबै गरगहना र नगद निकाल्न जबरजस्ती गरे । उनले दिइन् । त्यसपछि उनलाई समेत जबरजस्ती मोटरसाइकलमा राखेर सीमा कटाए र बेहोस बनाए । ब्युँझदा उनी दिल्लीमा थिइन् । भाग्न खोज्दा उनीसँग जबरजस्ती गरेको भिडियो र निर्वस्त्र तस्विर मोबाइलमा देखाएर भाइरल बनाउने धम्की दिए । तर उनको उद्धार भयो र नेपालमा आएर उजुरी दिइन् । त्यस्तो अपराधका अभियुक्तलाई पनि अदालतले धरौटी, त्यो पनि मात्र एकएक लाख रुपैयाँ लिएर छाडिदिएको समाचारमा जनाइएको छ । रिहा भएपछि अभियुक्तहरूले गाउँमा खुशियाली मनाएर भोज समेत आयोजना गरेका थिए । यस्तै एउटा मुद्दामा अदालतले फैसला गर्न ढिलाई गर्दा प्रभावितले न्याय नपाए सरह अनुभूति भएको थियो । "बेचबिखनको मुद्दामा २८ वर्षपछि कैद फैसला तर अभियुक्त फरार" शीर्षकको समाचारले प्रभावितलाई हर्ष न विस्मात्मा पारेको थियो ।

२०७७ सालको कोभिड-१९ पछिको समय (मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्म)मा वैदेशिक रोजगारीको आडमा मानव बेचबिखन गर्ने पक्राउ परेको विषय, "मानव बेचबिखनको आरोपमा सुवेदी पक्राउ" शीर्षकको समाचारले सार्वजनिक गरेको थियो । यसैगरी, "मानव तस्करीको आरोपमा २ जना पक्राउ", "चेलिबेटी बेचबिखनमा आरोपित २७ वर्षपछि पक्राउ", 'Trafficker arrested', 'Girls trafficker arrested in Rupaidiya' ले पनि सुरक्षा निकाय तथा न्यायलय अथवा समग्रमा राज्य अभियुक्तहरूलाई दण्डित गर्न सक्रिय रूपमा काम गरिरहेको देखाएको छ । "बेचिन लागेका किशोरीको उद्धार", "भारत लगिदै गरेका तीन बालिकाको उद्धार", "दुई बालकसहित महिलाको

उद्धार" जस्ता समाचारले राज्य र राज्य संयन्त्रको सक्रियता र यसमा नागरिक समाज संस्थाको सहयोगको विषय बाहिर ल्याएका छन् ।

२०७७ को कोभिड-१९ को समयमा महिला हिंसाका घटनाहरूमा सजाय भएका धेरै समाचार थिए । "बलात्कारीलाई जन्मकैद" शीर्षकको समाचार अनुसार, बलात्कारलाई जन्मकैदको सजाय गरिएको थियो । यस्तै अर्को समाचार थियो, "बलात्कार आरोपी थुनामा ३७ वर्ष जेल सजाय" र "बलात्कारी बाबुलाई ३७ वर्ष कैद" शीर्षकको । छोरी बलात्कार गर्नेलाई जन्मकैद र ५० हजार जरिवाना । बलात्कार आरोपमा भारतीय नागरिक पक्राउ, "किशोरीमाथि सामुहिक बलात्कार चार पक्राउ" । "जबरजस्ती करणीको आरोपमा असई पक्राउ", "वैतडी बलात्कार घटनाका दोषीलाई ११ वर्ष कैद","अन्नपुर्णा आश्रमका अध्यक्ष वैद्य जबरजस्ती करणी उद्योगमा पक्राउ", "बालिका बलात्कार गर्नेलाई २५ वर्ष कैद","बलात्कार आरोपित दुई शसस्त्र प्रहरी पक्राउ" शीर्षकका समाचार यसका उदाहरण हुन् । एक समाचार अनुसार, २०७१ चैत्र ३ गते एक "बालिकाको बलात्कार पछि मृत्यु" मुद्दा एकै दिनमा सुनुवाई गरेर फैसला समेत भएको थियो र त्यसमा बलात्कारीलाई ३५ वर्ष जेल सजाय भएको थियो । देश संघीयतामा गएपछि स्थानइी तहसम्म आफै कानुन र नीति निर्माण गर्नसक्ने सरकार भएकाले तिनै तहका सरकारको संयुक्त पहलबाट यो सामाजिक कलंकलाई कम गर्न देशव्यापी अभियान सञ्चालन गर्न सकिन्छ । तर कतिपय अवस्थामा अदालतको भूमिका, नीतिनिर्माता, सुरक्षाकर्मी, राजनीतिज्ञको संलग्नताले प्रश्न उठाइदिने हुँदा सुनबहादुर जस्ताको मुद्दामा अदालत तथा राज्य संयन्त्रले पनि फगत प्रमाणमात्र भन्दा सामाजिक संवेदनशीलता समेत बुझेर निर्णयमा पुग्न जरुरी छ । यस्ता केही घटना पनि छन्, जहाँ प्रशासनले पीडकलाई नै संरक्षण गर्दा पीडितले नै गाउँ छाड्नु परेको थियो । "सामुहिक बलात्कारपछि गाउँ निकाला" "पीडकलाई नै प्रशासनले उन्मुक्ति दियो" र "किशोरीलाई गाउँका अगुवाको दबावमा गाउँबाट निकाला गरियो", "निर्मला हत्याका दुई वर्ष, आमा भन्छिन् न्याय पाउने आश मर्‍यो", "यौनहिंसाविरुद्ध लडाइँमा पाइलै पिच्छे ठेस" शीर्षकको समाचारअनुसार, यौनहिंसामा परेपछि बोल्नुपर्छ भनेर निस्किएकी उनले घरदेखि अदालतसम्म पुग्दा ठाउँठाउँमा यातना खेप्नु पर्‍यो । तारिखमा छुटेका पीडक अहिले गाउँमा खुलेआम घुम्दा उनी विस्थापित जस्तै भएकी छन् । तर यस्तो अवस्थामा राज्यको जिम्मेवार निकायमा बसेका व्यक्तिहरूको असंवेदनशील अभिव्यक्ति आउँदा पीडितहरू झन् मारमा पर्ने गरेका छन् । "बलात्कारबारे गृहमन्त्री भन्छन्, चिन्तित हुनुपर्दैन" शीर्षकको समाचारमा गृहमन्त्रीको साह्रै असंवेदनशील भनाई आएको थियो । उनी भन्छन्, बलात्कारमा हामीभन्दा अगाडि विकसित मुलुकहरू छन्, दक्षिण अफ्रिका १ नम्बरमा, अमेरिका टप टेनमा छ ।

## ३.८ मानव बेचबिखन र मानव तस्करी विरुद्धका चुनौतीहरू

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढ्दै जाँदा नयाँ नयाँ चुनौतीहरू पनि बढ्दै गएका छन् । अध्ययनको पाँच वर्षमा जसरी अपराधको आयाम विस्तार हुदै गएको छ, त्यसैगरी चुनौतीको आयाम पनि विस्तार भएको छ । रोजगारीको अभाव, यौनशोषण, श्रमशोषण, वैदेशिक रोजगार, धनी र सम्पन्न देशमा बस्ने इच्छा, उच्च शिक्षा, गन्तव्य देशबाट आउने नयाँ नयाँ मागहरू, अभियुक्तहरूको नयाँ नयाँ हत्कण्डा, इन्टरनेट तथा प्रविधिको दुरुपयोग, सरकारी पदाधिकारीहरूकै मिलेमतो, न्याय प्राप्तिको लामो र झण्झटिलो प्रक्रिया, देशको गलत नीति वा अलमलका कारण नयाँ नयाँ चुनौतीहरू लगातार थपिदै गएका छन् । २०७४ सालमा आएका "भयावह बन्दै चेलिबेटी बेचबिखन", "मानव बेचबिखनको तथ्य पत्ता लगाउन कठिन" शीर्षकका समाचार यसका उदाहरण हुन् । यस्तै "मुद्दा फिर्ता लिन पीडितलाई दबाब" भन्ने समाचारले पनि यस क्षेत्रको चुनौतीलाई देखाएको छ । अर्को समाचार थियो, "प्रशासनका लेखन्दास नै मानव तस्करीका नाइके" । संयुक्त राष्ट्र संघले पनि नेपाली बालबालिका छिमेकी भारत तथा अफ्रिकी मुलुकमा बेचिने क्रम बढ्दो रहेको जनाएको अर्को चुनौतीपूर्ण समाचार "नेपाली बालबालिका बेचिने क्रम बढ्दो" शीर्षकमा छापिएको थियो । "कलिलैमा अवैध बाटो" भन्ने

समाचारअनुसार, नेपालबाट दिल्ली, बैंकक, सिंगापुर अनि विभिन्न अफ्रिकी मुलुक, विभिन्न दक्षिण अमेरिकी मुलुक अनि मेक्सिकोको जङ्गलको बाटो हुँदै अमेरिका पुग्ने क्रममा अवैध रूपमा किशोर किशोरी समेत जाने गरेका छन् । "विभिन्न महादेश र देश हुँदै हिडेर अमेरिका पुग्नेको खुट्टामा जी.पी.एस. जडान" शीर्षकको समाचारअनुसार भने तस्करहरूले हिँडेर अवैध तरिकाले जाने मानिस कहाँ पुग्यो भनेर थाहा पाउन उसको खुट्टामा जी.पी.एस. जडान गर्ने गरेका छन् ।

प्रविधिका कारण अपराधी पत्ता लगाउन जति सजिलो भएको छ, अपराधीले पनि प्रविधि नै प्रयोग गर्दा समस्या त्यति नै जटिल पनि बन्दैगएको छ । पछिल्लो समयमा मोबाइलका कारण दलालहरूलाई ललाईफकाई गर्न सजिलो हुँदै गएको थियो भने अहिले फेसबुकका कारण झन् सजिलो भएको छ । मोबाइल वा फेसबुक प्रयोग गरेर ललाईफकाई गर्दा दलालहरूलाई भौतिक रूपमा गाउँघरसम्मै पुग्नु पनि नपर्ने भएको छ । यस्ता समाचार यसपालि पनि छापिएका थिए । "फेसबुक र फोनबाटै दलालको चङ्गुलमा किशोरी, उम्किन्छन् मानव तस्करीका दलाल" शीर्षकको समाचारले यो चुनौती देखाएको छ ।

मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रणमा अर्को महत्वपूर्ण चुनौती हो, परिवारका सदस्य नै अपराधमा संलग्न हुनु । परिवारमा एकअर्काप्रति विश्वास, माया, सद्भाव र आदर हुन्छ । त्यसैले सबैले परिवार वा घरलाई सबैभन्दा सुरक्षित स्थलका रूपमा लिएका हुन्छन् । तर जब आफ्नै नाता सम्बन्धका व्यक्ति वा आफन्त नै मानव बेचबिखन तथा ओसारपसारमा संलग्न हुन्छन्, तब समस्या समाधान हुनुको साटो झन् जेलिदै जान्छ । "श्रममा बालबालिकालाई बाबुआमा नै पुऱ्याउँछन्" भन्ने शीर्षकको समाचारले भन्छ, पारिवारिक खर्च टार्न नसकेपछि दाङ घोराहीका अधिकांश मानिस मजदुरीका लागि भक्तपुरका इँटाभट्टामा बर्सेनी बालबच्चा बोकेरै पुग्ने गरेका छन् । अर्को थियो, "आफन्तबाटै बेचिन्छन् महिला" शीर्षकको समाचार । "काकाबाट झण्डै बेचिए" "प्रेमीले नै पऱ्याउँछन् कोठीमा" "श्रीमान् सहित तीनजनालाई मानव बेचबिखन मुद्दा", "मदिराका लागि २५ हजारमा छोरा बेच्ने बाबु पक्राउ" भन्ने समाचारमा पनि आफन्त नै संलग्न थिए । भारतका एक बाबुले रक्सी, मोबाइल र कपडाका लागि आफ्नै छोरालाई बेचेको समाचारमा उल्लेख छ । २०७५ सालको "उद्धार गरिएका १२ चेली फेरि बेपत्ता" यो समाचार निकै गम्भिर छ । उद्धार गरिएका फेरि बेपत्ता हुनु भनेको प्रभावितहरू नै जोखिमपूर्ण रूपमा गइरहेका छन् भन्ने उदाहरण हो यो । सबै कुरा थाहा पाएर पनि पटक-पटक दलाल वा अपराधीहरूको साथ दिनु निकै ठुलो चुनौती हो । "यसरी हुन्छ विदेशबाट फेसबुक मार्फत सेक्सटोर्सन" पछिल्लो समयमा सूचना प्रविधि र सामाजिक सञ्जालमा सक्रियता जसरी बढेको छ, समस्या पनि त्यसरी नै आइरहेको छ । "चेली बेचेको आरोप लागेका वडाध्यक्ष तारेखमा रिहा" यो अदालतबाट भएको फैसला हो । तर पनि प्रश्न उठ्छ, एउटै मुद्दामा दुई अदालतबाट यति गम्भिर तथ्यगत फरक भएको फैसला कसरी आउँछ । यो अपराध रोक्नका लागि कानुन मात्र पर्याप्त छैन, न्यायिक मन र सक्रिय अदालत पनि आवश्यक छ । तर अदालत यहाँ चुकेको देखिन्छ, त्यसैले यो आदेशको धेरै आलोचना भयो । अदालतले छाड्ने आदेश दिएपछि पनि अभियुक्त अर्को मुद्दामा फेरि पक्राउ परे । अदालतको यो फैसलालाई चुनौतीका रूपमा राख्नुको कारण भनेको नै सबै पक्षको एकीकृत सक्रियताका लागि हो । नुवाकोट जिल्ला अदालतबाट ३७ वर्ष कैद सजाय पाएका वडाध्यक्ष सुनबहादुर तामाङ साधारण तारेखमा रिहा भए । उनको स्थायी ठेगाना र बाबुको नाम फरक परेकाले ती व्यक्ति यी होइनन् भनी अदालतले रिहा गरेको थियो । "सुनबहादुर फेरी पक्राउ" भन्ने समाचारमा मानव बेचबिखनको आरोपमा पक्राउ परेका सुनबहादुर तामाङलाई अदालतले साधारण तारेखमा छाड्ने आदेश गरेको भोलिपल्टै प्रहरिले फेरि पक्राउ गरेको थियो ।

कैलालीमा मानव बेचबिखन तथा ओसारपसारका घटनामा लगातार वृद्धि भइरहे पनि प्रहरीमा उजुरीको सङ्ख्या निकै कम हुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ । घटना हुनु, तर उजुरी नपर्नु निकै ठुलो चुनौती हो ।

"वैदेशिक रोजगारीमा बेचबिखन" भन्ने समाचारले पनि यही कुरा बताउँछ । राज्यले वैदेशिक रोजगारीका क्रममा हुने बेचबिखनलाई बेचबिखन नमान्दा चुनौती थपिएको हो । पछिल्लो समय बेचबिखनको जोखिममा वैदेशिक रोजगारीमा जाने पनि परिरहेका छन् । तर यस्ता व्यक्ति वैदेशिक रोजगार विभागमा आउँदैनन् । कानुनी झण्झटका कारण यस्ता घटना विभाग र प्रहरी समक्ष जान र बाहिर आउन सकेका छैनन् भन्ने समाचारमा उल्लेख छ । सामाजिक संरचनाका कारण अर्कोतर्फ प्रभावितले आफु बेचिएको मान्न तयार नभएकाले पनि चुनौती भएको हो ।

"मानव बेचबिखनको मुख्य आधार गरिबी" समाचारमा महान्यायाधिवक्ताले गरिबी अज्ञानता तथा अशिक्षा नै मानव बेचबिखनको मुख्य आधार रहेको बताएका छन् । उनले लोभ लालच धम्कीका कारण पीडितले अभियोग फिर्ता लिने गरेको भन्दै मानव बेचबिखनसम्बन्धी मुद्दाहरूमा अदालतले निरन्तर सुनुवाई गर्नु पर्नेमा जोड दिएका छन् । "उद्धारपछि पनि खाडीतर्फ महिला" खाडी मुलुक जान भारतको बाटो प्रयोग गर्ने महिला उद्धारपछि पनि पटकपटक जाने गरेको पाइएको छ ।

२०७७ सालको कोभिड-१९ पछिको अवस्था (मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्म)को अवधिमा आएका धेरै समाचारले यस क्षेत्रमा नयाँनयाँ चुनौतीहरू देखाएका छन् । "तथ्याङ्क नराख्दा मानव बेचबिखन बढ्यो" भन्ने समाचार वैदेशिक रोजगारीमा को को कहाँ कहाँबाट कहाँ कहाँ गइरहेको छ भन्ने तथ्याङ्क नराख्दा मानव बेचबिखन बढेको विषय उठान गरिएको छ । यसैगरी, "मानव तस्करीको हतियार बन्दै सामाजिक सञ्जाल", "सुन्दरीको सिको गर्दा" शीर्षकका समाचार प्रभावित आफै कसरी मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको जोखिममा पर्छ भन्ने उदाहरण हुन् । अभियुक्त आफै सक्रिय भइरहेका हुन्छन्, त्यसमा झन् प्रभावित नै सहज भइदिँदा जोखिम झन् बढ्छ, यही नै मुख्य चुनौती हो । यसैगरी, चुनौतीकै रूपमा सरकारी पदाधिकारीको मिलेमतोलाई पनि राख्नुपर्ने हुन्छ । जुन समाचार यो समयमा पनि थियो । यसैगरी, यो समयको अर्को चुनौतीपूर्ण समाचार थियो, "म्यारिज भिषामा चीन" शीर्षकको समाचार । यस्तै चुनौती मानिस वेपत्ता हुने क्रम बढेकाले पनि ल्याइदिएको छ । "मलेसिया हिंडेका युवा वेपत्ता", "बालबालिका हराउने क्रम रोकिएन", र '54 women missing since March Lockdown' जस्ता समाचारले राज्य संयन्त्र र यस मुद्दामा काम गर्ने गैससहरूलाई चुनौती बढाइदिएको छ ।

## ३.५ नेपाल स्रोत, ट्रान्जिट र गन्तव्य मुलुक

नेपाल पहिला मानव बेचबिखन तथा ओसारपसारको स्रोत देश मात्रै भनेर चिनिदै आएकोमा पाँच वर्षको अध्ययनका क्रममा यस्ता धेरै समाचार आए, जसले नेपाल अब स्रोत देश मात्र नभएर, ट्रान्जिट (माध्यम) र गन्तव्य मुलुक पनि बन्दै गएको देखाए । यसैगरी, नेपालभित्रै पनि मानव बेचबिखन तथा ओसारपसारका धेरै घटना हुन थालेका छन् । "अमेरिका जानु नेपालको बाटो", यो समाचारले के पुष्टि गरेको छ भने मानव बेचबिखन तथा ओसारपसारको अपराधमा अब नेपाल स्रोत देश मात्र रहेन, बरु यो ट्रान्जिट र गन्तव्य मुलुक पनि बन्दै गएको छ । म्यानमारबाट लखेटिएर बङ्गलादेशको शरणार्थी शिविरमा रहेका उनीहरूलाई अमेरिका लगिदिने भन्दै दलालले नेपाल ल्याएका थिए । अवैध रूपमा आएका ११ अफगानी यू.एन.एच.सी.आर.मा भारत हुँदै अवैध रूपमा नेपाल प्रवेश गरेका ११ अफगानी नागरिकलाई नेपाल सरकारले यू.एन.एच.सी.आर.को जिम्मा लगाएको हो । उनीहरू पनि मेक्सिको हुँदै अमेरिका लगिदिने दलालको चङ्गुलमा परेर नेपाल आएका थिए । होटलभित्र ह्वीलचेयरमा थिए मानव तस्कर, सुरक्षा घेरामा रहेका उनलाई पक्राउ गर्न प्रहरीलाई हम्मेहम्मे पऱ्यो । उनले बेल्जियम लैजाने भन्दै बैंकक पुऱ्याएर ८ लाख ५४ हजार रुपैयाँ ठगी गरेको तथा यौनशोषण गरेको भन्दै उजुरी परेको थियो । उजुरीका आधारमा खोजी गर्दै प्रहरी काठमाडौंको एक होटलमा पुग्दा कम्मरमुनिको भाग नचल्ने, हिँडडुल गर्न नसक्ने, ह्वील चेयर प्रयोग गर्ने अभियुक्त तीन चरणको सुरक्षा घेरामा बसेका रहेछन् । सुरुमा त त्यहाँ छिर्न नै

प्रहरीलाई हम्मेहम्मे पऱ्यो, तर अन्ततः पक्राउ गरेर नै छाड्यो । यो समाचारले के तथ्य बाहिर ल्याएको छ भने, बाह्य नेटवर्कको भरमा हुने मानव बेचबिखन तथा ओसारपसारको अपराध गर्न बदनियतले दिमाग मात्र चलाए पुग्ने रहेछ, शारीरिक रूपमा जस्तो अवस्थामा भए पनि उसले मानव बेचबिखन तथा ओसारपसारको अपराध गर्न सक्ने रहेछ । "नेपाली बालकलाई कसले ओसार्दैछ भारतीय गुम्बामा" जस्ता समाचारले पनि मानव तस्करीको विषय उजागर गरेका छन् । समाचारअनुसार २०७२ सालको भूकम्पपछि भारतका गुम्बामा पढ्न लैजाने भन्दै बालबालिका ओसार्ने क्रम बढेको र १६ बालकलाई लैजाने ७ जना पक्राउ परेको तथा यो घटनामा स्थानीय तहका जनप्रतिनिधि पनि संलग्न भएको समाचारमा उल्लेख छ । "युरोप अमेरिका मोहमा ठगिदै युवा", समाचारअनुसार, बेलायत पठाउने भनेर प्रलोभन देखाएर श्रीमान्लाई थाइल्याण्ड लग्यो र नेपालमा श्रीमतीलाई अर्को व्यक्तिको खातामा रकम जम्मा गर्न लगायो । पैसा जम्मा गरेपछि श्रीमान्लाई थाइल्याण्डबाट नेपाल फिर्ता पठाइदियो, तर पैसा दिएन । दलालहरूले काठमाडौँबाट घुम्न जाने भनेर भिजिट भिसामा थाइल्याण्ड, इन्डोनेसिया, भारत, श्रीलंका लैजाने र त्यहाँबाट सेटिङ मिलेमा अवैध बाटो युरोप छिराइदिने, नभए अलपत्र पार्ने गरेका छन् । युरोप छिर्न अहिले सबैभन्दा धेरै प्रयोग भएको टर्की-ग्रिसको नाका हो । यस्ता घटनामा अर्बौंको ठगी भएपनि क्षतिपूर्ति न्यून रहेको, १३ वर्षमा साढे ९ हजारले ज्यान गुमाइसकेको तथ्य पनि समाचारमा छन् । "फरक शैलीमा मानव ओसारपसार" शीर्षकको समाचारले नेपाल पछिल्लो समय सप्लायर्स मात्र होइन, ट्रान्जिट र डेस्टिनेसन समेत बनेको भन्ने उल्लेख गरेको थियो ।

## ३.१० छायाँ महामारी, कोभिड-१९, बिपद् र मानव बेचबिखन तथा तस्करीको जोखिम

कोभिड-१९ महामारीका कारण प्रत्येक व्यक्ति घरभित्रै बस्न बाध्य भएको बेलामा, लैङ्गिक हिंसा कोभिड-१९ महामारीले निम्त्याएको छायाँ महामारी भएको ठहर सर्वोच्च अदालतले गरेको थियो । "कोरोना रोकथाम तथा नियन्त्रणः एकीकृत कानुन बनाउन परमादेश", सर्वोच्च अदालतले कोभिड महामारीको उच्च जोखिममा रहेको वर्गलाई ध्यानमा राखेर एकीकृत कानुन बनाउन सरकार र संसदलाई परमादेश दिएको समाचार हो यो । समाचारमा जनाइएअनुसार, कोरोना सम्बोधनका लागि दूरगामी दृष्टिकोण र कार्यक्रमको परिकल्पना हुन नसकेको ठहर गर्दै सर्वोच्चले बाध्यकारी परमादेश जारी गरेको हो । आदेशमा उल्लेख छ, कोरोना भाइरस जस्तो महामारीको रोकथाम, यसका असर र प्रभावलाई यथोचित सम्बोधन गर्न तथा नोक्सानीहरूलाई पूर्ति गर्न र समाजमा घृणा द्वेष हटाई सद्भावपूर्ण वातावरण सहित प्रभावितलाई पुनर्लाभमा लैजान एकीकृत कानुन आवश्यक छ ।

कोरोना संक्रमण अनियन्त्रित हुँदा खासगरी महिला बढी मारमा परेको अवस्था दर्शाउँदै यो रिट दर्ता भएको थियो । आदेशमा कोरोनाका कारण स्वदेशमा वा विदेशमा रोजगारी गुमाएका महिलाका लागि आय आर्जनको वैकल्पिक उपायको पहल गर्न पनि भनिएको थियो । कोरोनाका कारण जारी निषेधाज्ञा तथा लकडाउनमा लैङ्गिक हिंसा नियन्त्रण, महिला तथा बालबालिकाको आकस्मिक उद्धार जस्ता कार्यका लागि सबै स्थानीय तहमा हेल्पलाइन टेलिफोन वा फेसबुकको पहुँच सुनिश्चित गर्न पनि आदेशमा भनिएको छ । समाचारमा जनाइएअनुसार, क्वारेन्टाइन सेन्टरमा बसेका व्यक्तिहरूका लागि स्वस्थ खाना, शुद्ध पिउने पानी, दूरी कायम हुने गरी खाने, सुत्ने र शौचको प्रबन्ध नभएको, महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि सुरक्षित, स्तरीय र सुव्यवस्थित क्वारेन्टाइन तथा आइसोलेसनको अभाव रहेको लगायतका समस्या रिट निवेदनमा उठाइएको छ । यसैगरी, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्नु, क्वारेन्टाइन र आइसोलेसनमा बसेका गर्भवती, सुत्केरी महिला, नवजात शिशुहरूको संरक्षण, हेरचाह, औषधि तथा पौष्टिक आहारको व्यवस्था मिलाउनु भन्ने पनि आदेशमा उल्लेख थियो । "महामारी भित्रको छायाँ महामारी", कोभिड-१९ सँगै सुरु भएको बन्दाबन्दी र यसले निम्त्याएको बेरोजगारीका कारण गाँस र बासका लागि को कहाँ गइरहेका

छन् तथा उनीहरूको बाध्यताको फाइदा कसले कसरी उठाइरहेको छ भन्नेतर्फ राज्यको ध्यान जान सकेको छैन । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोको तथ्याङ्कअनुसार, विगत एक वर्षमा दर्ता भएका मुद्दामध्ये ६० प्रतिशतभन्दा बढी महामारीको समयका छन् । कोभिडको समयमा महिला तथा बालबालिकामाथि भइरहेका हिंसालाई सर्वोच्च अदालतले 'कोभिडको छायाँ महामारी' भनेर व्याख्या गरेको छ । अघिल्लो पाँच वर्षको अध्ययनका क्रममा २०७२ सालको भूकम्पपछि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढेको देखाएको थियो । यसैगरी, अहिले कोभिड-१९ पछि त्यही समस्या दोहोरिएको छ । यसकारण यस्ता बिपद् आउन नदिन तथा आइहालेमा गर्नुपर्ने पूर्वतयारी चुस्त दुरुस्त भएका मानिसको असुरक्षित स्थानागमन तथा मानव बेचबिखन र मानव तस्करीको जोखिम बढ्दैन ।

## ३.११ राज्यका सकारात्मक कदमहरू (पार्लेमो प्रोटोकल तथा विभिन्न सम्झौता लगायत)

सरकारी संयन्त्र एवं सरकारी पदाधिकारीको मिलेमतोमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका धेरै अपराध भएपनि सरकारले विभिन्न नीति, योजना निर्माण गरेर र कानुन बनाएर अभियुक्तलाई कानुनी कारवाही गर्ने, तथा राज्य संयन्त्र र सरकारी पदाधिकारीको सक्रियताका कारण धेरै अभियुक्तहरू पक्राउ परेका छन् भने दण्ड सजाय समेत पाएका छन् । यसैगरी, पीडित प्रभावितहरूले पनि न्याय समेत पाएका छन् ।

यो पाँच वर्षको अध्ययनका क्रममा आएको सबैभन्दा सकारात्मक समाचार हो, पार्लेमो प्रोटोकलको अनुमोदन । संसदबाट बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख पार्लेमो प्रोटोकल सन् २००० मा हस्ताक्षर खुला गरिएको भएपनि यो प्रोटोकल सरकार र नागरिक समाजको २० वर्षको अनवरत प्रयासपछि संसदबाट पारित भएको छ । यसले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको परिभाषा, अनुसन्धान, कानुनी कारवाही, प्रभावितले न्याय पाउने विषयल गायतमा सकारात्मक प्रभाव पार्न सक्छ । यसको कार्यान्वयनका लागि सरकारले विभिन्न कानुनहरू संशोधन गर्नुपर्छ र त्यसको तयारी चलिरहेको छ । "मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा" शीर्षकको समाचार पार्लेमो प्रोटोकलसम्बन्धी समाचार हो । समाचारमा भनिएको छ, प्रतिनिधि सभाले बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख पार्लेमो प्रोटोकल अनुमोदन गरेको छ । यो अनुमोदनपछि मानव बेचबिखनसम्बन्धी मुद्दा अन्तर्राष्ट्रिय अदालतमा चल्ने भएको छ । प्रोटोकल अनुमोदनपछि विदेशमा बेचिएका वा बेचिन लागेका र विभिन्न प्रलोभनमा पारेर काम लगाइदिने भन्दै बेचिएकै अवस्थामा पुगेका नेपालीको संरक्षणमा सम्बन्धित मुलुकको पनि दायित्व हुनेछ । नेपाल उक्त आलेख (अभिसन्धि) अनुमोदन गर्ने १ सय ७४ औं मुलुक हो । पार्लेमो प्रोटोकल अनुमोदन जत्तिकै महत्वपूर्ण २०७६ सालमा नेपाल सरकारले नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने विभिन्न गन्तव्य देशहरूसँग श्रम सम्झौतापनि गरेको छ । यस्ता सम्झौतापछि श्रमिकमाथि हुने ठगी, धोखाधडी तथा श्रमशोषण, यौनशोषणमा कमी हुने हुनाले नेपालीहरू वैदेशिक रोजगारीमा जाने हरेक देशसँग यस्ता सम्झौता हुनुपर्ने माग कामदारहरूको छ । अर्को समाचार थियो, "नेपाली कामदारलाई विदेशीसरह सुविधा" । यो समाचारअनुसार कामदारको लागत र म्यानपावरको सेवा खर्च रोजगारदाताले व्यहोर्ने छ । नेपालीलाई विभेद गर्न नपाइने, कामदारलाई निःशुल्क कानुनी सेवा, रोजगारदाता परिवर्तन गर्न पाइने, दूतावासमा उजुरी पर्नासाथ श्रम निरीक्षक पठाइने, कार्यस्थल विमाको व्यवस्था लगायतका विषयमा सम्झौता भएको थियो । यस्तै "विभिन्न देशसँग श्रम सम्झौता तथा मानव तस्करीविरुद्ध अमेरिका र बेलायत शीर्षकको समाचार अनुसार अमेरिका र बेलायतका विकास नियोगले संयुक्त रूपमा मानव तस्करी नियन्त्रणमा नेपाललाई सहयोग गर्ने प्रतिबद्धतासहित साझेदारी घोषणा भएको थियो । सीप परीक्षणपछि मात्रै श्रम स्वीकृति, वैदेशिक रोजगारीमा जान सीप र भाषा अनिवार्य भन्ने समाचार, कामदारको हितमा भएपनि व्यवसायीहरूले यसको विरोध गरेको वैदेशिक रोजगारमा जानेलाई अब तालिम अनिवार्य, तर व्यवसायीको विरोध, शीर्षकको समाचारमा उल्लेख थियो । व्यवसायीको विरोधपछि अनिवार्य सीप परीक्षणबाट

सरकार पछि हटेको थियो । २०७७ असोजमा संघीय संसदको उद्योग समितिले खाडी मुलुकमा घरेलु कामदार पठाउने स्वीकृति खोल्न मन्त्रालयलाई निर्देशन दिएको थियो ।

वैदेशिक रोजगारमा ज्यान गुमाएका श्रमिकका छोराछोरीलाई छात्रवृत्ति, स्वदेशमै मृत्यु भए पनि राहत भन्ने समाचारहरू पनि सकारात्मक थिए । मानव बेचबिखन रोक्न अन्तरदेशीय सहाकार्यको खाँचो, मानव बेचबिखन नियन्त्रणका लागि बालिका शिक्षामा जोड । "वैदेशिक रोजगारीमा जेल पर्नेको मुद्दा सरकारले लड्ने" वैदेशिक रोजगारीका क्रममा विविध कारणले जेल पर्ने र उचित प्रतिनिधित्व वा पैसाको अभावका कारण समस्यामा पर्ने समाचार एकदमै धेरै आएपछि सरकारले वैदेशिक राजेगारीमा जेल पर्नेको मुद्दा आफै लड्ने तयारी सरकारले गरेको थियो । "शक्ति समूहकी दनुवारलाई अमेरिकी विदेशमन्त्रीको सम्मान" ट्राफिकिङ इन पर्सन हिरो सम्मान "मानव बेचिबखन विरुद्धकी अभियन्ता" समाचारले यस क्षेत्रमा लाग्नेहरूलाई प्रोत्साहन गरेको छ, जुन निकै सकारात्मक छ । मानव बेचबिखन नियन्त्रणमा नेपाल अगाडि बढ्दै यो एउटा अध्ययनमा आधारित सकारात्मक समाचार हो । समाचारअनुसार, अमेरिकाको मानव बेचबिखन प्रतिवेदन २०२१ का अनुसार नेपालले पार्लेमो आलेख अनुमोदन, मानव बेचबिखन तथा ओसारपसार ऐनमा संशोधन गर्दै जनचेतना लगायतका कार्यक्रम सञ्चालन गरेकाले मानव बेचबिखन नियन्त्रणमा नेपाल सफल हुदै गएको देखिएको छ । २०७७ सालको कोभिड पछिको अवस्था (मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्ममा) पनि धेरै सकारात्मक समाचार थिए । "श्रमिकलाई कानुनी सहायता", "बेचबिखन रोक्न सहकार्यमा जोड", "बन्यो मानव बेचबिखन विरुद्धको सञ्जाल", "मलेसियामा नेपाली श्रमिकको सामाजिक सुरक्षामा समझदारी" लगायतका समाचारले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी विरुद्ध सकारात्मक कामहरू पनि भइरहेको देखाएको छ । यसैगरी, "कतार प्रहरीमा नेपाली लैजाने प्रक्रिया स्थगित" पनि सकारात्मक समाचार थियो । किनकि, सञ्चार माध्यम र गैरसरकारी क्षेत्रबाट लगातार आवाज उठेपछि सरकारी पहलमा यो प्रक्रिया स्थगित भएको थियो ।

## ३.१२ मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका विविध स्वरुप

वेपत्ता, बन्धक, उद्धार, हरुवा चरुवा कमलरी, भाडाका आमा अर्थात् सरोगेसी, नक्कली विवाह, मानव भ्रुण तस्करी, धर्मका नाममा तस्करी, नरबली, अपहरण, धर्मपुत्र वा पुत्री जस्ता मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसँग जोडिएका विविध मुद्दाहरू पाँच वर्षको अध्ययनका क्रममा आए । पाँच वर्षको अध्ययनलाई विश्लेषण गर्दा सरकारी संयन्त्र वा नागरिक समाज संस्थाहरू एकातर्फ सक्रिय हुँदा अभियुक्तहरू अर्को उपाय अपनाएर सक्रिय भएको पाइन्छ । यसैको उदाहरण स्वरुप हरेक वर्ष फरक फरक मुद्दाहरू बाहिर आए । ती सबैलाई समेट्ने हिसाबले यहाँ अन्य अन्तरगत हरेक वर्ष आएका फरक फरक मुद्दाहरू शीर्षकका रूपमा मात्र समेटिएको छ । यसैगरी, २०७७ सालको कोभिड अवधिमा इन्टरनेट साइवर क्राइम, बलात्कार, यौनदुर्व्यवहार, लैङ्गिक घरेलु हिंसा, आत्महत्या, हत्या, एसिड आक्रमण, बोक्सी आरोप, छाउपडी, कुटपिट, दाइजो, बालविवाह जस्ता महिला हिंसाको विषय बाहिर आएका थिए । पाँच वर्षको अन्त्यतर्फ आइपुग्दा फाट्टफुट्ट रूपमा उच्च शिक्षाका नाममा हुन थालेका मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका विषय आउन थालेका छन् । यसलाई पनि यो अध्ययनमा अन्य अन्तरगत नै राखिए पनि आउँदा वर्षमा यो बढ्दै जाने सङ्केत देखिएको छ ।

## ३.१२ मानव बेचबिखन र मानव तस्करीविरुद्ध नागरिक समाज संस्था र निजी क्षेत्रको पहल आवश्यक

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नियन्त्रणका लागि नेपालमा नागरिक समाज संस्थाको योगदान अतुलनीय रहेको छ । यो अपराध चेलिबेटी बेचबिखनको परिभाषामा मात्र साँगुरिएको समयदेखि अहिलेको बहुआयामिक अवस्थासम्म आइपुग्दा नीति तथा कानुन निर्माण, अभियुक्तलाई कारवाही र प्रभावितलाई न्याय दिलाउन, प्रभावितलाई संरक्षण गर्न नागरिक समाज संस्थाले अथक मिहिनेत गरेका छन् । राज्य तथा राज्य संयन्त्रलाई लगातारको खबरदारी गरेर पहरेदारको भूमिकामा पनि गैससको भूमिका उल्लेख्य छ । गाउँगाउँ

र सीमानाका तथा विदेशसम्म पुगेर विविध कार्यक्रम मार्फत गैससहरूले नागरिकलाई सचेत गराएका छन्, राज्यको ध्यान आकृष्ट गरेका छन् भने अपराधीहरूलाई सुरक्षा निकाय तथा अदालत समक्ष खडा गराउन पनि सफल भएका छन् । यसैगरी, उद्धार र स्वदेश फिर्ती, संरक्षण, सशक्तीकरण र न्यायको लडाइँमा गैससको योगदान महत्वपूर्ण छ । यससम्बन्धी जति पनि समाचार आएका छन्, सबैमा राज्यका निकायहरूले नागरिक समाज संस्थाको सहयोगमा गरेका छन् । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका 4Ps अर्थात् रोकथाम, संरक्षण, अभियोजन र साझेदारीमा नागरिक समाज संस्थाहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा धेरै काम गरेका छन् । तर जति मात्रामा यससम्बन्धी समाचारहरू सञ्चार माध्यममा आउनुपर्ने हो, त्यो भने पाँच वर्षको अध्ययनका क्रममा पाइएन । एटविन जस्ता नेटवर्क हुन् वा यससँग आबद्ध संस्था जस्ता मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध दत्तचित्त भएर खटिरहेका संस्था यिनीहरूको वार्षिक क्यालेन्डर र दिनहुँका कार्यक्रम हेर्ने हो भने, राज्यको सहयोगीका रूपमा एकदमै धेरै काम भएका छन् । तर नागरिक समाज संस्थालाई हेर्ने दृष्टिकोण तथा सञ्चार माध्यमको यिनीहरूप्रतिको अवधारणाका कारण समाचारमा त्यति धेरै समेटिएका छैनन् ।

यी संस्थाहरूले वार्षिक क्यालेन्डरमा पर्ने दिवसहरूमा गरेका कार्यक्रमको कतैकतै समाचार आए पनि समग्रमा यिनीहरूले गरेका काम, कमी कमजोरी, सुधार गर्नुपर्ने पक्ष, यिनीहरूको योगदान लगायतका विषयमा तथ्यको गहिराईसम्म पुगेर समालोचनात्मक समाचार तथा समचारमूलक सामग्री आउन सकेको छैन । पाँच वर्षको अध्ययनका क्रममा भेटिएको "बेचबिखन विरुद्धको पहरेदार" शीर्षकको एउटै समाचारले पनि धेरै कुरा समेटेको छ । यो मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सीमामा कार्यरतहरूको समाचार हो, जहाँ उनीहरूलाई मार्ने, काट्ने र तस्वीर राखेर धम्क्याउनेहरू दिनहुँ भेटिन्छन् । यसरी सीमामा खटिनेहरू सरकारी गैरसरकारी दुबै निकायका छन् । खासमा यो सरकारी निकायको कर्तव्य नै हो । तर सीमामा गैरसरकारी निकायका व्यक्ति बढी दत्तचित्त भएर खटिएका भेटिन्छन् । "नेपाल भारत दुबैले मिलेर मानव तस्करी रोक्ने प्रतिवद्धता" शीर्षकको समाचार अनुसार, सीमावर्ती जिल्लाका नेपाल र भारत दुबै देशका सरकारी अधिकारी र अधिकारकर्मीहरूले मानव बेचबिखन रोक्ने सामुहिक प्रतिवद्धता गरेका छन् । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी रोक्न घरदैलो कार्यक्रम, महिला सशक्तीकरण प्रोत्साहन कार्यक्रम, सुरक्षा प्रत्याभूति, कानुनी कारवाही, गुपचुप गर्ने प्रथाको अन्त्य, मोबाइल लगायत सञ्चार माध्यम प्रयोग गरी सूचना प्रवाह गर्ने खालका कार्यक्रम भइरहे को विभिन्न समाचारमा जनाइएको छ । यस्ता कार्यक्रममा गैससहरू निकै सक्रिय छन् । यसैगरी, आयमूलक सीपमूलक कार्यक्रम गरेर गाउँमै रोजगारीको वातावरण सिर्जना गर्ने पक्षमा पनि विभिन्न कामहरू भइरहेका छन् । गैससबाट चेतनामूलक कार्यक्रम, गाउँस्तरमा छलफल, होर्डिङ बोर्ड, पर्चा, व्यानर, विद्यालयमा हाजिरीजवाफ, निबन्ध, चित्रकला, सडक नाटक जस्ता सकारात्मक कामहरू पनि भइरहेको समाचारमा जनाइएको छ। नीतिगत वकालत, अन्तरक्रिया, सञ्चार माध्यममा संवाद मार्फत कानुन तथा नीति एवं कार्ययोजना निर्माणमा छलफल र सुझाव प्रस्तुत गर्ने काम पनि गैससहरूले लगातार गरिरहेका छन् । तर कतिपय अवस्थामा गैरसरकारी संस्था समेत मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा संलग्न रहेको समाचार पनि आएका छन् । यसमा गैरसरकारी संस्थाहरू समेत सचेत हुन जरुरी छ भने त्यस्तो कार्यमा संलग्नलाई दण्डित गराउन नेटवर्क र महासंघहरू पनि लाग्न सक्नुपर्छ । यसका साथै सञ्चार माध्यमसँगको सहकार्यलाई बढाउनु पनि आवश्यक छ । २०७७ सालको कोभिड पछिको समय (मङ्सिर १६ गतेदेखि चैत्र मसान्तसम्म) मा प्रकाशित "अलपत्रको भरोसा" शीर्षकको समाचारले एउटा व्यक्ति अथवा संस्थाले मानव सेवा गरेर कसरी मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीमा परेकालाई सहयोग गर्न सक्छ भन्ने उल्लेख गरेको छ । यसैगरी, "मानव बेचबिखनविरुद्ध हस्ताक्षर सङ्कलन" शीर्षकको समाचारले नागरिक समाज संस्थाहरू मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी विरुद्ध जतिसुकै अप्ठ्यारो र असहजताका बिच पनि खटिरहेका छन् भन्ने देखाउँछ ।

## ३.१३ मानव बेचबिखन र मानव तस्करीविरुद्ध सञ्चार माध्यमको गम्भिरता

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नियन्त्रणमा सञ्चार माध्यमको भूमिका एकदमै महत्वपूर्ण छ। सञ्चार माध्यममा समाचार आएकै कारण हामी यो अध्ययन गर्न सफल भएका छौं। पाँच वर्षको अध्ययनका क्रममा सञ्चार माध्यममा समाचार तथा समाचारमूलक सामग्री धेरैजसो घटनाप्रधान मात्र आएका पाइए। मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी खोज तथा अनुसन्धानमूलक समाचार सामग्री, फलोअप समाचार, लेख, फिचर आर्टिकल, सम्पादकीय लगायत भने आवश्यक मात्रामा थिएनन् । यसैगरी, वैदेशिक रोजगारी तथा उच्च शिक्षाको आडमा हुने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई समेत सञ्चार माध्यमले घटनाप्रधान खालका मात्र प्रकाशन गरेको पाइयो। तर पनि "मानव तस्करको जालो", "मानव तस्करीको जालो", "मानव तस्करीमा मौनता", "मानव तस्करी" शीर्षकमा सम्पादकीय प्रकाशन गर्नु, सञ्चार माध्यममा आएका समाचारका कारण अभियुक्तहरू पक्राउ पर्नु, राज्यको कानुन तथा नीति निर्माणमा योगदान गर्नु, नागरिक समाज संस्था तथा निजी क्षेत्रले सोही बमोजिम आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नुले सञ्चार माध्यमको गाम्भिर्यता भने केही झल्किन्छ। पाँचवर्षकै तथ्याङ्कले पत्रकार आचारसंहिता भने अहिले पनि पूर्ण पालना भएको देखिएको छैन। यसमा सञ्चार माध्यम गम्भिर हुन जरुरी छ भने अर्को तर्फ पत्रकार वा सञ्चार माध्यमलाई सचेत गराउने अभियानहरूको पनि आवश्यकता छ। यसैगरी, सञ्चारमाध्यमले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी समाचारलाई बढी प्राथमिकता दिने, फलो अप न्युज दिने, दिवस र घटना केन्द्रितभन्दा वर्षैभरि यससम्बन्धी समाचारलाई फलोअप गरिरहन पनि आवश्यक छ।

# सुझावहरू
# (Recommendations)

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी विषयहरूमा समाचारहरूमा आएका तथ्यहरूको तुलनात्मक विश्लेषणपछि अध्ययनका पाँच वर्षमा उठेका विषयहरूलाई सम्बोधन गर्नुपर्ने गरी यससँग सम्बन्धित सरोकारवालाहरूका लागि विषयगत रूपमा निम्न सुझावहरू रहेका छन्:

## ४.१ संघीय सरकार तथा व्यवस्थापिका, प्रदेश सरकार तथा व्यवस्थापिका र स्थानीय सरकार तथा न्यायपालिका

### ४.१.१ पार्लेमो प्रोटोकल बमोजिम यथाशीघ्र कानुन संशोधन, नीति, रणनीति तथा योजना र कार्ययोजना एवं कार्यक्रम निर्माण

संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २००० को नोभेम्बर १५ मा पारित गरेको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि (UNOTC) अन्तर्गतको मानव बेचबिखन, विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यू.एन. प्रोटोकल (जसलाई बहुर्राष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख, पार्लेमो प्रोटोकल पनि भनिन्छ) नेपालले सन् २०११ मा अनुमोदन गरेपश्चात् नागरिक समाज र सरकारको २० वर्ष लामो प्रयासपछि सन् २०२० (वि.सं. २०७६) मा संघीय संसदबाट अनुमोदन भएकाले यस प्रोटोकल बमोजिम यथाशीघ्र कानुन संशोधन, नीति, रणनीति तथा योजना र कार्ययोजना एवं कार्यक्रम निर्माण गर्नु आवश्यक छ। मानव बेचबिखन तथा ओसारपसारको परिवर्तित स्वरुप र वर्तमान कानुनमा रहेका केही कमी कमजोरीका कारण प्रभावितले न्याय पाउन र राज्यलाई अभियुक्तलाई कारवाही गर्न समस्या भइरहेको छ। यसकारण नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपासर, मानव तस्करी तथा आप्रवासी कामदारका श्रमशोषण र यौनशोषणका घटनालाई सम्बोधन गर्न तत्काल कानुन संशोधन गर्नैपर्दछ। यसका साथसाथै, निर्माण भइसकेका कानुन र नीति नियमहरूको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिने संयन्त्र समेत खडा गर्न जरुरी छ। नभए नयाँ नयाँ नीतिहरू, नियम, कानुनहरू बन्दै जाने सन्धि, महासन्धिमा हस्ताक्षर हुँदै जाने, तर प्रभावितले केही लाभ नपाउने अवस्था आउन सक्छ।

### ४.१.२ पार्लेमो प्रोटोकलकै हिस्सा मानव तस्करीसम्बन्धी आलेख अनुमोदन

पाँच वर्षको अध्ययनमा मानव तस्करी पनि अत्याधिक मात्रामा बढ्दै गएको तथ्य बाहिर आएकाले पार्लेमो प्रोटोकलकै हिस्सा मानव तस्करीसम्बन्धी आलेख पनि नेपाल सरकारले अनुमोदन गर्नु आवश्यक भइसकेको छ भने मानव तस्करीविरुद्धको छुट्टै कानुन बनाउन पनि ढिला भइसकेको छ। यसका साथसाथै पाँच वर्षको अध्ययनले नेपाल स्रोत देश मात्र रहेन, यो ट्रान्जिट अर्थात माध्यम र गन्तव्य मुलुक पनि बनिसकेको देखाएकाले यसतर्फ पनि आवश्यक नीति निर्माण गरेर अगाडि बढ्न आवश्यक छ।

### ४.१३. मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र राष्ट्रिय कार्ययोजना तत्काल पारित र कार्यान्वयन

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय नीति र राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार गरेर विभिन्न सरोकारवालाहरूसँग छलफल गरिरहेको छ। वर्तमान अवस्थाको कुरा गर्ने हो भने अहिले मानव बेचबिखन र मानव तस्करीविरुद्ध छुट्टाछुट्टै नीति र कार्ययोजनाको आवश्यकता परिसकेको छ। मानव तस्करीलाई सम्बोधन गर्नेगरी विशेष नीति र कार्ययोजना बनाउने विषयमा पनि सरकारको सक्रिय पहल आवश्यक छ।

मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र राष्ट्रिय कार्य योजना बनाउन भने सरकार गम्भिर भएर लागेको छ । मानव बेचबिखन विरुद्धको दशवर्षे राष्ट्रिय कार्य योजनाको समयावधि २०७८ सालमै सकिसकेको छ । अहिले २०८० साल भइसक्दा पनि नयाँ कार्य योजना आउन नसकेकाले यो कार्ययोजना बनाउन एकदमै ढिला भइसकेको छ । संघीय सरकारले यो नीति बनाएपछि सोही बमोजिम प्रदेश सरकार र स्थानीय सरकारले पनि मानव बेचबिखनविरुद्ध नीति बनाउन सक्नेछन् । यसैगरी, आसन्न १६औँ पञ्च वर्षीय योजनामा पन्ध्रौँ योजनाको सफलता र चुनौतीहरूलाई समीक्षा गर्दै मानव बेचबिखन तथा मानव तस्करीको परिवर्तित स्वरुपलाई सम्बोधन गर्ने गरी योजना निर्माणको आवश्यकता छ ।

### ४.१.४ वैदेशिक रोजगारीका आडमा हुने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई प्रभावकारी रूपमा सम्बोधन

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी वैदेशिक रोजगारीको आडमा बढिरहेका छन् । तर वैदेशिक रोजगारका नाममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी हुने गरेको तथ्यलाई अहिलेसम्म पनि सरकारले प्रभावकारी रूपमा सम्बोधन गर्न सकेको छैन । यसकारण सबैभन्दा पहिला राज्यले यसलाई पहिचान गरी वैदेशिक रोजगार ऐनमा समेट्न जरुरी छ । सर्वोच्च अदालतले आप्रवासी कामदारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसँग मेल खानेगरी कानुन निर्माण गर्न निर्देशनात्मक आदेश दिएकाले सो को पनि पालना गर्दै मानव बेचबिखन तथा ओसारपसार ऐनमा संशोधन गरेर वैदेशिक रोजगारीका क्रममा हुने बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई सम्बोधन गर्नुपर्दछ ।

### ४.१.५ मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका नयाँ नयाँ आयाम, प्रवृत्ति तथा तरिकाहरूलाई सम्बोधन गर्न सक्रियतापूर्वक लाग्नु आवश्यक

पाँच वर्षको तथ्यमा के देखियो भने काठमाडौँ एयरपोर्टबाट कडाई हुन थालेपछि दलालहरूले भारतको बाटो वा भारतीय एयरपोर्ट प्रयोग गर्न थाले । त्यो थाहा पाएपछि सरकारले नो अब्जेक्सन लेटरको प्रावधान ल्यायो । पहाडी मूलका अझ विशेष गरेर जनजाति समुदायका व्यक्तिहरू सजिलै चिनिन थालेपछि यसबाट बच्न तथा नो अब्जेक्सन लेटरको प्रावधान छल्न दलालहरूको ध्यान मधेशी समुदायतर्फ केन्द्रित भएको देखियो । किनकि, मधेशी समुदायका व्यक्तिहरू भेषभुषा, भाषा, शैलीले भारतीय जस्तै देखिने भएकाले दलालहरूले सजिलै अध्यागमन पार गराउँदथे । तर पहाडी मूलका वा जनजाति समुदायका व्यक्तिहरूको माग धेरै हुने भएकाले दलालहरूले जसरी पनि उनीहरूलाई लैजाने सोचमा भारतीय एयरपोर्टको बाटो छाडेर भारतीय स्थल मार्ग हुँदै खाडी मुलुकसम्म पुऱ्याउने प्रयास गरे । यही कारण सयौंको सङ्ख्यामा नेपालीहरू पूर्वोत्तर भारतको बाटो हुँदै जान लागेका बेलामा पक्राउ गरेर नेपाल फर्काइएका थिए । यो घटनापछि दलालहरूले फेरी नेपालकै एयरपोर्ट प्रयोग गर्न थालेको भिजिट भिसा प्रकरणले देखायो । यसबाट दलालहरू नयाँ नयाँ उपाय अपनाएर भए पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी गरिरहन्छन् भन्ने देखिएको छ । यसैगरी, यो अपराधमा नयाँ नयाँ आयाम, प्रवृत्ति तथा तरिकाहरू पनि देखिन थालेकाले सरकारले घटना भएपछि लिने सक्रियताभन्दा घटना पूर्व नै स्वस्फूर्त रूपमा लाग्न र सोही बमोजिमका नीति रणनीति तथा कार्यक्रमहरू निर्माण गर्न आवश्यक छ ।

### ४.१.६ भिजिट भिसाले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढाएपनि नागरिकको हिडडुलको अधिकार (Right to Mobility) उल्लङ्घन हुन नहुने

सरकारले फ्रि भिसा, फ्रि टिकट तथा श्रम स्वीकृति अनिवार्यको नियम ल्याएपछि दलालहरूले नयाँ तरिका अपनाए । जसका कारण भिजिट भिसाले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढाएको भन्ने

समाचार धेरै आए । यसलाई रोक्न सरकारले नयाँ नियम जारी गऱ्यो, तर यसले पर्यटक भिसामा जान चाहने महिला लगायत समग्रमा सम्पूर्ण नागरिकको हिडडुलको अधिकार (Right to Mobility) उल्लङ्घन गरेको भन्दै विरोध भयो । खाडी मुलुकहरूमा घरेलु कामदारका रूपमा वैदेशिक रोजागारीमा जानका लागि सरकारले नागरिकहरूलाई प्रतिबन्ध लगाए पनि जाने क्रम रोकिएको छैन र यसले बढी अप्ठ्यारो महिलाहरूलाई नै परेको छ। अझ प्रतिबन्धका कारण अवैध तरिकाले जोखिमपूर्ण रूपमा जाँदा यौनशोषण र श्रमशोषणका लागि बेचबिखन तथा ओसारपसार र तस्करी बढ्दो छ । यसैगरी, भिजिट भिसाको अवैध दुरुपयोग नियन्त्रण गर्न अध्ययन समिति बनाउनु, मार्सल टिम खटाउनु एकदमै सराहनीय भएपनि भिजिट भिसाबाट अवैध तरिकाले विदेश पठाउन अध्यागमनका सरकारी कर्मचारीको नै मिलेमतो हुनु झन् ठूलो चुनौती हो । जसलाई अनुगमन गर्न राखिएको छ, उही नै अपराधमा सामेल भएपछि विश्वासको सङ्कट हुन्छ । दोषीलाई पहिचान गरेर सजाय दिनु एउटा कुरा हो, तर सरकार तथा नीति निर्माताहरू आफूमाथिको यस्ता दाग हटाउन र भविष्यमा दोहोरिन नदिन गम्भिर भएर लाग्नैपर्छ ।

### ४.१.७ उच्च शिक्षाका आडमा बढ्दो मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको नयाँ आयामलाई सम्बोधन गर्न बेलैमा सतर्कता

मानव बेचबखिन तथा ओसारपसारका दलालहरूले शिक्षाका लागि विदेश जान खोज्ने युवाहरूलाई पछिल्लो समयमा आफ्नो निशाना बनाएकाले अब सरकारको चुनौती यता पनि थपिएको छ । एटविनको लगातारको अध्ययनमा उच्च शिक्षाका आडमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नयाँ मुद्दाका रूपमा देखिएको छ ।

### ४.१.८ नेपालीहरू वैदेशिक रोजगारीमा जाने हरेक देशसँग श्रम सम्झौता

नेपाल सरकारले नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने विभिन्न गन्तव्य देशहरूसँग श्रम सम्झौता गर्ने गरेको छ । यस्ता सम्झौतापछि श्रमिकमाथि हुने ठगी, धोखाधडी तथा श्रमशोषण, यौनशोषणमा कमी हुने हुनाले नेपालीहरू वैदेशिक रोजगारीमा जाने हरेक देशसँग श्रम सम्झौता हुनुपर्ने माग कामदारहरूको छ । यसकारण सरकारले अन्य गन्तव्य देशहरूसँग तत्काल सम्झौता गर्नुपर्दछ भने गरिएका सम्झौताको कार्यान्वयनमा पनि ध्यान दिनुपर्दछ ।

### ४.१.९ मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट पीडित/प्रभावितहरूको आधिकारिक तथ्याङ्क, सुरक्षा र पुनर्स्थापना

मानव बेचिबखन तथा ओसारपसार र मानव तस्करीबाट पीडित/प्रभावितहरूको आधिकारिक तथ्याङ्क, सुरक्षा र पुनर्स्थापनामा समस्या छ भन्ने कुरा तथ्यले स्थापित गरिसकेको छ । उद्धार, रिफरल, पुनर्स्थापना आदिको व्यवस्थित अभिलेखीकरण नहुँदा तथ्याङ्कको अभाव भएकाले सरकारले तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गर्नु जरुरी छ। यसैगरी, दवाब, धम्कीका कारण पीडित/प्रभावित स्वयं, उनीहरूको परिवार तथा उनीहरूलाई सहयोग गर्ने संस्थाहरूको सुरक्षामा समेत रणनीतिक रूपमा काम गर्नु आवश्यक छ। यसमा पुनर्स्थापना र पुनर्एकीकरणका लागि दीर्घकालिन सुरक्षित आवास गृह समेत पर्दछ ।

### ४.१.१० मानव बेचबिखन तथा ओसारपसारमा जनप्रतिनिधि तथा सरकारी कर्मचारीको संलग्नतालाई गम्भिरतापूर्वक लिनुपर्ने

सरकारले गम्भिरतापूर्वक लिनुपर्ने अर्को विषय हो, मानव बेचबिखन तथा ओसारपसारमा जनप्रतिनिधि तथा सरकारी कर्मचारीको संलग्नता । अध्यागमनकै सेटिङमा उड्ने, जनप्रतिनिधि नै बेचबिखन जस्ता गम्भिर घटना मेलमिलाप गराउन खोज्ने विषयले सरकारलाई दोहोरो चुनौती थपिदिन सक्छ । यसकारण यसमा फरक रणनीति र फरक दण्ड सजायको आवश्यकता पर्छ । अर्कोतर्फ राजनीतिक दल हेरेर पक्षपोषण वा विरोध गरी अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरणगर्ने कार्य तत्काल बन्द गराउनु पर्दछ ।

### ४.१.११ संगठित एवं पटके अपराधीले न्यायलयबाट सफाई पाएको विषय संसदमा छलफल गर्नुपर्ने

सुनबहादुर तामाङ जस्ता संगठित एवं पटके अपराधीलाई दण्डित गर्नुको साटो अदालतले सफाई दिने विषयतर्फ सरकारको ध्यान जानु जरुरी छ । जिल्ला अदालतले ३७ वर्ष जेल सजाय दिने तर माथिल्लो अदालतले पूर्ण सफाई दिने फैसला आफैमा शङ्काको घेरामा छ । यसले न्याय प्रणालीमा पनि प्रश्न उठाउने भएकाले सरकारले संसद मार्फत भएपनि यो विषय उठान गर्नु पर्दछ र न्यायपालिका पनि यसमा गम्भिर हुनै पर्दछ ।

### ४.१.१२ वैदेशिक रोजगारीका सम्बन्धमा सरकारको दृष्टिकोण स्पष्ट हुनुपर्ने तथा स्वदेशमै बढीभन्दा बढी रोजगारी सिर्जना गरेर विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने

कतिपय अवस्थामा प्रभावितहरू देशमा रोजगारी नपाएको भन्दै जोखिमपूर्ण रूपमा भए पनि विदेश जाने बताउँछन् । जोखिमपूर्ण रूपमा महिनौं लगाएर अमेरिका छिर्न खोज्ने समस्या पनि यसैसँग जोडिएको छ । झुक्यान, रोजगार, विवाह, शिक्षा जुनसुकै बहाना भए पनि, देशभित्र शिक्षा, स्वास्थ्य र रोजगारको सुनिश्चितता नहुँदा नागरिक जोखिमपूर्ण रूपमा भए पनि वैदेशिक रोजगारीमा जाने भएकाले यो समस्या सम्बोधन गर्न सरकारले देशभित्रै प्रशस्त रोजगारीको अवसर सिर्जना गर्न सक्नु पर्दछ । सरकारको नीति तथा कार्यक्रममा स्वदेशमै रोजगारी सिर्जना गरी विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने भनिएको छ । तर सरकारले नै विदेश पठाउने, गन्तव्य मुलुक खोज्ने, ती देशहरूसँग कामदार पठाउने सम्झौता गर्ने काम पनि गरिरहेकाले अदक्ष मानिसहरू विदेश जान खोज्दा दलालहरूले फाइदा उठाइरहेका छन् । यसमा राज्यको नीति नै स्पष्ट हुनु जरुरी छ । विदेश पठाउने नै हो भने पनि दक्ष र योग्य बनाएरमात्र पठाउने व्यवस्था गर्न सकेमा ठगिने वा बेचबिखनमा पर्ने सम्भावन कम हुन्छ । वैदेशिक रोजगारमा गएका नागरिकलाई कहिले पासपोर्ट र भिसाको अवधि सकिन्छ ? श्रम स्वीकृति कहिलेसम्मको छ ? त्यो देशको भाषा के हो ? रहनसहन संस्कृति कस्तो छ ? भन्ने विषयको ज्ञान नहुँदा पनि समस्या पर्ने गरेको छ । राज्यले भाषा लगायतका विषय सिकाउने प्रयास गरेपनि त्यो पूर्ण हुन नसकेकाले यसतर्फ श्रम मन्त्रालय, विभाग लगायतले थप गम्भिरतापूर्वक लाग्नु जरुरी छ ।

### ४.१.१३ नेपाल बाल संगठन, अध्यागमन, राजदूतावास वा अन्य सरकारी तथा सुरक्षा निकायका पदाधिकारी नै अपराधमा सामेल हुँदा सरकारलाई पनि अप्ठ्यारो पर्न सक्ने भएकाले रणनीतिक कदम चाल्नुपर्ने तथा बालगृहहरूको अनुगमनका साथसाथै सञ्चालनका लागि मार्गनिर्देश पनि गर्नुपर्ने

नेपाल बाल संगठन, अध्यागमन, राजदूतावास होस् वा कुनै सुरक्षा निकायका पदाधिकारी अथवा अन्य कुनै सरकारी निकायका पदाधिकारी जब नियमनकारी निकायहरू नै अपराधमा सामेल हुन्छन् त्यसले सरकारलाई पनि अप्ठ्यारो पार्दछ भने प्रभावितहरूको विश्वास पनि हराउँछ । यस सम्बन्धमा सरकार गम्भिर हुन जरुरी छ र यस्ता समस्या सम्बोधन गर्न विशेष रणनीति अपनाउनु पर्दछ । बालगृहहरूमा सुधारका नाममा शोषण भएको, बालबालिकाहरू ओसारपसार गरेर निकृष्ट अवस्थामा राखिएको तथा यौनशोषण समेत भएका समाचार

धेरै आएकाले सरकारले यिनीहरूको अनुगमन संयन्त्र व्यवस्थित बनाउन जरुरी छ । तर व्यवस्थित बनाउने नाममा अनुगमन गरेर धरपकड मात्र गर्ने भन्दा उनीहरूलाई समय समयमा सञ्चालनका लागि मार्गनिर्देश गर्ने, परिमार्जित मापदण्डहरू बनाएर कार्यान्वयनमा लैजाने कार्य गर्नु पनि आवश्यक छ । धर्म सन्तानका नाममा सयौं असहाय बालबालिकाको बेचबिखन हुनु, उनीहरूलाई संरक्षण दिन सरकारले नै स्थापना गरेको नेपाल बाल संगठनका अधिकारीहरू नै बालबालिका बेचबिखनमा लाग्नुलाई पनि राज्यले अझै पनि आफू भित्र कमि कमजोरी रहेको तथ्यका आधारमा बुझ्नुपर्छ ।

### ४.१.१४ डिजिटल माध्यम तथा सामाजिक सञ्जालले ल्याएको चुनौती सामना गर्न थप सक्रियतापूर्वक लाग्नुपर्ने तथा अपराध अनुसन्धानमा संलग्न संस्थाहरूलाई प्रविधिमैत्री बनाउनु पर्ने

मानव बेचबिखन तथा ओसारपसार अब भौतिक रूपमा भन्दा पनि डिजिटल माध्यमबाट भइरहेकाले यसलाई नियन्त्रण गर्न सरकार सामु नयाँ चुनौतीहरू अगाडि आइरहेका छन् । यसकारण सरकारले पनि डिजिटल प्लेटफर्म प्रयोग गरेर नै यसलाई नियन्त्रण गर्न सक्ने भएकाले यसका लागि दक्ष जनशक्ति र लगानी जरुरी छ । प्रविधिका कारण अपराधी पत्ता लगाउन जति सजिलो भएको छ, अपराधीले पनि प्रविधि नै प्रयोग गर्दा समस्या त्यति नै जटिल पनि बन्दै गएको छ । पछिल्लो समयमा मोबाइलका कारण दलालहरूलाई ललाईफकाई गर्न सजिलो हुँदै गएको थियो भने अहिले फेसबुकका कारण झन् सजिलो भएको छ । मोबाइल वा फेसबुक प्रयोग गरेर ललाईफकाई गर्दा दलालहरूलाई भौतिक रूपमा गाउँघरसम्मै पुग्नु पनि नपर्ने भएको छ । यसकारण प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरो र साइबर व्युरो बिच अझ बढी सहकार्यको आवश्यकता छ ।

### ४.१.१५ मानव बेचबिखन तथा ओसारपसार प्रभावितका मुद्दा वा भनाइलाई राज्य संयन्त्रले ध्यानपूर्वक सुन्न जरुरी, यसका लागि सम्बन्धित निकायहरूलाई तालिम तथा स्रोत साधन सम्पन्न बनाउने

मानव बेचबिखन तथा ओसारपसारका प्रभावितका विषयलाई राज्य संयन्त्रले ध्यानपूर्वक सुन्न जरुरी छ । उनीहरू समस्यामा परेपछि राज्य संयन्त्रको सम्पर्कमा आउने भएकाले उनीहरूलाई समय पनि राज्यले दिनु पर्दछ । यसमा सबैभन्दा बढी जिम्मेवार विदेशका दूतावास तथा नियोगहरू हुनु जरुरी छ । कामदारहरू जानु अगाडि वा विदेशमै रहेका बेला पनि मानसिक तनाब व्यवस्थापन तालिमहरू पनि उपलब्ध गराउनु पर्दछ । अर्कोतर्फ बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई समाज तथा परिवारमा पुनर्स्थापित हुन गाह्रो हुने गरेको छ । यसमा कतिपय अवस्थामा परिवार तथा समाज, राज्य पनि उनीहरूको बाधक बन्ने गरेका छन् । यसैगरी, पुनर्स्थापनका लागि सरकारले सञ्चालन गरेको कोषको रकम पनि उपयोग हुन सकेको छैन भन्नेतर्फ सरकारी निकायहरूले आवश्यक कदम चाल्न जरुरी छ ।

वैदेशिक रोजगार व्यवसायमा बदनाम भएका, भ्रष्टाचारमा मुछिएका संस्थाहरूलाई कारवाहीको सट्टा पुरस्कृत गर्दा कामदार तथा कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरू हतोत्साही हुने भएकाले यसतर्फ सरकार सचेत हुनुपर्दछ । मानव बेचबिखन तथा ओसारपसारको काम अझै पनि परिवार वा आफन्तले गरिरहेका छन् । तर पछिल्लो समयमा यसरी लैजानेमा म्यानपावरका दलाल वा एजेन्ट धेरै रहेको तथ्यले, दलालहरूको विश्वव्यापी सञ्जाल बढेको र मानव बेचबिखनमा कर्पोरेटशैली हावी भइरहेको देखिन्छ ।

### ४.१.१६ कोभिड-१९ जस्ता महामारी र बिपद्को पूर्व तयारीका लागि नीति नियम, कानुन र कार्यक्रम कार्यान्वयनका साथसाथै सम्पूर्ण संयन्त्रहरूलाई चुस्त दुरुस्त राख्नुपर्ने तथा उद्धार र फिर्तिको समयमा हवाइजहाजबाट, गाडीबाट वा पैदल आउनेहरू बिच भेदभाव गर्न नहुने

वैदेशिक रोजगारीका क्रममा महामारीले रोजगार गुमेर फर्किनुपर्ने वा फर्किन पनि नपाएर उद्धार गर्नुपर्ने अवस्था आउने रहेछ। यसैगरी, रोजगारमा गएको देशमा सत्तापलट भएर फरक नीति लिएमा पनि फर्किनु पर्ने वा कतिपय अवस्थामा उद्धार गर्नुपर्ने अवस्था हुनेरहेछ। युद्ध भएमा त झन् रातारात भाग्नुपर्ने रहेछ। यी सबै अवस्थाका लागि नीति नियम, कानुन र योजना तथा कार्यक्रम निर्माण गरेर राज्य तयार बस्नु जरुरी छ। यसैगरी, स्थानीय पालिकाहरूले सुरक्षित आवास तथा पुनर्स्थापना गृहहरू बनाएर राख्नुपर्ने रहेछ। स्वास्थ्य संस्थाहरू पनि चुस्त दुरुस्त राख्नु पर्ने रहेछ। यसका लागि, संघ, प्रदेश, स्थानीय तीनै तहका सरकार र यी मातहतका निकायहरूले निरन्तर काम गर्नु जरुरी छ। वैदेशिक रोजगारका क्रममा विविध कारणले मृत्यु हुने, रोजगार गुमाएर फर्कदा मनोसामाजिक परामर्शको आवश्यकता पर्ने, फर्किएकाको सीपलाई प्रयोग गरेर देशमै स्वरोजगार बनाउन योजना तथा नीति ल्याउनुपर्ने भएकाले यसतर्फ पनि सबै तहले ध्यान दिनुपर्दछ। अर्कोतर्फ, महामारीका कारण रोजगार गुमाएर फर्किएकाहरूले फेरि सोही देशमा काममा जान पाउँदा पनि स्वदेशमा सहज रूपमा खोप तथा खोप प्रमाणीकरण हुन नसक्दा सास्ती भएकाले यो सहज बनाउनेतर्फ पनि काम गर्न जरुरी छ। यसैगरी, कोभिड-१९ को समयमा उठेको गम्भिर विषय भारतमा काम गर्न जाने वैदेशिक कामदार र अन्य देशमा काम गर्न जाने वैदेशिक कामदारमाथिको भेदभावमा सरकार गम्भिर बन्नै पर्दछ। यदि सरकारले नै नागरिकमाथि भेदभाव गर्ने हो भने उ कहाँ उजुरी गर्न जाने वा उसलाई राज्य र राज्य संयन्त्रमाथि अविश्वास भएमा यसले धेरै ठुलो समस्या निम्तिन सक्छ।

### १.१.१७ न्यायलयले गरेको फैसला कागजमा मात्र सीमित नरहेर पीडित/प्रभावितले शारीरिक, आर्थिक, सामाजिक, मानसिक सम्पूर्ण रूपमा न्यायको महसुस गरुन् तथा मानव बेचबिखन तथा मानव तस्करीका कुनैपनि अभियुक्त नउम्किउन् र पीडित/प्रभावितले न्याय पाएको अनुभूत गरुन् भन्नेतर्फ न्यायपालिकाले एकदमै ध्यान दिनु जरुरी छ।

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका कुनै पनि अभियुक्त नउम्किउन् र पीडित/प्रभावितले न्याय पाएको अनुभूत गरुन् भन्नेतर्फ न्यायपालिकाले एकदमै ध्यान दिनु जरुरी छ। न्यायलयले गरेको फैसला कागजमा मात्र सीमित नरहेर पीडित/प्रभावितले शारीरिक, आर्थिक, सामाजिक तथा मानसिक दुबै रूपमा न्यायको महसुस गरुन् र अभियुक्तको मनमा अब उप्रान्त यस्तो अपराध गर्न हुदैन भनेर डर पनि उत्पन्न हुन सक्नु पर्दछ। न्याय प्राप्तिका लागि प्रभावितहरूलाई अगाडि आउन निकै समस्या छ। दलालहरूको पहुँच नीति, ऐन, नियम बनाउने ठाउँसम्म भएकाले उनीहरू निकै बलिया छन्। त्यसकारण अभियुक्तहरूको पहुँच घटाउने तथा दण्डित गर्ने कार्यमा प्रभावमा नपरिकन दृढताकासाथ जिम्मेवार नेतृत्व तथा पदाधिकारीहरू लाग्नै पर्दछ। यसैगरी, अपराध अनुसन्धान गर्ने सुरक्षा निकाय तथा सुनुवाई गर्ने अदालतहरू पनि प्रभावमा नपरी स्वतन्त्र र सक्षम तरिकाले अत्याधुनिक प्रणाली प्रयोग गर्न सकेमा पनि अपराध कम गर्न मद्दत गर्छ।

### ४.१.१८ प्रभावितहरूलाई छिटो न्याय दिलाउने तथा पीडित/प्रभावितलाई क्षतिपूर्ति समयमा उपलब्ध गराउने विषयमा सरकार तथा न्यायलयले अग्रसरता लिनुपर्ने।

मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भिर मानवीय अपराधको मुद्दालाई न्यायालयले गम्भिरतापूर्वक लिने, सकेसम्म धरौटीमा नछाड्ने तथा मानव तस्करीसम्बन्धी विशेष कानुन नभए पनि न्यायलयले कानुन नभएकै आधारमा अभियुक्तलाई उन्मुक्ति दिनुभन्दा वैकल्पिक उपाय अपनाएर भए पनि दण्डित गर्न सक्रिय भूमिका निर्वाह

गर्न जरुरी छ। सुनबहादुर तामाङको जस्तो विषय दोहोरिन नदिन पनि सबै पक्ष चनाखो हुनुपर्दछ। यसैगरी, 'ढिलो न्याय दिनु न्याय नदिनु सरह हो' भन्ने उक्तिलाई सम्झेर प्रभावितहरूलाई छिटो न्याय दिलाउने विषयमा न्यायलय जागरुक हुन पनि जरुरी छ। यसका साथसाथै, पीडित/प्रभावितलाई क्षतिपूर्ति समयमा उपलब्ध गराउनेतर्फ पनि सरकार तथा न्यायलयले अग्रसरता लिनुपर्दछ।

### ४.१.१९. मानव बेचबिखनविरुद्ध कर्मचारी, सुरक्षा निकाय, न्यायलय लगायत सबैले एक भएर सरकारलाई प्रभावितमैत्री नीति नियम र कानुनहरू निर्माण गर्न तथा प्रभावितको न्यायमा पहुँच पुऱ्याउन सहयोग गर्नुपर्ने।

संघीय सरकार होस् वा स्थानीय र प्रदेश सरकार यी सबैले ल्याएका मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी विरुद्धका ऐन कानुन, तथा नीति नियम, रणनीति, कार्ययोजना र कार्यक्रमहरू कार्यान्वयन गर्ने भनेको ती मातहतका कर्मचारी, सुरक्षा निकाय लगायतले हो। यसैगरी, सरकारले लिएका नीतिहरूको, बनाएका कानुनहरूको व्याख्या गर्ने तथा अपराधीलाई दण्डित गरी प्रभावितलाई न्याय दिने काम न्यायलयको हो। यसकारण यी सबैले एक भएर सरकारलाई प्रभावितमैत्री नीति नियम र कानुनहरू निर्माण गर्न तथा प्रभावितको न्यायमा पहुँच पुऱ्याउन सहयोग गर्नुपर्दछ। कतिपय अवस्थामा सरकारी कर्मचारी, सुरक्षाकर्मी एवं न्यायलयका कर्मचारीहरू पनि यस्तो अपराधमा सामेल भएका समाचारहरू आउँछन्। त्यस्ता अपराधीलाई दण्डित गर्न यी निकाय आफै पनि सक्रिय हुन जरुरी छ। अर्कोतर्फ, प्रभावितले न्याय पाउने प्रक्रियामा यी सबैको सक्रिय भूमिका हुने भएकाले उनीहरूले प्रभावितमैत्री पद्धति अपनाउन जरुरी छ।

### ४.१.२० वैदेशिक रोजगारमा ठगिएकालाई तत्काल क्षतिपूर्ति

वैदेशिक रोजगारमा गएका श्रमिक १४ वर्षमा ९ हजार २ सय ३७ जना मृत्यु भएर कफिनमा फर्किनु, कामदार कार्यस्थल तथा बासस्थानमा समेत सुरक्षित नहुनु, सीप सिकेर नजाँदा अलपत्र पर्नु जस्ता समस्या कसरी सम्बोधन गर्ने कार्यक्रम ल्याउन जरुरी छ। वैदेशिक रोजगारमा ठगिएकालाई क्षतिपूर्ति तत्काल दिन सकेमा पनि धेरै समस्या सम्बोधन हुन्छ। तर प्रभावितहरू कहिले वैदेशिक रोजगार विभाग, कहिले सुरक्षा निकाय त कहिले अदालत धाउँदै हतास हुने गरेका छन्। बलियो नेटवर्क भएका दलालहरूको धाकधम्की पनि उनीहरूले खेपिरहनु परेको छ। यो अवस्था आउन नदिन सम्बन्धित निकायले काम गर्न जरुरी छ। यस्ता घटनामा कतिपय अवस्थामा श्रमिक किनबेच, श्रम शोषण र यौनशोषण पनि हुने गरेका छन्। तर कहिले राज्यका निकायको असहयोग तथा कहिले विविध कारणले श्रमिकले उजुरी गर्न नसक्दा अभियुक्तहरू उम्कदै आएका छन्।

### ४.१.२१ गाउँ गाउँबाट दिनहुँ मानिस हराउने घटना कम गर्न स्थानीय सरकारले निगरानी संयन्त्र बनाउने

मानव बेचबिखन तथा ओसारपसारमा परेर बालबालिका, युवायुवती वा किशोरकिशोरी दिनहुँ बेपत्ता हुने गरेको तथ्याङ्क डरलाग्दो छ। यसलाई कसरी सम्बोधन गर्ने, सबै पक्षले सोच्नु जरुरी छ। गाउँ गाउँबाट दिनहुँ हराउने मानिसमाथि निगरानी स्थानीय सरकारले नै राख्न सक्दछन्। यसका लागि तथ्याङ्क चुस्तदुरुस्त राख्न सक्नुपर्दछ। यसैगरी, परिवारका अन्य सदस्यले पनि उनीहरूको दैनिकीबारे चनाखो हुन जरुरी छ। परिवार, समाज, राज्य व्यक्ति व्यक्तिसम्मको सहयोगले नै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सकिन्छ। राम्रो शिक्षा दिने प्रलोभनमा पारेर दुर्गम जिल्लाहरूबाट सहरतर्फ ललाइफकाई गरेर ल्याउने अनि जोखिमपूर्ण अवस्थामा राखेर शोषण गर्ने कार्य छिटपुट रूपमा अहिले पनि भइरहेको समाचारहरूले देखाएको छ। यो कार्य नियन्त्रणका लागि पनि संघ, प्रदेश र विशेष गरेर स्थानीय पालिकाले नै कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसैगरी, मानव अङ्ग बेचबिखन अहिले पनि समस्याका रूपमा देखिएकाले यसलाई सम्बोधन गर्ने कार्यक्रम पनि ल्याउनु पर्दछ। मानव अङ्ग बेचबिखनका घटना थाहा पाएका सचेत व्यक्ति नै विभिन्न कारणले आफ्नै अङ्ग पनि बेच्न पुगेकोसम्मको अवस्था छ।

### ४.१.२२ स्थानीय तथा प्रदेश सरकारले संयुक्त रूपमा वा संघीय सरकारसँग मिलेर काम गर्ने रणनीति बनाउने । स्थानीय स्तरमै जनचेतना, पुनर्स्थापना, संरक्षण गृह सञ्चालनको व्यवस्था गर्ने ।

देश संघीय प्रणालीमा गएपछि संघीय सरकार जस्तै प्रदेश र स्थानीय सरकार पनि संवैधानिक रूपमा शक्तिशाली बनेका छन् र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा वैदेशिक रोजगार व्यवस्थित बनाउन उनीहरू पनि जिम्मेवार हुनुपर्दछ । यसकारण संघीय सरकारका सुझावहरू प्रदेश तथा स्थानीय सरकारले पनि पालना गर्नु उपयुक्त हुन्छ । स्थानीय तथा प्रदेश सरकारले कतिपय अवस्थामा संयुक्त वा अझ संघीय सरकारसँग मिलेर पनि काम गर्न जरुरी छ । यसैगरी, मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करी नियन्त्रणका लागि प्रदेश सरकार र स्थानीय सरकारले पनि विशेष कानुनी, नीति तथा कार्यक्रमहरू ल्याउन जरुरी छ । अर्कोतर्फ, अभाव, बेरोजगारी, अशिक्षा तथा परिश्रम कम गरेर सुखी जीवन जिउने चाहना मानिसमा बढ्दै जाँदा पनि यस्ता समस्या भएकाले स्थानीय सरकारले स्थानीय स्तरमै नागरिकका समस्या सम्बोधन गर्न सक्नुपर्छ । जनचेतना फैलाउने, रोजगारमूलक कार्यक्रमहरू ल्याउने, शिक्षा स्वास्थ्य र गाँस, वास, कपास तथा थिचेमिचो र अन्याय विरुद्ध आवाज जस्ता आधारभूत कुराहरू राज्यले पूरा गर्न सक्नुपर्छ । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी विषय स्थानीय र प्रदेश सरकारले आफ्नो पालिका वा प्रदेशमा बसोवास गर्ने सबै जातीय समुदायको मातृभाषामा जनचेतना र प्रचारप्रसार गर्नसके अझ बढी जनमानसमा पुग्न सफल हुनेछ । यसैगरी, हरेक पालिकाले स्थानीय स्तरमै पुनर्स्थापना कार्यक्रम ल्याउने तथा संरक्षण गृह सञ्चालन गर्न पनि एकदमै आवश्यक छ ।

### ४.१.२३ देशभित्रै हुने मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रभावकारी काम हुन नसकिरहेकाले संघीय तहबाट प्रभावकारी सम्बोधन गर्ने र स्थानीय तथा प्रदेश सरकारहरूले नेतृत्व लिएर यसविरुद्ध अभियान नै चलाउने ।

देशभित्रै हुने मानव बेचबिखन तथा ओसारपसारलाई राज्यले अहिलेसम्म पर्याप्त रूपमा प्रभावकारी सम्बोधन गर्न सकेको छैन । देशभित्रै बेचबिखन हुन्छ भन्ने विषय समेत मान्न तयार नभएको दृष्टान्त विगतमा देखिएका बेला अध्ययनले यो तथ्यलाई स्थापित गरेका छन् । यसकारण अब राज्यले सोही बमोजिमको रणनीति बनाउन जरुरी छ । सीमापार मानव बेचबिखन तथा ओसारपसारको समस्या जति गम्भिर छ, त्यति नै गम्भिर छ, देशभित्रकै आन्तरिक बेचबिखन तथा ओसारपसार । देशभित्र मनोरञ्जन क्षेत्रमा यसको समस्या सबैभन्दा बढी छ । यो समस्या समाधान गर्न रोजगारदाता, सुरक्षा निकाय लगायत विभागीय सरकारी कार्यालयहरूले कार्यक्रम ल्याउन जरुरी छ ।

स्थानीय तथा प्रदेश सरकारहरूले यसलाई रोक्न अभियान नै चलाउन सक्छन् । विशेषगरी, स्थानीय स्तरमा वडा कार्यालय मार्फत नागरिकहरूको लगत राख्ने र उनीहरूलाई सचेत गराउने तथा आवागमनलाई दर्ता प्रणालीमा ल्याउने र अस्वभाविक आवागमनलाई निगरानी गर्ने कार्य स्थानीय सरकारहरूले गर्न सक्छन् । यसमा प्रदेश सरकारले स्थानीय सरकारलाई सहयोग गर्न सक्छ । यसैगरी, विभिन्न संघसंस्था तथा व्यक्तिले बालबालिका ओसारपसार गर्ने गरेकोमा त्यो कार्य रोक्न पनि स्थानीय प्रदेश सरकारको यो अभियान सार्थक हुन सक्छ ।

### ४.१.२४ मानव बेचबिखन र तस्करीमा लागेका जनप्रतिनिधि तथा कर्मचारीलाई स्थानीय स्तरमै नैतिक तथा कानुनी कारवाही एवं राम्रो काम गर्नेलाई पुरस्कार तथा सम्मान ।

स्थानीय स्तरमा जनप्रतिनिधि र सरकारी कर्मचारीहरू मानव बेचबिखन तथा ओसारपसारमा सामेल हुन नदिन निगरानी कडा गर्ने तथा त्यस्ता जनप्रतिनिधि तथा कर्मचारीलाई स्थानीय स्तरमै नैतिक तथा कानुनी कारवाहीको प्रक्रिया पनि स्थानीय र प्रदेश सरकारले अगाडि बढाउन सक्छन् । तीनै तहका सरकार, न्यायपालिका तथा व्यवस्थापिकाले पनि गलत गर्ने कर्मचारीलाई कुनैपनि प्रकारको छुट दिने वा संरक्षण गर्ने कार्य नगरी कारवाही गर्ने र राम्रो काम गर्नेलाई बिना भेदभाव पुरस्कृत एवं सम्मानित गर्ने पद्धति बसाल्नु पर्दछ ।

### ४.१.२५ स्थानीय सरकार तथा प्रदेश सरकारले स्थानीय स्तरमै सिपमूलक तालिम, शिक्षा र रोजगारको व्यवस्था गर्ने ।

मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करीको मूल कारण अशिक्षा, बेरोजगारी भएकाले स्थानीय सरकार तथा प्रदेश सरकारले स्थानीय स्तरमै सिपमूलक तालिम, शिक्षा र रोजगारको सुनिश्चितता गर्न सक्नुपर्छ । जसले गर्दा मानव बेचबखिन तथा ओसारपसार र मानव तस्करी नहोस्, एकपटक परेको मानिस फेरि समस्या थाहा पाएर पनि जान बाध्य नहोस् र एक पटक कानुनी कारवाहीमा परेको अभियुक्त फेरि त्यही काम गर्न उद्यत नहोस् । देशभित्र रोजगारी पाउन नसकेका कारण तथा वैधानिक बाटो अवरुद्ध भएपछि पनि नागरिकहरू अवैध बाटोबाट जसरी पनि जीवन नै दाउमा राखेर युरोप, अमेरिका जान्छन् भने यसलाई कसरी सम्बोधन गर्ने राज्यले सोच्नै पर्दछ । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका विभिन्न संरचनागत कारणहरू छन् । हाम्रो समाजले महिलाविरुद्ध खडा गरेका संरचनागत विभेद र कारणहरूले लैङ्गिक हिंसा बढाएको र यसले मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा मलजलको काम गरेकाले यसको निराकरण गर्नु तिनै तहका सरकार, नीति निर्माता, संसद, न्यायलय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र (उद्योगी व्यापारी) सबै लाग्नु जरुरी छ । यसका लागि मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रणमा बहुआयामिक प्रयास आवश्यक छ ।

### ४.१.२६ अध्ययनका क्रममा आएका निष्कर्ष र सुझावहरूमा संघीय व्यवस्थापिकामा गम्भिर बहस र छलफल हुनु जरुरी ।

माथि उल्लेखित सम्पूर्ण सुझावहरूमा संघीय व्यवस्थापिकामा गम्भिर बहस र छलफल हुनु जरुरी छ । संसदीय समितिहरूमा विषयगत छलफल हुनु जरुरी छ र सोही बमोजिम मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी ऐन, कानुन तथा नीति नियम, रणनीति र कार्ययोजनाहरू बनाउन जरुरी छ ।

## ४.२ राजनीतिक नेतृत्व तथा पदाधिकारी

### ४.२.१ अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण हुँदा राजनीतिक परिवर्तनप्रति नै प्रश्न उठ्ने भएकाले राजनीतिक नेतृत्वले दल र नेतृत्व पीडकको होइन पीडितका प्रतिनिधि हुन् भन्ने विश्वास दिलाउनु पर्ने र सोही बमोजिम काम गर्नुपर्ने ।

सुनबहादुर जस्ता अभियुक्त अदालती प्रक्रियामा पुगेर सजाय पाइसकेपछि पनि सजिलै छुट्नुले न्यायलय र सरकारमाथि प्रश्न त उठेकै छ, अझ राजनीतिक दल र यसका नेतृत्वमाथि पनि प्रश्न उठाइदिएको छ । राजनीतिक दलहरूले अदालतबाट सफाई पायो भन्दैमा दलमा स्थान दिने कि नदिने ? अझ टिकट दिएर जनप्रतिनिधि बनाउने कि नबनाउने ? सबैले सोंच्ने बेला भएको छ । एकातर्फ अदालतको फैसलामै प्रश्न उठिरहेको छ, अर्कोतर्फ अदालतले प्राविधिक रूपमा दिएको सफाईकै आधारमा उनीहरूलाई दलहरूले साथ दिन्छन् भने ती दलको सरकार भएका बेला प्रभावितले कसरी न्याय पाउँछन् ? यो महत्वपूर्ण प्रश्न हो । सुनबहादुर जस्तो काण्डका कारण अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण बढ्दै जाँदा जनताले विश्वास गरेर पठाएका जनप्रतिनिधिप्रति तथा उनीहरू मार्फत जनमतको बलमा आएको परिवर्तनप्रति नै प्रश्न खडा हुने गरेको छ । राजनीतिक दल यसका नेतृत्व र जनप्रतिनीधिले पीडितको संरक्षण गर्नुपर्ने हो, पीडकको होइन । तर कतिपय अवस्था उल्टो स्थिति देखिने गरेको छ । विगतका शासक पनि अभियुक्त र दलालहरूकै प्रभावमा पर्ने गर्थे र अहिलेका शासकलाई पनि उनीहरूले प्रभावमा पारेपछि प्रभावितहरूको मनमा प्रश्न उठ्ने गरेको छ, जनआन्दोलन, परिवर्तन, लोकतन्त्र, गणतन्त्र केका लागि ? यसकारण राजनीतक दलहरूले पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नियन्त्रणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नु पर्छ ।

जनताबाट चुनिएर राज्यका निकायहरूको पदाधिकारी हुँदा होस् वा राजनीतिक दलको पदाधिकारीका रूपमा रहँदा नेतृत्वहरूले सरकार, नागरिक समाज, सुरक्षा निकाय, न्यायालय वा व्यवस्थापिकाले गर्ने काममा सहजीकरण गरेर मद्दत गर्न सक्नुपर्छ । जसरी सरकार स्थानीय तहसम्म जोडिएको हुन्छ, त्यसैगरी राजनीतिक दलहरू पनि तल्लो तहसम्म जनतासँग जोडिएका हुन्छन् । तर समाचारहरूमा हेर्ने हो भने राजनीतिक दलहरूले पार्टीगत विचार तथा पहुँच र कतिपय अवस्थामा आर्थिक प्रभावका कारण प्रभावितको पक्षमा भन्दा अभियुक्तको पक्षमा लागेका पनि पाइन्छन् । यसैगरी, हरेक विषयलाई दलीयकरण गरेर हेर्ने गरेकाले पनि समस्या हुने गरेका विषय समाचारहरूमा विगत पाँच वर्षमा धेरैवटा आएका छन् । यसकारण राजनीतिक दलहरूले यी विवादहरूलाई चिर्न जरुरी छ । अर्कोतर्फ, आफ्नो केन्द्रदेखि वडा वा अझ त्योभन्दा तल्लो तहसम्म रहेको संयन्त्र मार्फत मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध जनचेतना लगायतका कार्यक्रम दलहरूले पनि ल्याउन जरुरी छ । निर्वाचनका बेला जनताका घर घरसम्म पुग्न सक्ने राजनीतिक दलहरू अन्य बेलामा पनि चाहने हो भने सजिलै नागरिकका घरघरमा गएर मानव बेचखिन तथा ओसारपसार र मानव तस्करीविरुद्ध कार्यक्रमहरू सञ्चालन गर्न, अभियुक्तलाई दण्डित गर्न तथा प्रभावितलाई न्याय दिलाउन र उनीहरूको पुनर्स्थापनामा दबाबमूलक रणनीतिहरू पनि अख्तियार गर्न सक्दछन् । समग्रमा भन्दा, राजनीतिक दलहरूले मानव बेचबिखन विरुद्धको राज्यको अभियानमा सरकार, कर्मचारी, सुरक्षा निकाय, न्यायालय, व्यवस्थापिका, नागरिक समाज लगायत सबैलाई सहयोग गरेर वा नेतृत्व गरेर पनि महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

### ४.२.२ बलात्कार, मानव बेचबिखन र तस्करी जस्ता गम्भिर मानव अधिकार उल्लंघनका फौजदारी घटनामा नागरिक समाज, जनप्रतिनिधि, प्रहरी प्रशासनले मिलेर मिलापत्र गराउने कार्य तत्काल बन्द गर्नुपर्छ ।

कोभिडको समयमा बलात्कार जस्तो घटनामा नागरिक समाज, जनप्रतिनिधि, प्रहरी प्रशासन मिलेर मिलापत्र गराउने, नगदी वा जिन्सी दिएर मिलाउन खोज्ने, जबरजस्ती बलात्कारीसँगै विवाह गराइदिने जस्ता समस्या देखिए । यसको परिणामस्वरुप कतिको हत्या भयो, कतिले आत्महत्या समेत गरे, कति पीडकले फेरि अर्को व्यक्तिलाई बलात्कार गरे । यसकारण यसतर्फ सचेत भएर जसरी सरकारले मिलापत्रमा कडा सजायको व्यवस्थासहित कानुनमा संशोधन गरेको छ, त्यसैगरी यसको पूर्ण पालनाको पनि आवश्यकता छ । यस्ता घटनामा, जनप्रतिनिधि, राजनीतिक दलका नेता, शिक्षक, डाक्टर, प्रहरी, सेना जस्ता घरबाहिरका अभिभावकनै सामेल भएका र घरभित्रका आफन्त बाबु, ससुरा, जेठाजु, छोराहरू समेत लैङ्गिक हिंसामा सामेल भएको देखिएकाले यसतर्फ माथिल्लो तहमै सैद्धान्तिक बहस, छलफल र नीति तथा कानुन निर्माणको आवश्यकता छ । तर जब माथिल्लो तहका व्यक्ति मन्त्री, सचिव, प्रहरी प्रमुख, सांसद सम्मिलित संसदीय वैठकमै बलात्कारलाई सामान्यीकरण गर्दै अभिव्यक्ति आउँछ र सबै मुक दर्शक हुन्छन्, तब समस्याको समाधान हुँदैन । त्यस विपरित अपराध झन् बढ्छ कि भन्ने उकुसमुकुसको अवस्था आउँदछ ।

## ४.३ प्राकृतिक प्रकोप, बिपद् वा महामारीमा विशेष सवेदनशीलता

### ४.३.१ प्राकृतिक प्रकोप, बिपद् वा महामारीमा विशेष संवेदनशीलता अपनाएर महिला, बालबालिका लगायतका सङ्कटासन्न समुदायमा हुनसक्ने सम्भावित जोखिम एवं हिंसाका बारेमा छलफल र तयारी

प्राकृतिक प्रकोप वा बिपद् र कोभिड-१९ जस्ता महामारी समय समयमा आइरहन सक्छन् । यस्ता समयमा हुन सक्ने जोखिम न्यूनीकरण गर्न पूर्वतयारी गर्नुपर्छ भन्ने सैद्धान्तिक मान्यता हो । नेपालले यसतर्फ सचेत भएर विभिन्न तयारीहरू पनि गरिरहेको छ । तर यस्ता समयमा हुनसक्ने सामाजिक अपराध र महिला बालबालिका लगायतका सङ्कटासन्न समुदायमा हुनसक्ने सम्भावित जोखिम एवं हिंसाका बारेमा छलफल र तयारी एकदमै कम हुने गरेको छ । एटविनले लगातार गरिरहेको मिडिया अध्ययन तथा विश्लेषणले समेत यस विषयलाई पुष्टि

गरिसकेको छ। २०७२ सालमा आएको जस्तो विनाशकारी भूकम्प होस् वा जलवायु परिवर्तनको प्रभावका कारण समय समयमा आउने बाढी, पहिरो, खडेरी, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, चक्रवात वा तुफान लगायतका प्राकृतिक बिपद् यस्तो समयमा सामाजिक अपराध र लैङ्गिक हिंसा बढेको तथा असुरक्षित आवागमनका कारण मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढेको विगतको अध्ययनले समेत देखाएको छ। कोभिड-१९ अर्थात् कोरोना जस्ता महामारीका बेलामा पनि सामाजिक अपराध र लैङ्गिक हिंसा तथा असुरक्षित आवागमनका कारण मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बढेको देखिएको छ। यो अध्ययनमा नसमेटिएका सञ्चार माध्यमका समाचारहरू, रिर्पोटिङ नभएका घटना अझ कति धेरै होलान्। त्यसकारण तथ्याङ्कगत हिसाबले पनि यस्ता प्राकृतिक बिपद् र महामारीमा सबै पक्षले सचेतता अपनाउनु पर्ने र पूर्वतयारी गर्नु जरुरी छ।

### ४.२.२ कोरोना जस्ता महामारीको समयमा घरभित्रै बस्नुपर्दा महिला र बालबालिकामाथिको जोखिम अझ बढेकाले यस्तो अवस्था थप संवेदनशील

कोरोना महामारीको समयमा लकडाउनका कारण मानिसको आवतजावत समेत ठप्प थियो। त्यो बेलाका समाचार अध्ययन गर्दा प्रायः सबै किसिमका लैङ्गिक विभेदमा आधारित हिंसाका घटना भएको देखिएको छ। यसकारण के भन्न सकिन्छ भने, सामान्य अवस्था होस् वा विशेष अवस्था, सबै किसिमका हिंसा भइरहेका छन् र विशेष अवस्थामा झन् बढी हिंसा भएका छन्। अझ घरभित्र मात्रै बस्नुपर्ने अवस्थामा महिला र बालबालिकामाथिको जोखिम अझ बढेको पाइयो। पीडकहरू आफन्त र चिनेजानेकै मानिस धेरै हुने तथा यो बेलामा गाँस, बास, कपासको समस्या झन् बढी हुने भएकाले पीडकहरूले उनीहरूको बाध्यताको फाइदा उठाइरहेको पनि पाइयो। एकातिर महामारीमा महिलाहरूको कामको बोझ बढ्को तनाव, अर्कोतर्फ पीडकहरूको रोजगारी गुमेको तथा अन्य तनावको सामना पनि महिलाहरूले नै गर्नुपर्ने अवस्था आयो। चौबिसै घण्टा पीडकहरूसँगै वा उनीहरू वरिपरि हुँदा शारीरिक सँगसँगै मानसिक पीडा पनि थपिएको पाइयो। अर्कोतर्फ कोभिड महामारी, भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक बिपद्पछिको अवस्थामा असुरक्षित स्थानागमन बढ्ने एवं बेचबिखन तथा तस्करीको जोखिममा पर्ने गरेकाले तीनै तहका सरकार अझ विशेष गरेर स्थानीय सरकारले यस विषयमा ध्यान दिन जरुरी छ। आफ्नो पालिकामा रहेका नागरिकहरूको पूर्ण विवरण राख्ने, बिपद्का बेलामा जोखिमबाट प्रभावित नागरिकका समस्यालाई तत्कालन सम्बोधन गर्ने हो भने महामारी वा बिपद्पछिको असुरक्षित स्थानागमन रोक्न सकिन्छ र यसले मानव बेचबिखन तथा ओसारपसारको जोखिमलाई घटाउँदछ। यसमा सर्वोच्च अदालतले कोरोना महामारीलाई महिला तथा बालबालिकाका लागि छाँया महामारी भन्दै गरेको फैसला र त्यसमा सरकारलाई दिएको निर्देशन पालना हुनु एकदमै जरुरी छ।

### ४.२.३ महामारीको समयमा विदेशमा काम गर्न जानेहरू रोजगारी गुम्ने र बासस्थानबाट निकालिने तथा घर फर्कन नपाउने समस्यामा सम्बोधन गर्न पूर्वयोजना र पूर्वतयारी

महामारीको समयमा विदेशमा काम गर्न जानेहरू रोजगारी गुम्ने र बासस्थानबाट निकालिने तथा घर फर्कन नपाउने समस्यामा पर्ने देखिएको छ। यसकारण पूर्वयोजना वा तयारीको आवश्यकता अत्यधिक छ। यसैगरी, आवश्यक परेका बेला तत्काल खटिने गरी चुस्त घर फिर्ती तथा उद्धार योजना तथा कार्यदल सरकारले पहिल्यै बनाएर राख्नुपर्ने हुन्छ। अर्कोतर्फ उद्धार गरेर वा कुनै जोहो गरेर उनीहरू घर फर्किन चाहे पनि नेपाल प्रवेश गर्न समस्या भयो। यस्तो अवस्था दोहोरिन नदिन नेपाल सरकारको कुटनीतिक प्रयास तथा घरफिर्ती योजना चुस्त हुनु आवश्यक छ। यसैगरी, उद्धार गरिएकालाई महामारीका कारण सिधै घर पठाउन समस्या हुने भएकाले व्यवस्थित होल्डिङ सेन्टर वा क्वारेन्टाइनहरूको आवश्यकता देखियो। यस्ता स्थानहरू व्यवस्थित नहुँदा झन् बढी हिंसा, बलात्कार र हत्यासम्मका घटना हुनेगरेको पनि पाइयो। एकातर्फ मृत्यु भएका व्यक्तिहरूको लाश बेवारिसे

हुने जस्ता समस्याहरू पनि देखियो भने अर्कोतर्फ क्वारेन्टाइनमा बसेर वा बस्न नपाए पनि घर फर्किएकाहरूलाई परिवार र समाजले दुर्व्यवहार गर्ने भएकाले सचेतना कार्यक्रमको पनि आवश्यक देखियो । तर तीनै तहका सरकारले महामारीका बेला बनेको यस्ता संरचनाको संरक्षण गर्न सकेका छैनन् ।

विदेशमा उद्धार तथा सुरक्षाको कुरा गर्दा भारतमा काम गर्न जाने कामदारहरू नेपाल सरकारको वैदेशिक रोजगारको मापदण्डमा नपर्ने विडम्बना पनि कोभिड-१९ को समयमा देखियो । तेस्रो मुलुकमा काम गर्न जानेहरूलाई सरकारले ढिलै भएपनि उद्धार गरेर काठमाडौँ ल्याई क्वारेन्टाइनमा राख्यो भने भारतमा काम गर्न जानेलाई वेवास्ता गऱ्यो । बल्लतल्ल सीमानामा आइपुगेकालाई देशभित्र छिर्न बन्देज लगायो । यस्तो नागरिक-नागरिक बिचको विभेद वा दोहोरो मापदण्ड कसैलाई पनि स्वीकार्य हुदैन । यसकारण यसतर्फ नेपाल सरकार गम्भिर हुनु जरुरी छ ।

हिंड्डुल समेत बन्द हुने यस्ता महामारीका बेला पनि चुस्त सेवा कसरी दिने, घर घरसम्म पुगेर लैङ्गिक लगायतका हिंसा कसरी कम गर्ने वा हुन नदिने भन्ने तयारी पनि सरकारले गर्नु जरुरी छ । अर्कोतर्फ यस्तो बेलामा धेरै मानिस इन्टरनेटमा हुने भएकाले सामाजिक सञ्जाल लगायतका सञ्जाल मार्फत हुने हिंसा तथा दुर्व्यवहार एकदमै बढेको पाइयो । त्यसकारण यसमा पहुँच पुऱ्याउने तथा सर्वोच्च अदालतको परमादेशमा उल्लेख भएको जस्तो डिजिटल सेवा दिन पनि सरकार, प्रहरी, प्रशासन सबै प्राविधिक रूपमा चुस्त दुरुस्त हुनु जरुरी छ । अझ बालबालिकाहरूको शिक्षा समेत अनलाइनमार्फत नै हुने भएकाले उनीहरू बढी समय इन्टरनेटमा हुन्छन् र जोखिमको सम्भावना झन बढी हुन्छ ।

## ४.४ पीडित/प्रभावित एवं समाज तथा समुदाय

### ४.३.१ राज्य र राज्य संयन्त्रबाट भइरहेका प्रयासलाई हरेक नागरिकले साथ दिने, कमी कमजोरी उजागर गरेर लगातार खबरदारी गर्ने तथा सतर्कता अपनाउने ।

राज्यले जतिसुकै राम्रो नीति, कडा कानुन बनाए पनि अथवा जतिसुकै राम्रा कार्यक्रमहरू ल्याए पनि व्यक्ति, समाज र प्रभावितले त्यसलाई नमानिदिएमा त्यसको कुनै अर्थ हुदैन । राज्यले एकातर्फ अपराधी र अपराधविरुद्ध लडिराखेको हुनुपर्छ । अर्कोतर्फ, नागरिकले पनि कतिपय अवस्थामा जानीजानी वा कतिपय अवस्थामा थाहा नपाइकन आफूलाई जोखिममा पार्दा राज्यलाई झन् गाह्रो हुन्छ । यहाँ सबै पक्षका लागि उल्लेख भएका सुझावहरू हरेक नागिरकका लागि पनि हुन् । यदि हरेक नागरिकले सतर्कता अपनाउने हो भने बेचबिखन तथा ओसारपसारको जोखिम कम हुन्छ ।

वैदेशिक रोजगारीमा जानेहरूले पनि मानव बेचबिखन तथा ओसारपसारको वृहत परिभाषालाई आत्मसाथ गर्दै यदि आफूमाथि अन्याय भएको छ भने समाजले के भन्छ भन्ने डरले ठगीमा मात्र उजुरी दिएर अपराध ढाकछोप गरी दलालहरूलाई नै मद्दत गर्नुको सट्टा दण्डित गर्न अग्रसर हुनुपर्छ । अर्कोतर्फ जानु अगाडि सम्पूर्ण विषयमा पूर्ण जानकारी लिनै पर्दछ भने राज्यले निषेध गरेको स्थान वा बाटोबाट दलालको लहैलहैमा लागेर कुनै पनि हालतमा जानु हुदैन । मानव बेचबिखन तथा ओसारपसार एवं श्रम शोषणमा परेकालाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन आउनै पर्दछ । अभियुक्तहरू छाती फुलाएर खुल्लमखुल्ला घुम्ने र पीडित/प्रभावित लुकिलुकी हिड्नुपर्ने अवस्थाको अन्त्य हुनै पर्दछ ।

प्रभावितहरू राज्यले तोकेको भन्दा फरक तरिका अपनाएर विदेश जाँदा पनि समस्या हुने गरेको छ । प्रभावितहरू अपरिचित व्यक्तिको लहैलहैमा लाग्ने, सामाजिक सञ्जालमा अपरिचित मानिसलाई साथी बनाउने गर्दा पनि

समस्या हुने गरेको छ । यसकारण यी सबै कुरामा प्रभावितहरू सचेत हुनै पर्दछ । अर्कोतर्फ, समाजले पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । हरेक समाज, सामाजिक समूह तथा संघसंस्थाहरूले पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध सचेतना र कानुनी कारवाहीका लागि भूमिका खेल्न सक्छन् । समाजको गलत रवैयाका कारण प्रभावितको पुनर्स्थापनामा समस्या हुने गरेको छ । त्यसकारण यहाँ समाजको सकारात्मक भूमिका वा हस्तक्षेपको खाँचो छ । कतिपय अवस्थामा समाज दलाल वा अपराधिको प्रभावमा परेर मुद्दा मिलाउने वा प्रभावितलाई नै गलत साबित गर्ने भूमिकामा समेत लागेको देखिएकाले भूमिका सच्याउन पनि जरुरी छ । अहिले विशेष गरेर हरेक समाज र हरेक घरबाट शिक्षा वा रोजगारीका लागि विदेश गइरहेकाले समाजले यसभित्रका विकृतिविरुद्ध घरघरमा पुगेर सामाजिक अभियान सञ्चालन गरी राज्यलाई सघाउन पनि सक्दछ ।

## ४.५ नागरिक समाज संस्था/गैरसरकारी संस्था र निजी क्षेत्र

### ४.५.१ नागरिक समाज संस्था/गैरसरकारी संस्थाहरूले सहयोग र दबाब दुबै भूमिकामा शसक्त रूपमा काम गर्न जरुरी ।

मानव बेचबिखन तथा ओसारपसार रं मानव तस्करी नियन्त्रयणका लागि नेपालमा अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाको भूमिका एकदमै महत्वपूर्ण छ । नागरिक समाजको दबाबमूलक सुझावपछि नै नेपाल सरकारले धेरै सन्धि महासन्धि तथा अभिसन्धिहरूमा हस्ताक्षर एवं अनुमोदन गरेको छ । मानव बेचबिखन तथा ओसारपसारविरुद्ध लगातार कार्यक्रम सञ्चालन गर्नु, गाउँगाउँ, सीमा नाका तथा विदेशसम्म पुगेर सचेतना फैलाउनु, देशका नाकाहरूमा कार्यालय राखेर पहरा दिनु, प्रभावितको न्यायमा पहुँचका लागि सडकदेखि सदनसम्म, वडादेखि संघीय सरकारसम्म दबाव सिर्जना गर्ने काम पनि गैससहरूले गरिरहेका छन् भने अभियुक्तहरूलाई सुरक्षा निकाय तथा अदालतसमक्ष खडा गराउन पनि सफल भएका छन् । गैससहरूले सरकारसँग मिलेर वा आफै पनि पुनर्स्थापना गृह सञ्चालन गरेर तथा प्रभावितका लागि कानुनी, मनोवैज्ञानिक तथा मनोसामाजिक परामर्श पनि सञ्चालन गरिरहेका छन् । यस्ता कार्यमा गैससहरूले अन्य कुनै किसिमको सहयोग नभए पनि सरकार र समाजबाट सकारात्मक सोचको मात्र पनि अपेक्षा राखेका हुन्छन् । यसकारण नागरिक समाज संस्था/गैरसरकारी संस्थाहरूले सहयोग र दबाब दुबै भूमिकामा सशक्त रूपमा काम गर्न जरुरी छ । यसमा एटविन लगायतका सञ्जालहरूको पनि धेरै ठुलो योगदान छ । यस्तो सञ्जाल र गैससका गतिविधिहरूलाई अझै बढाउनसके अझ राम्रो परिणामको अपेक्षा गर्न सकिन्छ ।

मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीविरुद्ध सक्रिय सञ्जाल एटविनले अहिले पनि निम्न विषयहरूमा सरकारको गम्भिर ध्यानाकर्षण गराइरहेको छ, जसले नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म यो अपराध नियन्त्रणका लागि धेरै कामहरू गर्न बाँकी छ -

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ तथा बालबालिका ऐनमा संघीय संरचना अनुसार शंसोधन हुनुपर्ने,

- मानव बेचबिखनविरुद्ध नयाँ राष्ट्रिय नीति निर्माण हुनुपर्ने,
- मनोरञ्जन क्षेत्र लगायतका आन्तरिक बेचबिखनको जोखिम क्षेत्रको नियमित अनुगमन गरिनुपर्ने,
- भारतबाट पटक पटक ठुलो सङ्ख्यामा सामूहिक उद्धार गरिएका घटनाको अध्ययन तथा जाँचबुझ गरिनुपर्ने,

- मानव बेचबिखनबाट प्रभावितको उद्धार तथा स्वदेश फिर्तीसम्बन्धी कार्यविधि/निर्देशिकाको निर्माण हुनुपर्ने ।

कतिपय अवस्थामा गैससका पदाधिकारी वा कर्मचारी नै पनि मानव बेचबखिन तथा ओसारपसारमा लाग्ने गरेका समाचार आउने गरेका छन् । यसकारण गैससहरूले यसलाई गम्भिरतापूर्वक लिई आफैभित्र शुद्धीकरणको अभियान सञ्चालन गर्न पनि जरुरी छ । गैससहरूले दाताको सहयोगमा छोटो समयका लागि परियोजनामा आधारित कार्यक्रम मात्र सञ्चालन गर्दछन् । तर मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करी नियन्त्रणका लागि निरन्तरको कार्यक्रम आवश्यक भएकाले गैससले पनि परियोजनालाई निरन्तरता दिन जरुरी छ । मुख्य विषय गैससहरू सरकारका सहयात्रीका रूपमा स्थापना भएकाले खबरदारीका साथसाथै सरकारी नीति नियम र निर्देशिका एवं कानुनहरू पालना गरेर काम गर्न जरुरी छ । संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि (UNTOC) अन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू.एन. प्रोटोकल अर्थात् पार्लेमो प्रोटोकल संसदबाट अनुमोदनका पछाडि गैससहरूको पनि निकै ठुलो भूमिका छ ।

### ४.५.२ निजी क्षेत्रले बढी भन्दा बढी रोजगारी सिर्जना गर्न, श्रमिकहरूको श्रमको सम्मान गर्दै वैधानिक रूपमा काममा लगाउन तथा सामाजिक उत्तरदायित्व अन्तरगत प्रभावितहरूलाई सहयोग गर्न आवश्यक

उद्योग वाणिज्य क्षेत्रका संस्थाहरू लगायत निजी क्षेत्रले पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी एवं असुरक्षित स्थानागमन रोक्न महत्वपूर्ण भूमिका खेल्नुपर्छ । मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको मुख्य कारणमध्ये एक स्वदेशमा रोजगारीको अभाव तथा राम्रो रोजगारीको खोजीमा निस्कनु रहेको छ । यसकारण उद्योग वाणिज्य क्षेत्रले स्वेदशमा रोजगारी सिर्जनामा गम्भिर भएर लाग्नु जरुरी छ भने रोजगारी दिएकालाई पनि नियुक्ती पत्र, न्युनतम पारिश्रमिक वा पर्याप्त पारिश्रमिक दिनु पर्दछ । यसैगरी, उनीहरूको रोजगारीको सुरक्षा, रोजगारीको समयमा व्यक्तिगत सुरक्षा र रोजगारीपछि उनीहरूको सामाजिक सुरक्षाका वैधानिक संयन्त्रहरू प्रयोग गर्न पनि निजी क्षेत्रले कञ्जुस्याइँ गर्नु हुदैन । यसका साथसाथै निजी क्षेत्रले कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तगरत मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट प्रभावितहरूको आर्थिक, सामाजिक तथा मनोसामाजिक उन्नयनमा विभिन्न सामाजिक कार्य गर्न सक्दछन् भने रोजगारीको पहिलो प्राथमिकतामा यस्ता प्रभावितहरूलाई राख्नु पनि पर्दछ ।

## ४.६ सञ्चार माध्यम, प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघ

### ४.६.१ सञ्चार माध्यमले निरन्तर फलोअप गर्दै समाचार प्रकाशन, प्रशारण गर्ने मानव बेचबिखन र तस्करीका विषयमा खोज अनुसन्धानमूलक सामग्री तयार पार्ने तथा यसका नयाँ नयाँ आयामहरूलाई उजागर गर्ने ।

यो अध्ययन र अध्ययनको विषयवस्तु तथा माथि उल्लेखित सुझावहरूका सम्बन्धमा सञ्चार माध्यमले निरन्तर फलोअप गर्दै समाचार प्रकाशन, प्रशारण गरेर यो अपराध न्यूनीकरण तथा जनचेतना जगाउन मद्दत गर्न सक्छ । सञ्चार माध्यम आफैले सजाय दिने कार्य नगर्ने भएता पनि अपराधीलाई अदालतको कठ्घरासम्म उभ्याउन मद्दत गर्न सक्छ । यसका लागि घटना केन्द्रित समाचारका साथसाथै यो विषयमा निरन्तर सामग्री प्रकाशन प्रशारण गर्नु आवश्यक छ । यो विषयमा सरकारी, गैरसरकारी संस्था तथा नागरिक स्तरबाट भइरहेका कामहरूको विवरण प्रकाशित गर्न सकेमा पनि यस क्षेत्रमा लाग्नेहरूलाई प्रोत्सहन मिल्न सक्छ भने अभियुक्तहरू हतोत्साही हुन सक्छन् । संवाददाताहरूलाई यी विषयमा प्रशिक्षण र तथ्य तथ्याङ्क सङ्कलनमा लगानी गरेर पनि सञ्चार माध्यहरूले सार्थक समाचारहरू दिन सक्छन् ।

कतिपय अवस्थामा विषयहरू सञ्चार माध्यममा आएपछि मात्र राज्य संयन्त्रको जानकारीमा आउँदछ । यसैगरी, सञ्चार माध्यमले राज्यका योजना, रणनीति, नीति, नियम तथा कानुनहरू, कार्यक्रमहरू जनतासम्म र जनताका इच्छा आकाङ्क्षा र समस्याहरू राज्यसम्म पुऱ्याएर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा मद्दत गरिरहेका छन् । यो भूमिकालाई सञ्चार माध्यमले गम्भिरतापूर्वक लिई सामाजिक उत्तरदायित्व पूरा गर्न पनि जरुरी छ ।

सञ्चार माध्यमका कारण नै मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी यौनशोषणका लागि मात्र हुन्छ भन्ने भ्रम तोडिएको छ भने मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी वैदेशिक रोजगार र उच्च शिक्षाका आडमा पनि हुने गरेको विषय बाहिर आएका छन् । देशभित्र मानव बेचबिखन तथा ओसारपसार हुन्छ, बालगृहका नाममा केटाकेटी बेचिन्छन्, महिनौँ लगाएर अमेरिका लगायतका देश लैजान मानव तस्करी हुन्छ भन्ने विषय पनि सञ्चार माध्यमकै कारण बाहिर आएका हुन् । घटनाप्रधान वा दिवसका सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीका समाचार दिने पुरानो पद्धतिमा परिवर्तन ल्याएर सञ्चार माध्यमहरूले अन्य समयमा विस्तृत रिर्पोट तयार पार्ने गरेका छन् । तर सञ्चार माध्यमहरूले धेरै कम समाचारको मात्र निरन्तर फलोअप गरेको पाइन्छ । मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करी नियन्त्रणलाई सञ्चार माध्यमले अझै पनि समाचारको विषयभन्दा माथि सामाजिक दायित्वका रूपमा लिन सकेका छैनन् ।

मनव बेचबिखन तथा ओसारपसार, मानव तस्करी जस्तो संवेदनशील विषयमा रिर्पोटिङ गर्न पत्रकारहरूको क्षमता अभिवृद्धि गर्नु जरुरी छ । यसैगरी, यस्ता समाचारलाई प्राथमिकता दिन, निरन्तर फलोअप गरेर समाचार प्रकाशन गर्न, घटना भएका बेला मात्र नभई अन्य समयमा पनि यसका बारेमा सूचना जानकारी दिने तथा जोखिमका बारेमा सचेत गराउने सामग्री तयार पार्न जरुरी छ । कतिपय अवस्थामा सञ्चार माध्यम आफैले सबैभन्दा धेरै समस्या भएका स्थानहरूसम्म पुगेर खोज अनुसन्धानमूलक समाचार मार्फत यर्थाथ तथ्य बाहिर ल्यान सकेमा यसले नीति निर्माण, न्याय प्राप्ति, क्षतिपूर्ति, पुनर्स्थापना लगायतका विषय सम्बोधनमा मद्दत गर्न सक्दछ । यसैगरी, सञ्चार माध्यमले मानव बेचबिखन तथा ओसारपसार र तस्करीमा देखिएका नयाँ नयाँ आयामहरू तथा प्रवृत्तिहरू पनि उजागर गर्नुपर्छ, जसले गर्दा सरकारले यस्ता नयाँ नयाँ आयामहरूलाई सम्बोधन गर्न सकोस् ।

### ४.६.२ सञ्चार माध्यम, प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघले आचारसंहिताको पूर्ण पालना गराउन, पालना भए नभएको अनुगमन गर्दै प्रभावितको गोपनियताको हकको उच्च सम्मान गर्दै पीडकलाई सजाय दिलाउने सार्थक प्रयास गर्ने ।

सञ्चार माध्यमले आचारसंहितको पालना भने शतप्रतिशत गर्नु पर्दछ । पाँचै वर्षको अध्ययनमा हरेक वर्ष आचारसंहिता उल्लङ्घन भएका धेरै समाचारहरू फेला परेका छन् । आचारसंहिता पालनाका लागि प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघले पनि जागरुकता देखाउन आवश्यक छ । किनकि, आचारसंहिता पालना नगरी समाचार प्रकाशन प्रशारण गर्दा कतिपय अवस्थामा प्रभावितहरू थप जोखिममा पर्ने गरेका छन् ।

## ४.७ अध्ययनको दायरा बढाउनुपर्ने

### ४.७.१ राज्यकै सक्रियतामा मानव बेचबिखन तथा मानव तस्करीका घटनाको अध्ययन अनुसन्धान तथा तथ्य तथ्याङ्क सङ्कलन र गैरसरकारी क्षेत्रबाट पनि प्रत्यक्ष अनुसन्धान आवश्यक ।

एटविन मार्फत हरेक वर्ष गरिने यो अध्ययनमा सुरुका वर्षहरूमा यौनशोषणका लागि मानव बेचबिखन तथा ओसारपसारका समाचार धेरै थिए । तर विस्तारै यसमा वैदेशिक रोजगारका क्रममा मानव बेचबिखन र मानव तस्करी बढ्दै गएको छ । वैदेशिक रोजगार र उच्च शिक्षाका आडमा विदेश लैजादा यौनशोषणमा जस्तो लुकाईछिपाई नभई (प्रतिबन्धित मुलुकमा बाहेक) पासपोर्ट बनाएर भिसा सहित लैजाने हुँदा दलालहरूलाई सजिलो

भएको छ। यही कारण वैदेशिक रोजगारीका नाममा विदेश लगेर बेचबिखन गरेका घटनाहरू बढी आउन थालेका हुन् । अर्कोतर्फ, रोजगारीको खोजीमा निस्कनेमध्ये देशभित्रै हुने शोषण तथा बेचबिखनका विषयमा विस्तृत अध्ययन हुन सकेको छैन भने विदेशमा रोजगारीको खोजीमा निस्कने आकाङ्क्षी बढ्दै गर्दा घटनाका सङ्ख्या पनि बढ्दै गएको देखिएको छ। यसैगरी, घटना हुनासाथ पहिला जस्तो डरले लुकिछिपी बस्नेभन्दा बाहिर आउने उजुरी गर्ने अपराधीलाई दण्ड दिलाउन सक्रिय हुनेको सङ्ख्या बढेकाले पनि यस्ता घटना धेरै मात्रामा बाहिर आएको लगातारको अध्ययनले बताउँछ। यसकारण यसमा राज्यकै सक्रियतामा गम्भिर रूपमा तथ्य सङ्कलन र अध्ययनको जरुरी छ।

### ४.७.२ एटविनले यो मिडिया अध्ययन हरेक वर्ष गर्ने भएकाले यसको तथ्य तथ्याङ्क सङ्कलन र सङ्ख्यात्मक एवं विधागत रूपमा थप सञ्चार माध्यमसम्म पुगी अध्ययनको दायरा बढाउन जरुरी छ।

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी एकदमै संवेदनशील विषय भएकाले यसमा गैरसरकारी क्षेत्रबाट पनि प्रत्यक्ष अवलोकन, कुराकानी वा प्राथमिक तथ्याङ्क सङ्कलन गरेर अनुसन्धान गर्न सकेमा एकदमै प्रभावकारी हुनसक्छ। अर्कोतर्फ, सञ्चारका सबै विधा र सङ्ख्यात्मक रूपमा पनि बढीभन्दा बढीलाई समेट्न सकेमा अध्ययनको दायरा अझ फराकिलो हुन सक्छ। अध्ययनको दायरा बढाउनु पर्ने विषय लगातार उठिरहेको छ। किनकि, अध्ययनको दायरा जति फराकिलो भयो त्यति नै बढी नमूना सङ्कलन हुन्छ र विषयवस्तु पनि धेरै समेटिन सक्छन्। यदि सरकारी पदाधिकारी, मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीविरुद्ध कार्यरत समूह, प्रभावित, अभियुक्त/दलाल, निजी क्षेत्रका उद्योगी व्यवसायी तथा सञ्चार माध्यमका व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी गर्न सकेमा यो अध्ययनबाट अझ विस्तृत जानकारी र समाधानका उपायहरू आउन सक्छन्। राज्यले कडाइ गर्दै जाँदा दलालहरू पनि नयाँ नयाँ तरिका, नयाँ नयाँ बाटो र प्रविधि प्रयोग गरेर ओसारपसार तथा बेचबिखन गरिरहेका छन्। यदि अध्ययनको दायरा फराकिलो नपार्ने हो भने हामीले समेटेका भन्दा धेरै घटना बाहिरै हुन सक्छन्। अध्ययनलाई यही स्वरूपमा राख्ने हो भने पनि सङ्ख्यात्मक एवं विधागत रूपमा थप सञ्चार माध्यमलाई समेटन जरुरी छ। पछिल्लो समयमा अनलाइन सञ्चार माध्यम एकदमै सशक्त हुँदै आएको छ। यसैगरी, विश्वकै सशक्त सञ्चार माध्यम टेलिभिजन (दृश्य माध्यम) लाई पनि समेट्न सके अझ राम्रो हुन्छ।

# प्रतिवेदन प्रस्तुति, छलफल र सञ्चारकर्मीसँग संवाद
## (Feedback Received from Media Persons)

प्रतिवेदन तयार भएपश्चात २०८० साल मङ्सिर ११ गते एटविनले आयोजना गरेको मानव बेचबिखन अन्त्यका लागि सञ्चारकर्मीसँग संवाद शीर्षकको कार्यक्रममा सञ्चार माध्यममा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी समाचार एवं समाचारमूलक सामग्रीहरूको पाँच वर्षे तुलनात्मक अध्ययन, विश्लेषण प्रतिवेदन सहभागीहरू माझ प्रस्तुत गरी छलफल गरिएको थियो । छलफलमा आएका सुझावहरूलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- सञ्चार माध्यममा सङ्ख्यात्मक र भौगोलिक हिसाबले पनि दायरा फराकिलो बनाएर अध्ययन गर्नु आवश्यक । सीमित पत्रपत्रिका र अनलाइनलाई मात्र अध्ययनमा समेटिएकाले यसको विस्तृत अध्ययनका लागि सङ्ख्यात्मक रूपमा बढाउनुपर्ने र रेडियो र टेलिभिजनलाई पनि समेटिनु पर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसम्बन्धी विषयको विट लिएर काम गर्ने रिर्पोटर छैनन् । यसकारण सञ्चार माध्यमका सम्पादकहरूसँग अन्तरक्रिया गरेर यो विटमा मात्र काम गर्ने पत्रकार राख्न र यो विषयलाई प्राथमिकता दिन सुझाव दिनुपर्ने ।
- प्रतिवेदनले उजागर गरेका तथ्य र समस्याहरूको कारण हाम्रो काम गर्ने संयन्त्र कमजोर भएर हो । असुरक्षित र गैरकानुनी स्थानागमनले समस्या पारेको तथ्य आएको छ, यसको कारण यो विषयलाई परराष्ट्र, गृह, श्रम, महिला मन्त्रालय लगायत धेरैवटा निकायले हेरेर हो । एउटै संयन्त्र हुनुपर्‍यो ।
- राजनीतिक आडमा धेरै अपराध भएका छन् । समाचार लेख्ने रिर्पोटरलाई नै धम्क्याउने गरिएको छ । मानव बेचबखिन तथा ओसारपसार एउटा निकै गम्भिर अपराध हो, तर यसले प्राथमिकता पाउँदैन । राष्ट्रपतिले आम माफी दिंदा ज्यान मुद्दाका दोषीको विषयमा जति चर्चा भयो, मानव बेचबिखनको मुद्दामा जेलमा रहेका व्यक्ति रिहा भएकोमा चर्चा नै भएन । उनीहरू छुटेको छुटै भए । यसैगरी, प्रभावितको सामाजिक पुनर्एकीकरणमा जति काम हुनुपर्ने हो, त्यो हुन सकेको छैन । उनीहरूलाई एकदमै गाह्रो छ ।
- सञ्चार माध्यमले आचारसंहिता उल्लंघन गरेको तथ्याङ्क धेरै आयो । यसका लागि ति सञ्चार माध्यमलाई जिम्मेबार बनाउनु आवश्यक छ । जुन सञ्चार माध्यमले बढी उल्लंघन गरेको छ त्यो सँग छलफल गर्ने र प्रेश काउनीसलमा उजुरी दिने काम पनि गर्न सकिन्छ ।
- शक्तिको चलखेलका कारण अभियुक्तहरू राजनीतिमा लाग्ने र राजनीतिक दलहरूले उनीहरूको संरक्षण गर्ने कार्य भइरहेको छ । यी विषयलाई गम्भिरतापूर्वक उठान गर्नुपर्छ ।
- उच्च शिक्षाका आडमा मानव बेचबिखन तथा ओसारपसार बढिरहेको छ । यो विषय र यस भित्रको समस्याका बारेमा अध्ययन गरी बेलैमा सचेतता र सतर्कता अपनाउनु पर्‍यो ।
- सञ्चार माध्यमले नै सम्पूर्ण विषय बाहिर ल्याउने र यसमा नागरिक समाज संस्था र सरकार मिलेर काम गर्ने भएकाले सञ्चार माध्यम र यी संस्था बिच सुसम्बन्ध आवश्यक छ । सञ्चारकर्मीले समाचार मात्रै लेख्नेभन्दा पनि यो अमानवीय सामाजिक अपराधविरुद्ध सक्रिय भूमिका पनि निर्वाह गर्न आवश्यक छ ।
- प्रभावितहरूको संरक्षणमा धेरै काम भएको तथ्य आयो, तर के यो दिगो छ त ? एक पटक उद्धार भइसकेपछि त्यो प्रभावित फेरि त्यो क्षेत्रमा जानु नपर्ने गरी दिगो संरक्षण हुनु पर्‍यो ।
- मनोरञ्जन क्षेत्र र आन्तरिक बेचबिखनको समस्या प्राथमिकतामा नपरिरहेकोमा यो प्रतिवेदनले तथ्य तथ्याङ्क सहित विषय बाहिर ल्याएकाले अब पहिचानको समस्या समाधान भएको छ ।

मानव बेचबिखन नियन्त्रणका लागि सिमानाको सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रम सम्पन
एटविनद्वारा मानव बेचबिखन छापा समाचारको विश्लेषण
मानव बेचबिखन न्यूनीकरणमा सरकारी निकायको भूमिका' विषयक कार्यक्रम सम्पन्न
मानव बेचबिखनबाट प्रभावित व्यक्तिलाई स पुनर्स्थापनाको समस्या
मानव बेचबिखन न्यूनीकरणका लागि समन्वयात्मक भूमिका हुनुपर्ने
सम्झाैता:
मानव बेचबिखन तथा बाल यौन शोषण रोक्नेबारे छलफल
बेचबिखनद्वारा वेचबिखनका नयाँ आयाम पहिचानका लागी को ध्यानाकर्षण
एटविनद्वारा संचारकर्मीसँग अन्तरक्रिया
बिखन अन्त्यका लागि सञ्चारकर्मीसँगको सम्वाद' कार्यक्रम
वेनद्वारा वेचबिखनका नयाँ आयाम पहिचानका लागी को ध्यानाकर्षण
आज अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवस, विभिन्न कार्यक्रमक साथ मनाइँदै
मानव बेचबिखन विरुद्धको नीति योजना प्रभावहीन
मानव बेचबिखन न्यूनीकरणका लागि समन्वयात्मक भूमिका हुनुपर्ने
मानव बेचबिखन विरुद्धको नीति योजना प्रभावहीन
मानव बेचबिखन न्यूनीकरणमा सरकारी निकायको भूमिका' विषयक कार्यक्रम सम्पन्न
बेचबिखनमा परेकाको उद्धारमा कठिनाइ

Nine women rescued, two traffickers arrested

Himalayan News Service

Rautahat, July 24

Police in Rautahat rescued nine women who were being trafficked to different Gulf countries from Gaur customs point today.

Sanothi Reuti, 20, of Kathmandu, Sarita Chaudhary, 35, and Sita Pariyar, 22, of Dang and Bishnumaya Gurung of Chitwan, among others, were rescued by representatives of Little Hands Nepal and later handed over to the police along

that the women were being un fully trafficked to Gulf countr Lalan Yadav of the organisation formed.

Police have said the women to be taken to Gulf countries Kuwait and Oman via India.

The alleged women traffickers the name of Tej Kumar Shrestha Sanu Chepang of Chitwan, howe denied the charges.

Police have also seized copies of passports and necessary documents from the

विशेष

चीनमा दुलही तस्करी

Rescued boys handed over to parents

Minors had been forced into risky jobs in Indian cities

Traffickers arrested

अंग बेच्न हत्या, ६ आरोपित पक्राउ

हराएका महिला-बालिका किन फेला पर्दैनन् ?

Child trafficking rampant

Himalayan News Service

Rautahat, February 11

Trafficking of children from differ ent Terai districts to various Indian

Thakuri. However, the agents have fled the police net.

Development Nepal had rescued three children who were made to work in inhumane conditions in

आन्तरिक महिला बेचबिखन झनै जटिल

Human traffickers arrested from TIA

568 children rescued from Valley streets

तस्करीमा बालबालिका

नरबलि दिन भारत लैजाँदै गरेकी युवतीको उद्धार

'मानव बेचबिखन अन्तर्राष्ट्रिय संगठित कसुर'

According to a recent report, there are over 5,000 street kids

आफन्तबाट बेचिच्छन् छोरीचेली

Woman trafficker held after 28 years

KATHMANDU: The Anti-Human Trafficking Bureau of Nepal Police has arrested a suspect of human trafficking 28 years after the crime he allegedly committed. According to police, Ram Sharan Pandit, 68, of Changanarayan Municipality, Bhaktapur was arrested from Babarmahal, Kathmandu, on Monday. He was involved in trafficking two women to India and selling them to a Mumbai-based brothel. Officials informed that the firm had filed an FIR against Pandit with Kavbhanjyang in 1993 after they managed to escape from the chel. Pandit was found to have ur 17 years in Saudi Arabia and the raining period in various places of pal during the 28 years. Police said

मणिपुरबाट ३ नेपाली महिलाको उद्धार

महिला तस्करीको नयाँ बाटो

बालबालिका ओसारपसार थाहै पाउँदैनन् स्थानीय सरकार

Human trafficking laws need to be amended

ficking, has so far rescued 458 wome from being trafficked, as per data made public by the organisation in press conference in Kakadbhitta on Tuesday. The organisation informed that the rescues were conducted fro March 2016 to February this year fro near the eastern frontier of Kakadbhitta. Further, it also said that it had re

निलोफा किनबेच प्रकरण

निदान अस्पतालका सीईओसहित पाँच जेल चलान

भारतबाट १० बालकको उद्धार

मोडलिङको प्रलोभनमा झन्डै बेचिइन्

# वार्षिक तथा पाँच वर्षे विश्लेषण कार्यकमका झलकहरू